महाभारत गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
देवीटार, काभ्रेपलान्चोक
बागमती प्रदेश, नेपाल

महाभारत गाउँपालिकाको आवधिक योजना (२०८२/८३-२०८६/८७)

मितिः २०८२, अषाढ

संक्षिप्त रुप

आ .ब.	अर्थिक बर्ष
गा.पा.	गाउँपालिका
मे.ट	मेट्रिक टन
रु.	रुपैया
कृ.आ.यो	कृषि आवधिक योजना
कि मि.	किलो मिटर
के.त.वि	केन्द्रिय तथ्याङ्क बिभाग
GESI	Gender and Social Inclusion
IEE	Initial Environmental Examination
HDI	Human development Index
NHDR	Nepal Human Development Report
HIMS	Health Information Management System
EIMS	Education Information Management System

बिषयसुची

परिच्छेद १ परिचय १

१.१ पृष्ठभूमि १

१.२ योजना तर्जुमाका उद्देश्यहरु २

१.३ योजना तर्जुमा आधारहरू २

१.४ योजना तर्जुमा विधि तथा प्रक्रियाहरु ४

१.५ योजना तर्जुमाको सीमाहरु ८

परिच्छेद २ गाउँपालिकाको संक्षिप्त परिचय ९

२.१ परिचय ९

२.२ भौगोलिक तथा राजनीतिक अवस्था ९

२.३ जनसंख्या विवरण तथा बनौट १०

२.४ आर्थिक संरचना र जिवन प्रवृति ११

२.४.१ कृषि तथा सिंचाई ११

२.४.२ .पशुपालन १२

२.४.३ बैंक, सहकारी तथा वित्तिय क्षेत्र १२

२.४.४ श्रम तथा रोजगारी १२

२.५ सामाजिक आर्थिक अवस्था र रहनसहन १२

२.५.१ जातजाति र मातृ भाषा १२

२.५.२ शिक्षा १३

२.५.३ स्वास्थ्य १३

२.५.४ **खानेपानी** १४

२.५.५ शौचालयको प्रयोग तथा सरसफाई १४

२.५.६ जमीनको स्वामित्त र आवासको स्थिति १५

२.५.७ खाना पकाउने ईन्धन र वत्तीको प्रयोग १६

२.५.८ घरयासी सुविधामा पहुँचको अवस्था १७

२.५.९ अपांगताको अवस्था..... १८
२.६ भौतिक पूर्वाधारको अवस्था..... १९
२.७ भू-उपयोग..... २१
२.८ गाँउपालिकाको स्रोत परिचालनको अवस्था..... २२
२.९ गाँउपालिकाको संस्थागत क्षमता..... २२
२.१० गाँउपालिकाको विकासको समीक्षा..... २५
२.११ चुनौती तथा अवसर..... २६
२.११.१ बिकासका अवसरहरु..... २६
२.११.२ विकासका प्रमुख सम्भावनाहरु..... २८
२.११.३ विकासका प्रमुख समस्याहरु..... ३०
२.११.४ विकासका चुनौतीहरु..... ३२
परिच्छेद ३ समष्टिगत योजनाको अवधारणा..... ३६
३.१ पृष्ठभूमि..... ३६
३.२ योजना खाका..... ३६
३.३ व्ययको प्रवृति र प्रक्षेपण..... ३८
३.४ लगानी र स्रोत व्यवस्था..... ४०
परिच्छेद ४ आर्थिक क्षेत्र..... ४२
४.१ कृषि विकास..... ४२
४.२ उद्योग, वाणिज्य र आपूर्ति..... ४४
४.३ पर्यटन..... ४७
४.४ बैंक वित्तीय संस्था, सहकारी र ,समुदायिक वित्त..... ४८
४.५ आर्थिक विकासका प्रमुख कार्यक्रमहरु..... ५०
४.६ आर्थिक विकासको नतिजा खाका..... ५२
परिच्छेद ५ सामाजिक क्षेत्र..... ५७
५.१ जनसंख्या तथा बसाइँसराइ..... ५७

५.२ शिक्षा ५८
५.३ स्वास्थ्य तथा पोषण ६३
५.४ खानेपानी तथा सरसफाइ ६५
५.५ लक्षित समुदाय विकास ६८
५.६ सामाजिक विकासका प्रमुख कार्यक्रमहरु ७१
५.७ सामाजिक विकासको नतिजा खाका ७३
परिच्छेद ६ पूर्वाधार क्षेत्र ७७
६.१ सिंचाइ ७७
६.२ ऊर्जा ७९
६.३ सडक तथा यातायात ८२
६.४ सञ्चार तथा सूचना प्रविधि पूर्वाधार ८४
६.५ आवास तथा वस्ती विकास ८७
६.६ पूर्वाधार विकासका मुख्य कार्यक्रमहरु ८८
६.७ पूर्वाधार विकासको नतिजा खाका ९०
परिच्छेद ७ वन तथा विपद व्यवस्थापन ९३
७.१ विपद् व्यवस्थापन ९३
७.२ वन व्यवस्थापन ९५
७.३ जलवायु परिवर्तन अनुकुलन ९७
७.४ वन तथा विपद व्यवस्थापनका मुख्य कार्यक्रमहरु ९९
७.५ वन तथा विपद व्यवस्थापनको नतिजा खाका १०१
परिच्छेद ८ लोकतन्त्र, सुशासन र अन्तरसम्बन्धित विषय १०५
८.१ मानव अधिकार १०५
८.२ श्रम तथा रोजगारी १०६
८.३ प्राकृतिक स्रोत व्यवस्थापन १०८
८.४ मानव संशाधन विकास ११०

८.५ संस्थागत विकासका मुख्य कार्यक्रमहरु ११२
८.६ संस्थागत विकासको नतिजा खाका ११३
परिच्छेद ९ योजना तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन ११५
९.१ योजना तर्जुमा ११५
९.२ आयोजना बैङ्क ११५
९.३ संस्थागत तथा कार्यान्वयन व्यवस्था ११६
९.४ तहगत सम्बन्ध तथा अन्तरसरकार समन्वय ११८
९.५ जोखिम व्यवस्थापन ११८
९.६ अनुगमन तथा मूल्याङ्कन ११९
९.७ बार्षिक समिक्षा १२१

परिच्छेद १ परिचय

१.१ पृष्ठभूमि

नेपालको संविधानले व्यवस्था गरेको स्थानीय तहको अधिकार क्षेत्र एवं स्थानीय तह संचालन सम्बन्धि स्थानीय सरकार संचालन ऐन, २०७४ मा व्यवस्थित काम, कर्तव्य र जिम्मेवारीहरु स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७५ लगायत ऐनहरु अबलम्बन गरेर यो तर्जुमा तयार गर्न खोजिएको हो। स्थानीय सरकार संचालन ऐन, २०७४ अनुसार हरेक गाउँपालिका तथा नगरपालिकाले स्थानीय स्तरको विकासका निम्ति आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा आवधिक, वार्षिक, रणनीतिक क्षेत्रगत आवधिक योजना लागु गर्ने व्यवस्था रहेको पाईन्छ। यस प्रकारका योजना तर्जुमा गर्दा नेपाल सरकार र प्रदेश सरकारको नीति, लक्ष्य, समयसीमा र प्रक्रिया सँग अनुकुल हुने गरि तर्जुमा गर्नुपर्ने उल्लेख पनि गरिएको छ। यस योजनामा योजना तर्जुमा सम्बन्धि संवैधानिक व्यवस्था, विगतका प्रयास अवाम अभ्यास, उपलब्ध कार्यविधि तथा निर्देशिका, संघिय शासन व्यवस्था अन्नुसार ऐन तथा नियमले गरेको व्यवस्था तथा स्थानीय वस्तुस्थिति एवं आवश्यक तथा अत्यावश्यक पूर्वाधार तथा कार्यक्रमहरु आधार लिईने छ।

यसैगरी योजना तर्जुमा वातावरण, सुशासन, वालमैत्री, विपद व्यवस्थापन, जलवायु परिवर्तन अनुकुल, लैङ्गिक तथा सामाजिक समावेशीकरण जस्ता अन्तरसम्बन्धित विषयहरुलाई ध्यानमा राखेर गर्नू पर्ने व्यवस्था स्पष्ट गरि तोकिएको छ। प्राथमिकिकरण गर्नु पर्ने विषयहरु पनि तोकिएको र स्थानीय तहले कार्यसम्पादन गर्दा लागतलाई न्यूनीकरण, स्रोत साधनको अधिकतम उपयोग तथा प्रभावकारी सेवा प्रवाह सम्बन्धि व्यवस्था स्पष्ट उल्लेख गरेको पाईन्छ। सोहि व्यवस्था अनुसार उत्पादनमुलक तथा छिटो प्रतिफल दिने, गरिवी निवारण, जीवनस्तरमा दिगो सुधार, रोजगारीका, अवसरमा वृद्धि, समावेशी, जनसहभागितामा वृद्धि, दिगो विकास र स्थानीय संस्कृति संरक्षण जस्तो विषयलाई प्राथमिक रुपले जोड दिनुपर्ने देखिन्छ। नेपालको संविधान वमोजिम स्थानीय तहलाई प्राप्त अधिकार तथा कानुन बमोजिम स्थानीय तहको योजना तर्जुमा सम्बन्धि अधिकार र जिम्मेवारीलाई मनन् गरि संघीय शासन व्यवस्था अनुसार राज्यको पुनर्स्थापनापछि स्थानीय सरकारको रुपमा स्थापित यस महाभारत गाउँपालिका पहिलो प्रयासको रुपमा यस प्रथम आवधिक विकास योजनाको अध्यावधिक (२०८२/८३-२०८६/८७) तर्जुमा गरेको छ।

यस प्रथम आवधिक योजनाको अध्यावधिकको तर्जुमा प्रक्रियामा गाउँपालिकाको विकासको वर्तमान अवस्था अध्ययन तथा विश्लेषण गरी गाउँपालिकाको समष्टिगत विकास लागि दुरदृष्टि, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति तथा प्रमुख कार्यक्रम तर्जुमा गरिएको छ। यस योजनाले गाउँपालिकाको समग्र तथा योजनाबद्ध विकासका लागि गर्नुपर्ने कार्यको मार्गदर्शन तथा नतिजा अनुगमन र प्रभाव लेखाजोखाको लागि आधार प्रदान गर्नुका साथै आगामी ५ वर्षको मार्गचित्र तयार गरी त्यसका लागि श्रोत परिचालनको योजना समेत तय गरेको छ। यस आवधिक योजनाको आधारमा मध्यमकालिन खर्च संरचना र मध्यमकालिन खर्च संरचनाको

आधारमा बार्षिक बजेट तथा कार्यक्रम तयार गरी निर्धारित प्रक्रिया अनुसार बार्षिक योजनाको कार्यान्वयन, नतिजाको अनुगमन तथा प्रगति मापन एवम् असर र प्रभावको लेखाजोखा गरिनेछ।

१.२ योजना तर्जुमाका उद्देश्यहरु

गाउँपालिकाको नेतृत्वमा सरकारी, गैरसरकारी, सहकारी, समुदायमा आधारित संस्था तथा निजी क्षेत्रलाई एक स्थानमा ल्याई गाउँपालिकाको एकीकृत, व्यवस्थित र समष्टिगत विकास प्रक्रियालाई मार्गदर्शन गर्नु आवधिक विकास योजना तर्जुमाको मुख्य उद्देश्य हो। योजना तर्जुमाका विशिष्ट उद्देश्यहरू देहायअनुसार छन्:

- गाउँपालिकाको एकीकृत, नतिजामुलक र योजनाबद्ध विकासका लागि सम्बन्धित सरकारी, गैर सरकारी साझेदार तथा सरोकारवालालाई एकथलोमा ल्याई विकास प्रक्रिया र उपलब्धीमा साझा उत्तरदायित्व सिर्जना गर्ने।
- गाउँपालिकाको विकासको संभावना, समस्या तथा स्रोत परिचालनको विद्यमान स्थिति विश्लेषण गरी गाउँपालिकाबासी चाहानाअनुसार लक्ष्य, उद्देश्य, रणनीति र प्राथमिकता सहित विकास प्रारुप तथा नतिजा खाका तयार गर्ने।
- गाउँपालिकाको विकास प्रयासलाई मार्गदर्शन गर्ने तथा अपेक्षित नतिजा हासिल गर्ने नविन तथा प्रमुख कार्यक्रम र कार्यनीति तयार गर्ने।
- स्थानीय तहको विकासका प्रयास तथा कार्यहरु प्रक्रिया तथा नतिजाको अनुगमन तथा प्रभाव लेखाजोखा आधार तथा खाका तयार गर्ने।

१.३ योजना तर्जुमा आधारहरू

संघीय नेपालको संविधान अन्तर्गत मौलिक हक, राज्यका निर्देशक सिद्धान्त र नीति, स्थानीय तहको अधिकार, संघीय एवं प्रदेश नीति र कानून तथा स्थानीय नीति र कानून बमो जम स्थानीय तहको विकासको मार्गचित्र निर्माण गरिनुपर्ने हुन्छ। महाभारत गाउँपालिकाको यस प्रथम आवधिक विकास योजना देहायअनुसारका नीतिगत तथा कानूनी व्यवस्थालाई आधार लिई तर्जुमा गरिएको छ।

- नेपालको संविधान २०७२
- नेपाल सरकाबाट स्वीकृत संघ, प्रदेश र स्थानीय तहको अधिकारहरुको कार्यविस्तृतीकरण प्रतिवेदन
- स्थानीय सरकार संचालन ऐन, २०७४

- अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४
- संघ र प्रदेश सरकारले जारी गरेका विषयगत नीति, कानून तथा मापदण्ड (भूउपयोग नीति, कृषि विकास रणनीति
- पर्यटन नीति, वन तथा वातावरण ऐन, विद्यालय क्षेत्र सुधार योजना तथा १५ बर्षे स्वास्थ्य क्षेत्र रणनीति, वहुक्षेत्रीय
- पोषण योजना, बस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत निर्माण मापदण्ड आदी)
- नेपाल सरकारको दीर्घकालिन सोच, पन्ध्रौ राष्ट्रिय योजना (संघीय आवधिक योजना), बागमती प्रदेश सरकारको दोस्रो आवधिक योजनाको आधार पत्र
- नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय सरकारको मध्यमकालिन खर्च संरचना
- नेपाल सरकार, प्रदेश सरकारबाट राजस्व बाँडफाँड, वित्तीय समानीकरण, सशर्त अनुदान, समपुरक तथा विशेष अनुदान, स्थानीय आय (कर शुल्क, सेवा शुल्क तथा दस्तुर), जनसहभागिता आदी
- विकासका अन्तरसम्बन्धित (साझा) विषयहरु (लैंगिक समानता तथा समावेशीकरण, सुशासन, वातावरण तथा विपद् व्यवस्थापन, जलवायु परिवर्तन अनुकुलन आदी)
- नेपाल सरकार र प्रदेश सरकारको अवलम्बन गरेका आर्थिक नीतिहरु
- दीगो विकास लक्ष्यको राष्ट्रिय र प्रादेशिक मार्गचित्र
- दीगो विकास लक्ष्य (सन् २०१५—२०३०)
- नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय सन्धी सम्झौताहरु तथा नेपाल सरकारले अन्तराष्ट्रियस्तरमा जनाएका प्रतिवद्धताहरु नेपालको संविधानले संघ, प्रदेश र स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रको विषयमा कानून बनाउने, बार्षिक बजेट बनाउने, नीति तथा योजना तयार गर्ने र त्यसको कार्यान्वयन गर्ने व्यवस्था गरेको छ (धारा ५९ को उपधारा १)। संविधानको अधिकारको सूचीको अवस्था अनुसार नेपाल सरकारबाट स्वीकृत संघ, प्रदेश र स्थानीय तहको अधिकारहरूको कार्य विस्तृतीकरण प्रतिवेदनमा स्थानीय स्तरका आवधिक योजना र बार्षिक योजना तथा बजेट स्वीकृती सम्बन्धी कार्यलाई स्थानीय तहको कार्यसूचीमा सूचीकृत गरिएको छ। स्थानीय शासन संचालन सम्बन्धी संघीय कानून, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ६ को दफा २४ को उपदफा १ अनुसार गाउँ/नगरपालिकाले आफ्नो अधिकार क्षेत्रको भित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, बार्षिक र विषय क्षेत्रगत मध्यकालिन तथा दीर्घकालिन विकास योजना बनाई लागू गर्नुपर्ने व्यवस्था गरेको छ। यस प्रकार योजना बनाउदा नेपाल सरकार, प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समयसीमा र प्रक्रियासाग अनुकुल हुने गरी सुशासन, वातावरण, बालमैत्री, जलवायु परिवर्तन अनुकुलन,

विपद् व्यवस्थापन, लैंगिक तथा सामाजिक समावेशीकरण जस्ता अन्तरसम्बन्धित विषयहरूलाई ध्यान दिनु पर्ने व्यवस्था गरेको छ।

यसका अतिरिक्त स्थानीय सरकार संचालन ऐनले गाउँपालिका तथा नगरपालिकाले योजना तर्जुमा गर्दा देहायअनुसार गर्नुपर्ने व्यवस्थालाई यस आवधिक योजनामा समायोजन गरिएको छ।

- मध्यम तथा दीर्घकालिन प्रकृतिका आयोजनाहरुको सूची तयारी,
- योजना तर्जुमा प्रक्रियामा स्थानीय बृद्धीजिवि, विषयविज्ञ, अनुभवी, पेशाविद् , महिला, बालबालिका, दलित, युवा,अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, सीमान्तकृत तथा लोपोन्मुख समुदाय लगायतका सरोकारवालाको अधिकतम सहभागिता,
- कार्यक्रम र प्रमुख आयोजनाहरुको स्रोत साधनको पूर्वानूमान र योजना कार्यान्वयन तालिका तयार,
- योजनामा संघ तथा प्रदेश सरकारबाट संचालन गर्न आवश्यक आयोजना कार्यक्रमलाई अवसरको रुपमा समावेश
- आवधिक योजनामा आधारमा वार्षिक योजना तर्जुमा गर्दा आयोजनाको संभाव्यता अध्ययन, अनुसन्धान तथा प्रभाव मूल्याङ्कनलाई कार्यनीतिमा समावेश
- गाउँपालिकामा गैर सरकारी संस्था, उपभोक्ता समिति, सहकारी संस्था र सामुदायिक संस्थाले संचालन गर्ने तथा साझेदारीमा संचालन हुने आयोजना, कार्यक्रम तथा लगानी समेतलाई योजनामा संलग्न
- नेपाल सरकारको स्वीकृति बमोजिम विकास साझेदार तथथा अन्तरराष्ट्रिय गैर सरकारी संस्थाबाट गाउँपालिकामा संचालन भएका तथा हुने कार्यक्रम तथा लगानीलाई योजनामा मध्यनजर तथा समावेश संवैधानिक व्यवस्था तथा स्थानीय सरकार संचालन सम्बन्धी संघ र प्रदेश कानूनका अतिरिक्त स्थानीय तहको आवधिक योजना तर्जुमा प्रक्रियामा गाउँपालिकाको सन्दर्भमा उपयुक्त हुने नीतिगत तथा कानूनी व्यवस्थालाई समस्थानीयकरण गरी आधारको रुपमा अपनाइएको छ

१.४ योजना तर्जुमा विधि तथा प्रक्रियाहरु

आवधिक योजना तयारी तथा कार्यशाला गोष्ठी

गाउँ तथ्यांक समावेश गरि आवधिक विकास योजना तर्जुमा कार्यशाला गोष्ठीको आयोजना गरियो। गोष्ठीमा वस्तुस्थिति विवरण, आधार सूचनाको आधारमा विषयगत वस्तुस्थिति विश्लेषण, योजनाको नतिजा, कार्यान्वयन कार्यपालिकाको आयोजना र नेतृत्व तथा विषयक्षेत्र योजना तर्जुमा समितिहरुको संयोजनमा आवधिक विकास योजना तर्जुमा कार्यशाला गोष्ठीको आयोजना गरियो। गोष्ठीमा वस्तुस्थिति विवरण, आधार सूचनाको आधारमा विषयगत वस्तुस्थिति विश्लेषण, योजनाको नतिजा, कार्यान्वयन योजना, विषय क्षेत्रगत लक्ष्य तथा उद्देश्य हासिल गर्ने रणनीति तथा अपेक्षित प्रतिफल हासिल गर्न अवलम्बन गर्ने कार्यनीति तर्जुमा गरियो। यसका साथै

कार्यशालामा गत आर्थिक बर्षहरुमा उपलब्ध स्रोतको आधारमा आवधिक योजनाको अवधिमा गाउँपालिकाको आन्तरिक स्रोत, राजस्व बाडफाटबाट प्राप्त राजस्व, संघ तथा प्रदेश सरकारबाट प्राप्त हुने अनुदान समेत अन्य विभिन्न स्रोतबाट प्राप्त योजना, विषय क्षेत्रगत लक्ष्य तथा उद्देश्य हासिल गर्ने रणनीति तथा अपेक्षित प्रतिफल हासिल गर्न अवलम्बन गर्ने कार्यनीति तर्जुमा गरियो। यसका साथै कार्यशालामा गत आर्थिक बर्षहरुमा उपलब्ध स्रोतको आधारमा आवधिक योजनाको अवधिमा गाउँपालिकाको आन्तरिक स्रोत, राजस्व बाडफाटबाट प्राप्त राजस्व, संघ तथा प्रदेश सरकारबाट प्राप्त हुने अनुदान समेत अन्य विभिन्न स्रोतबाट संकलन गरियो।

वस्तुस्थिति विश्लेषण

राष्ट्रिय जनगणना २०७८ को प्रतिवेदन, स्थानीय तह सम्बन्धी जानकारी पुस्तिका, कृषि गणना र गाउँपालिकाबाट संचालिन कृषि सर्वेक्षण लाई प्रमुख आधार मानी गाउँपालिकाको वस्तुस्थिति विवरण तयार गरियो। वस्तुस्थिति विवरणमा गाउँ कार्यापालिका कार्यालय, विषयगत शाखा, वडा कार्यालय, स्थानीय संघ, संस्था र समूहबाट प्राप्त सूचना तथा अन्य द्वितिय स्रोतबाट उपलब्ध सूचना समावेश गरियो। यस आवधिक योजना तर्जुमा प्रक्रियामा अन्तर्गत वस्तुस्थिति विश्लेषण गोष्ठीमा गरिने सहभागितामूलक छलफलबाट प्राप्त सूचना समेतको आधारमा वस्तुस्थिति विश्लेषण विवरण थप सूचना तथा जानकारीमूलक बनाइयो। वस्तुस्थिति विश्लेषण विवरणबाट प्राप्त सूचनालाई यस योजनाको आधाररेखा सूचनाको रुपमा उपयोग गरियो, जसलाई योजनाको आधार दस्तावेजकारुपमा लिइयो।

योजना दस्तावेज तयारि

योजना तर्जुमा प्राविधिक टोलीको सहयोगमा वस्तुस्थिति विवरण तथा आधार सूचना, वस्तुस्थिति विश्लेषण र योजना तर्जुमा कार्यशाला गोष्ठीको नतिजा, विषयक्षेत्र योजना तर्जुमा समितिको छलफल तथा परामर्शबाट प्राप्त विवरण, सूचना तथा निष्कर्ष नतिजामूलक योजना तर्जुमाको ढाचामा लिपिवद्ध गरी योजना दस्तावेजको मस्यौदा तयार गरिएको छ। योजना दस्तावेजलाई मुख्य ८ परिच्छेदमा विभाजन गरिएको छ। जसअनुसार परिचय, गाउँपालिकाको संक्षिप्त चिनारी , योजनाको अवधारणा तथा प्रारुप, विषय , क्षेत्रगत योजना, संस्थागत तथा कार्यान्वयन व्यवस्था रहेका छन्। सन्दर्भ सामग्रीको रुपमा राष्ट्रिय तथा प्रदेश आवधिक योजना, सार्विक जिल्ला तथा स्थानीय निकायका गाविसहरुका आवधिक, विषय क्षेत्रगत गुरुयोजनाको प्रारुपलाई उपयोग गरिएको छ। साथै योजनाविद् , विषयविज्ञ तथा सरोकारवालाको समेत सुझाब लिई योजना तर्जुमा प्राविधिक टोलीद्धारा नतिजामूलक योजनाको ढाचामा स्थानीय तहका अधिकार क्षेत्रकाविषय एवं प्राविधिक पक्षहरुलाई तर्कपूर्ण एवं वस्तुनिस्ठ ढंगबाट प्रस्तुत गरी आवधिक योजनाको मस्यौदा दस्तावेज तयार गरिएको छ।

मस्यौदा प्रस्तुति तथा सुझाव संकलन कार्यशाला तथा अन्तिम दस्तावेज तयारि

स्थानीय तहको आवधिक योजना तर्जुमा दिग्दर्शन, योजनाको स्तरीय ढाचा, सहभागितामूलक कार्यशाला, विषयविज्ञको सुझाब र परामर्शका आधारमा तयार योजनाको मस्यौदा दस्तावेजलाई गाउँपालिकाका पदाधिकारी, कर्मचारी सरोकारवाला माझ मस्यौदा प्रस्तुती सुझाव संकलन कार्यशालाको आयोजना गरी

प्रस्तुती, छलफल तथा सुझाव प्राप्त गरिएको छ। कार्यशालामा प्रस्तुती, विषय क्षेत्र समूह तथा वृहत समूह छलफल र परामर्श गरी आवधिक योजनालाई पूर्ण बनाउन आवयक सुझाव प्राप्त गरिनेछ। त्यस कार्यशालामा सहभागितामूलक प्रक्रियाबाट गाउँपालिकाको दिर्घकालिन सोच (VISION), विकासका निर्देशक सिद्धान्तको रुपमा (STRATEGIC PILLARS), योजनाको समष्टिगत लक्ष्य (GOAL), उद्देश्य (OBJECTIVES) तथा रणनीति (STRATEGIES) तर्जुमा गरिएको छ।

यस कार्यशालाबाट योजनाको वित्तीय विश्लेषणमा जनसमुदाय, नीजि क्षेत्र, गैसस तथा समुदायिक संस्था,संघ तथा प्रदेश सरकारबाट सिधै कार्यान्वयन हुन आयोजना तथा कार्यक्रममा हुने लगानी समेत विश्लेषण गरी अपुग श्रोत परिचालन रणनीति तय गरिएको छ। कार्यशालामा योजनाको नतिजा खाकामा आधारित भई प्रस्तावित प्रमुख आयोजनाको प्रक्रिया अनुगमन, प्रतिफल, असर तथा प्रभावको नतिजा अनुगमन तथा लेखाजोखाको खाका प्रस्तुत तथा छलफल गरिनें थियो। यस कार्याशाला गोष्ठीमा कार्यापालिकाका पदाधिकारी, सबै विषय क्षेत्र योजना तर्जुमा समिति पदाधिकारी, कर्मचारी, स्थानीय विषयविज्ञ तथा अगुवा, समाजसेवी बुद्धीजिवि, लक्षित वर्ग तथा समुदाय, राजनीतिक दल, गैसस र समुदायिक संस्थाका प्रतिनिधि ईत्यादीको उपस्थिति रहने छ। यस कार्यशालाको निष्कर्ष तथा कार्यशाला र सरोकारवालाबाट प्राप्त सुझाब तथा पृष्ठपोषणलाई समावेश गरी बाह्रद्शी गाउँपालिकाको प्रथम आवधिक विकास योजनाको दस्तावेजलाई अन्तिम रुप प्रदान गरिने छ। यस गाउँपालिकमामा विभिन्न चरणका कार्यक्रमहरुको तालिका तल प्रस्तुत गरिएको छ।

मिति	कार्यक्रम	उपस्थिति
बैशाख २६, २०८२	गाउँपालिका स्तरीय आवधिक योजना सम्बन्धि अभिमुखीकरण	गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, विभिन्न वडाका अध्यक्षहरु, कार्यपालिका सदस्य, गाउँ कार्यपालिकाका सदस्यहरु तथा परामर्शदाताका प्रतिनिधिहरु
जेष्ठ ३, २०८२	वडा स्तरीय भेला तथा आयोजना संकलन, वडा १	वडा अध्यक्ष सदस्य, स्थानीय सरोकारवालाहरु तथा परामर्शदाताका प्रतिनिधिहरु
जेष्ठ ४, २०८२	वडा स्तरीय भेला तथा आयोजना संकलन,, वडा २	वडा अध्यक्ष सदस्य, स्थानीय सरोकारवालाहरु तथा परामर्शदाताका प्रतिनिधिहरु

जेष्ठ ५, २०८२	वडा स्तरीय भेला तथा आयोजना संकलन, वडा ३	वडा अध्यक्ष सदस्य, स्थानीय सरोकारवालाहरु तथा परामर्शदाताका प्रतिनिधिहरु
जेष्ठ ७, २०८२	वडा स्तरीय भेला तथा आयोजना संकलन,, वडा ४	वडा अध्यक्ष सदस्य, स्थानीय सरोकारवालाहरु तथा परामर्शदाताका प्रतिनिधिहरु
जेष्ठ ५, २०८२	वडा स्तरीय भेला तथा आयोजना संकलन,, वडा ५	वडा अध्यक्ष सदस्य, स्थानीय सरोकारवालाहरु तथा परामर्शदाताका प्रतिनिधिहरु
जेष्ठ ३, २०८२	वडा स्तरीय भेला तथा आयोजना संकलन,, वडा ६	वडा अध्यक्ष सदस्य, स्थानीय सरोकारवालाहरु तथा परामर्शदाताका प्रतिनिधिहरु
जेष्ठ १, २०८२	वडा स्तरीय भेला तथा आयोजना संकलन,, वडा ७	वडा अध्यक्ष सदस्य, स्थानीय सरोकारवालाहरु तथा परामर्शदाताका प्रतिनिधिहरु
जेष्ठ २, २०८२	वडा स्तरीय भेला तथा आयोजना संकलन,, वडा ८	वडा अध्यक्ष सदस्य, स्थानीय सरोकारवालाहरु तथा परामर्शदाताका प्रतिनिधिहरु
अषाढ ०७, २०८२	निर्णायक समितिसँग छलफल तथा पहिलो मस्यौदा पेश	गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, विभिन्न विषयगत समितिका प्रतिनिधि, वडा अध्यक्ष तथा परामर्शदाताका प्रतिनिधिहरु
अषाढ १७, २०८२	अन्तिम प्रतिवेदन पेश	गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, विभीन्न वडाका अध्यक्षहरु, कार्यपालिका सदस्य, गाउँ कार्यपालिकाका सदस्यहरु तथा परामर्शदाताका प्रतिनिधिहरु

१.५ योजना तर्जुमाको सीमाहरु

गाउँपालिकाबाट तयार गाउँ वस्तुस्थिति विवरणबाट उपलब्ध सूचना तथा विवरणलाई आवधिक विकास योजना लागि आधार सूचनाको रुपमा उपयोग गरिएको छ। यसका साथै गाउँपालिकाबाट संचालित कृषि गणना, आवधिक विकास योजना तर्जुमा कार्यशाला गोष्ठीमा गरिएको विषयगत वस्तुस्थिति विश्लेषण, वडागत छलफल तथा संस्थागत सूचनालाई योजनाको प्रमुख आधारको रुपमा लिइएको छ। योजना तर्जुमा प्रक्रियामा बिषय क्षेत्र तथ्याङ्क तथा उपलब्ध आधार सूचनामा कुनै दुविधा उत्पन्न भएको अवस्थामा कार्यशालाको क्रममा नै सहभागितामूलक छलफलबाट सहमति बनाई सोही आधारमा विश्लेषण गरिएको छ। यसका साथै संघ, प्रदेशका प्रकाशन तथा दस्तावेज लगायत अन्य सूचना समेतलाई आधार बनाइएको छ। बागमती प्रदेश सरकारले पहिलो प्रादेशिक आवधिक योजना तथा नेपाल सरकारको पन्ध्रौ योजनाको आधार पत्र मात्र तयार भएको र नतिजा तालिका तर्जुमाको क्रममा रहेको हुँदा साझा अधिकारका क्षेत्रका आयोजना, कार्यक्रम तथा लक्ष्य यथोचित रुपमा यस आवधिक योजनामा समेट्न सकिएको छैन।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार गाउँपालिका क्षेत्रमा क्रियाशील गैरसरकारी संस्था, सामुदायिक संघ-संस्था र निजी क्षेत्रबाट संचालन हुने कार्यक्रमहरू गाउँसभाबाट पारित गरी कार्यान्वयन गर्नु पर्ने व्यवस्था भएतापनि यो अभ्यास पूर्ण रुपमा कार्यान्वयनमा आइनसकेको हुँदा गैर सरकारी तथा अन्य क्षेत्रबाट संचालन हुने कार्यक्रम, आयोजना र लगानीलाई पूर्ण रुपमा समायोजन गर्न सकिएको छैन र योजनाको अद्यावधिक तथा मध्यावधी मूल्याङ्कनको क्रममा यसलाई पूर्णता दिने प्रस्ताव गरिएको छ। नेपाल सरकार र प्रदेश सरकारले विशेष कार्यक्रमका लागि अनुदान प्रदान गरी कार्यान्वयन प्रक्रिया निर्धारण गरेकोमा सोही अनुसार श्रोत साधनको अनुमान तथा प्रक्षेपण संभाव्य श्रोत आँकलन गरिएको छ। नेपाल सरकार वा प्रदेश सरकार वा अन्य स्थानीय सरकारको संयुक्त लगानी वा सार्वजनिक निजी साझेदारीमा संचालन तथा व्यवस्थापन हुने आयोजना तथा कार्यक्रमलाई समावेश गर्ने प्रयास गरिएको भएका पूर्णता प्राप्त गर्न सकेको छैन।

परिच्छेद २ गाउँपालिकाको संक्षिप्त परिचय

२.१ परिचय

महाभारत गाँउपालिका बागमती प्रदेश अन्तरगत काभ्रेपलाञ्चोक जिल्लाको ६ वटा नगरपालिका र ७ वटा गाँउपालिकाहरुमध्ये मध्ये एक गाँउपालिका हो । काभ्रेपलान्चोक जिल्लाको दक्षिण भेगमा अवस्थित महाभारत गाउँपालिकाको कुल क्षेत्रफल १८५.९९ वर्ग कि.मि. रहेको छ । आर्थिक, राजनीतिक, सामाजिक दृष्टिले निकै पिछडिएको ठाउ हो यो | भौगोलिक दृष्टिले अति विकट र दुर्गम मानिएको यो ठाउँमा हालसम्म जिल्ला सदरमुकामसम्म जोड्ने एउटा मोटरबाटोको समेत सुविधा छैन । आफ्नो छुट्टै भौगोलिक, साँस्कृतिक, सामुदायिक पहिचान बोकेको यो गाउँपालिकामा विशेष रुपले तामाङ, मगर, बाहुन-क्षेत्री, माझि, नेवार, दलित, पहरी आदि समुदायको बसोबास रहेको ।

२.२ भौगोलिक तथा राजनीतिक अवस्था

स्थानीय तह पुनर्संरचनामा तत्कालिन गोकुले, फोक्सिङटार, बुढाखानी, बनखुचौर र घर्तिछाप गा.वि.स. मिलेर बनेको यस गाउँपालिकाको उत्तरी सिमानामा रोशी गाउँपालिकाको पहाडले घेरीएको छ भने पूर्वमा सिन्धुली जिल्ला, दक्षिणपूर्वमा सिन्धुली जिल्ला, पश्चिममा खानीखोला गाउँपालिका पर्दछ । महाभारतको बीचमा बनखु केन्द्र अनि काभ्रेको अग्लो सामुन्द्रिक सतहबाट अन्दाजी २५०० मिटर उचाइमा रहेको ताराखासे लेक यसै गाउँपालिकामा पर्दछ | दक्षिण सिमानामा कोखाजोर नदी, पूर्वमा सिन्धुलीको रामपुर खोला र पश्चिम सिमानामा चौखोला नदीले यस गाउँपालिकालाई छुट्याएको छ भने यस गाउँपालिकाको नामाकरण गरिएको महाभारत यसै गाउँपालिकाका प्राकृतिक सम्पदा एवं सौन्दर्य हुन् | यहाँको जनताको मुख्य आर्थिक श्रोत कृषिनैहो । यसैबाट यहाँका जनताले दैनिक जीविकोपार्जन हुने गर्दछ । जम्मा ८ वटा वडाहरू मिलेर बनेको महाभारत गाँउपालिकाको क्षेत्रफल बागमती प्रदेशको कुल क्षेत्रफलको (२०,३०० वर्ग कि.मी.) ०.९१% हुन आउँछ र नेपालको कुल क्षेत्रफल १,४७,१८१ वर्ग कि.मी. को ०.१२% हुन आउँछ । क्षेत्रफलको आधारमा काभ्रेपलान्चोक जिल्लाको यो सबैभन्दा ठूलो स्थानीय तह् हो | यस गाँउपालिका समुन्द्र सतहबाट २११ मिटर देखि २६०४ मिटरसम्म फैलिएको छ |

तालिका १: गाँउपालिकाको प्रशासनिक विभाजन, क्षेत्रफल र जनघनत्व

नयाँ वडा	वडासमावेश तत्कालिन गाविस	तत्कालिन वडाहरु	जनसंख्या	प्रतिशत	क्षेत्रफल	जनघनत्व
१	गोकुले	१-३, ८	२१९३	१३.६	१९.९६	१०९.८७
२	गोकुले	४-७, ९	१८७२	११.६	३०.८५	६०.६८
३	फोक्सिङटार	१-९	१९८४	१२.३	३३.११	५९.९२
४	बुढाखानी	२-६	१६२६	१०.१	२२.३२	७२.८५
५	बुखाखानी	१, ७-९	१९१५	११.९	१७.५१	१०९.३७

६	बखुनचौर	१-६	२०२९	१२.६	१९.४६	१०४.२७
७	बखुनचौर	७-९	१९५९	१२.२	१७.३९	११२.६५
८	घर्तीछाप	१-९	२५०१	१५.६	२५.३९	९८.५
जम्मा			१६०७९	१००.०	१८५.९९	८६.४५

२.३ जनसंख्या विवरण तथा बनौट

राष्ट्रिय जनगणणा २०७८ का अनुसार यस गाँउपालिकाको कुल जनसंख्या १६०७९ र जम्मा घरधुरी ३१७४ रहेको छ। कुल जनसंख्यामा पुरुषको संख्या ७८८० (४९%) र महिलाको संख्या ८१९९ (५१%) रहेको छ । यस गाँउपालिकाको सरदर घरधुरी संख्या ५.११, लैंगिक अनुपात ९६.११ र ८६.४५ व्यक्ति प्रति वर्ग किमि छ। जनसंख्याको वडागत वितरण हेर्दा सबैभन्दा बढी जनसंख्या वडा नं ८ मा २५०१ (१५.६%) र सबैभन्दा कम जनसंख्या वडा नं ४ मा १६२६ (१०.१%)छ | जनघनत्वको हिसाबले हेर्दा सबैभन्दा बढी जनघनत्व वडा ७ को ११२.६५ व्यक्ति प्रति वर्ग किमि छ ।गाँउपालिकाबाट रोजगारी, शिक्षा र अन्य अवसरहरुको लागि शहरतर्फ जाने (बिशेष गरेर काठमाण्डौ,धुलिखेल, वेनपा आदि) र सकेसम्म उतै बस्ने प्रवृति रहेको छ ।

जम्मा घरधुरी	३१७४
जम्मा जनसंख्या	१६०७९
पुरुष	७८८० (४९%)
महिला	८१९९ (५१%)
सरदर घरधुरी संख्या	५.११
लैगिंक अनुपात	९६.११
जनघनत्व	८६.४५ व्यक्ति प्रति वर्ग किमि

त्यसैगरी रोजगारीको लागि वैदेशिकरोजगारीमा जाने युवाहरुको संख्या पनि यहाँ प्रशस्त रहेको छ । जसले गर्दा महाभारत गाँउपालिकामाबसाईसराई अर्को प्रमुख जनसाँख्यिकीय घटनाको रुपमा देखा परेको छ | राष्ट्रिय जनगणना २०६८ मा यसगाँउपालिकामा ७६५ घरधुरी अनुपस्थित रहेको देखिन्छ जुन कुल धरघुरीको २६. २८% हुन आउछ भने ९५९जना व्यक्तिहरु अनुपस्थित देखिन्छ जुन कुल जनसंख्याको ५. १९% हुन आउछ | जनसंख्याको वनावटलाईहेर्दा सबैभन्दा बढी १०-१४ बर्ष उमेर समुहमा १२.९६% जनसंख्या रहेको छ भने सबैभन्दा कम ७०-७४ बर्षउमेर समुहमा १.८३% जनसंख्या रहेको छ । जनसंख्याको सक्रिय उमेर समुह (१६-६४) लाई हेर्दा ६३.१%जनसंख्या रहेको देखिन्छ |

तालिका १ उमेर समुह अनुसार जनसंख्या विवरण

उमेर समूह	पुरुष	प्रतिशत	महिला	प्रतिशत	कुल	प्रतिशत
००-०४	७२७	४.५	६९९	४.३	१४२६	८.८७
०५-०९	७६०	४.७	८०७	५	१५६७	९.७५
१०-१४	९७१	६	९८५	६.१	१९५६	१२.१६

१५-१९	९०४	५.६	१००३	६.२	१९०७	११.८६
२०-२४	७२३	४.५	७४७	४.६	१४७०	९.१४
२५-२९	५५२	३.४	५६९	३.५	११२१	६.९७
३०-३४	४३०	२.७	४४१	२.७	८७१	५.४२
३५-३९	४३२	२.७	४६९	२.९	९०१	५.६
४०-४४	४१२	२.६	४५९	२.९	८७१	५.४२
४५-४९	३९९	२.५	४२८	२.७	८२७	५.१४
५०-५४	४१०	२.५	४२३	१.६	८३३	५.१८
५५-५९	३२३	२	३०४	१.९	६२७	३.९
६०-६४	३२६	२	३१२	१.९	६३८	२.०
६५-६९	१९१	१.२	१८८	१.२	३७९	२.३६
७०-७४	१४०	०.९	१५५	१	२९५	१.८३
७५+	१८०	१.१२	२१०	१.३	३१०	१.९३
कुल	७८८०	४९	८१९९	५१	१६०७९	१००.०

श्रोत-२०७८ जनगणना

२.४ आर्थिक संरचना र जिवन प्रवृति

२.४.१ कृषि तथा सिंचाई

कृषि र पशुपालन महाभारत गाँउपालिकाको मुख्य आर्थिक क्षेत्र र स्थानियवासीहरुको जिविकोपार्जनको प्रमुख साधन हो । यहाँका ८०% भन्दा बढी घरधुरीहरु कृषि र पशुपालन पेशासंग आवद्ध छन् । तर गाँउपालिकाको सिमित कृषि योग्य जमीन, सिंचाई र अन्य कृषि सामाग्री अभाव, तालिम र त्रदणमा कमजोर पहुँच आदि जस्ता कारणहरुले गर्दा कृषिको खासै विकास हुन सकेको छैन । भैरहेको कृषि समेत नितान्त परम्परागत र जिवन निर्वाह खालको भएकोले उत्पादक्तव बढन सकेको छै | गाँउपालिकामा रहेका टार, बेंशी, भिरालो जमीन नै यहाँका मुख्य कृषि भूमिहरु हुन | कफी, धान, कोदो यहाँको प्रमुख अन्नवालीहरु हुन | आलु, गोलभेडा,काउली, बन्दा, साग जस्ता तरकारीहरु पनि यस गाँउपालिकामा उत्पादन हुने गरेको छ । सुन्तला प्रजाती लगायत अम्बा, आँप, केरा र अन्य फलफुलहरु समेत यहाँ उत्पादन हुने गर्दछ | गाँउपालिकामा पानीको प्रशस्त मुहान र खोलाहरु भएतापनि स्थाई र भरपर्दो सिंचाई आयोजनाहरु निर्माण हुने सकेको छैन । परम्परागत रुपमा स्थानीय निर्मित कुलोहरु गाँउपालिकाको कृषिको समग्र विकास गर्न पर्याप्त देखिदैन । उच्च मुल्य वाली अन्तरगत यस गाँउपालिकामा कफि खेतिको प्रशस्त संभावना रहेको छ । गाँउपालिकाको वडा नं ५को बुढाखानीमा करिब २०० रोपनी क्षेत्रफलमा कफिको पकेट क्षेत्र विकास गरी उत्पादन शुरु गरिएको छ । यस कफि पकेट क्षेत्रबाट करिब ६५ घरपरिवार लाभान्वित भएका छन । यस बाहेक गाँउपालिकाको करिब १० हेक्टर जमीनमा कफि खेति हुने गरेको छ जसबाट करिब ९ मेट्रिक टन बार्षिक उत्पादन हुने गरेको छ (कृषि ज्ञान केन्द्र, काभ्रेपलान्चोक, २०७८) | हाल गाँउपालिकाको

सवै वडामा ५/५ वटा कृषक समुहहरु छन | तर सडक तथा यातायातको अभावले यहाँको कृषि जन्य उत्पादनहरुले उचित बजार र मूल्य पाउन सकेका छैनन ।

२.४.२ .पशुपालन

पशुपालनको लागि महाभारत गाँउपालिकामा अनुकुल वातावरण र मौसम रहेको छ । महाभारत गाँउपालिकाको कृषि शाखाको तथ्याङक अनुसार यस गाँउपालिकामा ९४१९ गाई, ६४४० भैसी, १९२५७ बाखा, २४८० वंगुर/सुंगुर, ३२१८ दुहुना गाई र ३१०५ दुहुना भैसी रहेका छन | यो तथ्याङ्कले यहाँ दुध तथा मासुजन्य उत्पादनको प्रशस्त संभावना रहेको देखाउछ ।

२.४.३ बैंक, सहकारी तथा वित्तिय क्षेत्र

महाभारत गाँउपालिकामा ठुला बजार केन्द्र, उद्योग, कलकारखाना र पर्यटककिेियय केन्द्रहरु नभएकोले बैंक तथा सहकारीहरुको खासै विकास हुन सकेको छैन | तर हालसालै महाभारत गाँउपालिकाको वडा नं ६ मा एउटा "क" वर्गको बैंक (सनराईज बैंक) स्थापना भएर स्थानीय व्यापारी, कृषक र उद्यमीहरुलाई बैंकिङ सेवाको शुरुवात गरेको छ । जसले गर्दा गाँउमै सरल र सुलभ दरमा त्रद्ण प्रवाहको वातावरण बनेको छ | यो बाहेक यस गाउपालिकामा विभिन्न उपभोक्ता समिति र कृषक समुह् मार्फत संचालन हुने गरी ३९ वटा सहकारी संस्थाहरु (कृषि र बचत तथा त्रदण सहकारी) संचालनमा रहेका छन् जसले गर्दा गाँउपालिकाको वडा र टोलहरुसम्म वित्तिय पहुँच पुगेको छ ।

२.४.४ श्रम तथा रोजगारी

गाँउपालिकामा ठूला स्तरका उद्योग र कलकारखानाहरु नभएकोले कृषि बाहेक अन्य क्षेत्रमा श्रम तथा रोजगारको खासै सम्भावना छैन । कृषि गाँउपालिकाको मुख्य आर्थिक क्षहोे रत य्हारँक ा अधिकांश मानिसहरु कृषि र पशुपालनजस्ता पेशाहरुसंग आवद्ध रहेका छन । गाँउपालिका भित्र लघु तथा घरेलु स्तरका स-साना २६८ वटा आधथिक एकाईहरु रहेका छन जसले कुल ६७३ वटा रोजगार प्रदान गरेको छ (स्थानीय तहको वस्तुस्थिति विवरण, बागमति प्रदेश, २०७६) ।

२.५ सामाजिक आर्थिक अवस्था र रहनसहन

२.५.१ जातजाति र मातृ भाषा

महाभारत गाँउपालिकाको जातजातीहरुको वनावटलाई हेर्दा यस गाँउपालिकाको कुल जनसंख्याको सबैभन्दा बढी तामाङ ६८.८%(११०४८) त्यस पछी क्रमश मगर २३.१% (३७१२), कामी २.७% (४३५), नेवार २.२% (३४६), माझी १.१% (१७८), सन्यासी ०.६% (९७), छन भने अन्य जातजातीहरुमा क्षेत्री(७३), बाहुन पहाडे (५९), मिजार(६५), र पहरी (३४) छन । यस गाँउपालिकामा बोलिने मुख्य भाषाहरुमा तामाङ भाषा बोल्ने जनसंख्या ६८.७%, मगर भाषा बोल्ने जनसंख्या २२.८%, नेपाली ६.९%, नेवारी १.१% र अन्य भाषाहरु बोल्ने जनसंख्या ०.६% छन् |

२.५.२ शिक्षा

हाल महाभारत गाँउपालिकामा ५० वटा विद्यालयहरु छन् । जसमा ३३ वटा प्राथमिक (१-५), ९ वटा आधारभूत (१-८) र ८ वटा माध्यमिक विद्यालयहरु (१-१०) वा (१-१२) छन । सम्पूर्ण विद्यालयहरुमा ४७०८ विद्यार्थीहरु अध्ययनरत र १६८ शिक्षकहरु कार्यरत छन (स्रोतः गाँउपालिका शिक्षा शाखा, २०७८) | राष्ट्रिय जनगणना २०७८ को तथ्याङकलाई आधार मानेर हेर्दा यस गाँउपालिकाको साक्षरता दर ७०.३% रहेको छ जसमा पुरुष साक्षरता ७६.७% र महिला साक्षरता ६४.१% छ | गाँउपालिकाको साक्षरता दर राष्ट्रिय साक्षरता (७६.२%) दर भन्दा करिब ६% कम हो । गाँउपालिकाको शिक्षासंग सम्बन्धित विस्तृत सूचकहरु परिच्छेद ६.६.१ (शिक्षाको वस्तुस्थिति विवरण) मा राखिएको छ । गाँउपालिकाको सबै वडाहरुमा न्यूनतम एक प्राथमिक विद्यालयहरु छन । २०७२ सालको बिनाशकारी भूकम्पबाट गाँउपालिकाका धेरैजसो विद्यालयहरु क्षतिग्रस्त भएको भएतापनि हाल नेपाल सरकार, विभिन्न दातृनिकाहरु र गैरसरकारी संस्थाहरुको आर्थिक तथा प्राविधिक सहयोगमा गाँउपालिकाका अधिकांश विद्यालयहरु पुननिर्माण र सवलीकरण गरिएका छन् ।



फोटो १: वडा नं ८, चारकिल्ला स्थित ग्रामोन्ततती माध्यमिक विद्यालयको नवनिर्मित भवन

२.५.३ स्वास्थ्य

महाभारत गाँउपालिकामा ५ वटा स्वास्थ्य चौकीहरु छन तर ती स्वास्थ्य चौकीहरुमा दक्ष जनशक्ति, स्वास्थ्य उपकरण, ल्याव सेवा र पूर्वाधारहरुको अभाव रहेको छ | पहाडी क्षेत्र र सडकको कमजोर अवस्थाले गर्दा स्वास्थ्य सेवामा स्थानीयवासीहरुको पहुँच न्यून रहेको छ । स्थानीय स्वास्थ्य केन्द्रहरुमा प्राथमिक तहको स्वास्थ्य सेवा मात्र उपलब्ध रहेकोले गम्भिर प्रकारको रोगको उपचारको लागि गाँउपालिकावासीहरु धुलिखेल, भक्तपुर र राजधानी काठमाण्डौ जानुपर्ने वाध्यता रहेको छ । गाँउपालिकाको स्वास्थ्य, पोषण र खाद्य सुरक्षा

सम्बन्धी विस्तृत विवरण र सूचकहरु परिच्छेद ६.२.१ (स्वास्थ्य, पोषण तथा खाद्य सुरक्षाः वस्तुगत स्थिति) मा राखिएको छ ।

२.५.४ खानेपानी

तालिका ४: घरधुरी अनुसार खानेपानी स्रोतको अवस्था

खानेपानीको स्रोत	घरधुरी	प्रतिशत
धाराको पानी	३११७	९८.२
ट्युबवेल/हेण्डपम्प	३	०.१०
ढाकेको कुवा	९	०.३
नढाकेको कुवा	३१	१
नदि/खोला	१३	०.४
अन्य	१	०.०३
उल्लेख नभएको	१९	०.६५
जम्मा	३१७४	१००.००

महाभारत गाँउपालिकाको खानेपानीको मुख्य स्रोत धाराको पानी हो । राष्ट्रिय जनगणना २०७८ अनुसार गाँउपालिकामा ९८.२% घरधुरीहरु धाराको पानी प्रयोग गर्दछन् [। कुवा खानेपानीको अर्को प्रमुख स्रोत हो जसमा ढाकेको कुवा प्रयोग गर्ने घरधुरी करिब ०.३% र नढाकेको कुवा प्रयोग गर्ने घरधुरीहरु १% छन र ०.४% ले नदि/खोलाको पानी प्रयोग गर्ने गर्दछन् । बनखु खोला, चाउखोला, कोखाजोर खोला खानेपानीमा संभावित स्रोतहरु हुन ।

२.५.५ शौचालयको प्रयोग तथा सरसफाई

शौचालय प्रयोगको अवस्थाले उक्त स्थानको सरसफाईको अवस्थालाई समेत जनाउने गर्दछ। महाभारत गाँउपालिकामा करिब ९७.९% घरधुरीमा शौचालय रहेको छ भने बाँकी २.१% घरधुरीहरु अहिले पनि खुल्ला शौचालय जाने गरेका छन् | शौचालय भएका घरधुरीहरु मध्ये ९५.४% को घरमा फ्लस शौचालय र ७.२% घरमा साधारण शौचालय रहेको छ । गाँउपालिकामा ठूला बजार केन्द्रहरु नभएकोले हालसम्म ढल र नालीहरुको व्यवस्था छैन भने गाँउपालिकाबाट नियमित फोहोर संकलनको समेत व्यवस्था हुन सकेको छैन | गाँउपालिका पूर्ण रुपमा ग्रामीण रुपमै रहेकोले स्थानीय घरहरुबाट निस्कने फोहोरमैलाहरु

गोबरको खाडीमा फाल्ने र जलाउने गरेका छन । तरपनि स्थानीय स्तरका बजारहरुमा प्लाष्टिकका झोला, चाउचाउका खोल र कागजहरु यत्रतत्र छरिएर रहेका छन् | महाँभारत गाँउपालिका खुला दिशा मुक्त गाँउपालिका घोषणा भै सकेको छ |

तालिका ५: घरधुरी अनुसार शौचालय प्रयोगको स्थिति

प्रयोगको अवस्था	घरधुरी	प्रतिशत
शौचालय नभएका घरधुरी	६६	२.१
शौचालय भएका घरधुरी	३१०८	९७.९
फ्लस शौचालय	३०२६	९५.४
पिट शौचालय	७५	७.२
उल्लेख नभएको	७	०.२
कुल घरधुरी	३१७४	१००.०

२.५.६ जमीनको स्वामित्त र आवासको स्थिति

गाँउपालिकामा जमीन र घरमा महिलाको स्वामित्तलाई हेर्दा जमीनमा ९.७% र घरमा २.३% मात्र महिलाको स्वामित्त देखिन्छ । त्यसैगरी महिला घरमुली भएको परिवार १२.६% र पुरुष घरमुली भएको परिवार ८७.१९% रहेको छ | गाँउपालिकामा ९८,४५% मानिसहरु आफ्नै घरमा बस्ने गर्दछन् | राष्ट्रिय जनगणना २०७८ का अनुसार यस गाँउपालिकामा ढलान पिल्लरवाला जग भएका घरहरु २२.४% छन् भने २९.८% घरहरुको जग सिमेन्टको जोडाई भएको ढुंगा/ईटाको जगबाट बनेका छन । तर हाल यस्ता घरहरु क्रमश निर्माण हुन थालेका छन | माटोको जोडाई भएको ढुंगा/ईटाको जग भएको घरहरु भने गाँउपालिकामा प्रशस्त (३३%) छन् | काठको जगमा बनेको घरहरु १४.२% छन् | त्यसैगरी सिमेन्टको गारो भएका घरहरु ५२.२% र माटोको जोडाईवाला ढुंगा/इटको गारो भएका घरहरु ३०.७% छन् । बाँस र काठको गारो भएका घरहरु क्रमश ११.७% र ३.२% छन् । ढलानको छानो भएका घरहरु ३७.८ छन् भने जस्ताको छाना भएका घरहरु ४१.९%, टायल/खपटाको छाना भएका घहरु ९.२% र काठको छाना भएका घरहरु ०.३% छन् |

२.५.७ खाना पकाउने ईन्धन र वत्तीको प्रयोग

तालिका ६: घरधुरी अनुसार खाना पकाउने ईन्धनको स्रोत

ईतिनको स्रोत	घरधुरी	प्रतिशत
काठ/दाउरा	३१०२	९७.७
मट्टितेल	३	०.१
एलपी ग्यास	६६	२.१
गुइठा /सन्ठी	०	०.०
वायोग्यास	३	०.१
अन्य	०	०.०
उल्लेख नभएको	०	०.०
जम्मा	३१७४	१००.०

स्रोत : राष्ट्रिय जनगणना, २०७८

महाभारत गाँउपालिका पूर्णतया ग्रामीण रुपमै रहेकोले खाना पकाउनको लागि ९७.७% घरधुरीले काठ/दाउरा नै प्रयोग गर्ने गर्दछन केवल ३ घरले मट्टितेल, ६६ घरले एलपी ग्यास र ३ घरले वायोग्यास प्रयोग गरेको देखिन्छ । तर आजकल गाँउमा खाना पकाउनको लागि मट्टितेलको प्रयोग लगभग अन्त्य भएको छ भने मुख्य बजार केन्द्र, स साना बजार, स्थानीय , जियापसल होटल आदिमा एलपी ग्यासको

प्रयोग क्रमश बढदै गैरहेको देखिन्छ ।

त्यसैगरी गाँउमा लघुजलविद्युतको पहुँच बढेसंगै बिजुलीबाट खाना पकाउने घरहरुको संख्या पनि क्रमश बढदै गैरहेको छ । घरमा बत्ती बाल्नको लागि सबैभन्दा बढी (६४.८%) घरधुरीले बिजुलीको प्रयोग गर्दछन् | त्यसैगरी मट्टितेल प्रयोग गर्ने घरधुरीहरु २०.२%, सोलार प्रयोग गर्ने घरधुरीहरु ६% र अन्य स्रोतबाट बत्ती बाल्ने घरधुरीहरु ८.२% छन । हाल महाभारत गाँउपालिकामा लघुजलबिद्युतको राम्रो पहुँच भएकोले विद्युतमा घरहरुको पहुँच निक्कै बढेर गएको छ भने मट्टितेलबाट बत्ती बाल्ने घरहरुको संख्या लगभग अन्त्य भएको छ ।

तालिका ७: घरधुरी अनुसार बत्तीको स्रोत

बत्तिको स्रोत	घरधुरी	प्रतिशत
विजुली	२०२३	६३.७
मट्टीतेल	६	०.२
वायोग्यास	१	०.०३
सोलार	११३९	३५.९
अन्य	५	०.२
उल्लेख नभएको	०	०.०
जम्मा	३१७४	१००.०

स्रोत : राष्ट्रिय जनगणता, २०७८

२.५.८ घरयासी सुविधामा पहुँचको अवस्था

तालिका ८ अनुसार महाभारत गाँउपालिकामा

सुविधाको प्रकार	**घरधुरी**	**प्रतिशत**
कुनैपनि सुविधा नभएको	२५१	७.९
कुनै एक सुविधा भएको घरधुरी	२९२३	९२.१
रेडियो	६५८	२०.७
टेलिभिजन	३७२	११.७
केवल टेलिभिजन	०	०.०
कम्प्युटर	३४	१.०७
टेलिफोन	१०	०.३

मोवाईल फोन (स्मार्ट)	२२३५	७०.४
मोटर साइकल	८१	२.६
रेफ्रिजेरेटर	०	०.०
मोवाईल फोन (साधारण)	२८१३	८८.६

७.९% घरधुरीमा रेडियो, टेलिभिजन, कम्प्युटर, टेलिफोन, मोटरसाईकल आदि जस्ता आधुनिक घरयासी सुविधाका कुनैपनि साधनहरु छैन् | यस्ता कुनै एक साधन हुने घरधुरीहरु पनि केवल ९२.१% छन् । रेडियो हुने घरधुरीहरु २०.७%, टेलिभिजन हुने घरधुरीहरु ११.७%, मोवाईल फोन हुने घरधुरीहरु ७०.४% छन् । हाल यस गाँउपालिकामा विद्युत सेवाको पहुँच राम्रो भएको र डिस होमको सुविधा सुलभ भएकोले अहिले रेडियो, टेलिभिजन र कम्प्युटर हुने घरधुरीको संख्या निक्कै बढेको छ । त्यसैगरी मोटरसाईकल हुने घरहरुको संख्या पनि क्रमश बढदै गैरहेको छ |

२.५.९ अपांगताको अवस्था

गाँउपालिकाको कुल जनसंख्याको ९७.७% मा कुनैपनि प्रकारको अपांगता छैन भने कुनै एक प्रकारको अपांगता हुने जनसंख्या २.२% छ | विभिन्न प्रकारका अपांगता हुने जनसंख्या मध्ये दृष्टी सम्बन्धी अपांगता हुनेको संख्या सबैभन्दा बढी ३५.३% छ । त्यसैगरी शारीरिक अपाङ्गता हुने २८%, सुनवाई सम्बन्धी अपांगता हुने ९.५%, स्वर बोलाई सम्बन्धी अपांगता हुने ६.४% र बहुअपांगता हुने मानिसहरु ३.९% छन् ।

तालिका ९: अपांगताको अवस्था

अपांगताको प्रकार	**जनसंख्या**	**प्रतिशत**
अपांगता नभएको	१५७२२	९७.७८
शारीरिक अपांगता	१००	२८
दृष्टी सम्बन्धी अपांगता	१२६	३५.३
सुनवाई सम्बन्धि अपांगता	३४	९.५
श्रवण दृष्टीविहीन	११	३.१
स्वोर बोलाई सम्बन्धी अपांगता	२३	६.४

मानसिक अपांगता	११	३.१
बौद्धिक अपांगता	९	२.५
बहुअपांगता	१४	३.९
कुनै एक प्रकारको अपांगता भएको	३५७	२.२
जम्मा	१८२८३	१००.००

स्रोत : राष्ट्रिय जनगणना, २०७८

२.६ भौतिक पूर्वाधारको अवस्था

राजधानी काठमाण्डौ उपत्यकासंग जोडिएको काभ्रेपलान्चोक जिल्लामा अवस्थित भएर पनि महाभारत गाँउपालिका निक्कै दुर्गम र विकट छ । गाँउपालिका पुग्ने भरपर्दो स्थायी सडक नभएकोले अहिले पनि स्थानीयवासीहरु वर्षातको समयमा दुई दिन हिडेर विपि राजमार्गमा अवस्थित चौकीडाँडा, भुकुण्डेवेशी, रोशी र मंगलटारसम्म पुगेर बस चढेर जिल्ला सदरमुकाम धुलिखेल र काठमाण्डौ जानपुर्ने वाध्यता रहेको छ | महाभारत गाँउपालिकाको केन्द्र देवीटार जोडने करिब ३५ किमि लामो निर्माणाधिन पिङगथली राजवास-चारकिल्ला-तिनखुट्टे-देवीटार सडकको निर्माण पश्चात भने महाभारत गाँउपालिका विपि राजमार्गसंग जोडिन पुग्दछ । यो निर्माणधिन सडक बाहेक महाभारत गाँउपालिका जान भुकुन्डेवसी नजिकै रहेको विपि राजमार्गको चौकीडाँडा-सिपाली-महादेवटार हुँदै देवीटारसम्म अर्को करिब ४० किमि लामो सडक छ जस्को केहि खण्ड ग्राभेल र केहि खण्ड धुले स्तरको छ । यस सडकमा पर्ने अधिकांश खोलाहरुमा पुल नभएकोले बर्षातमा यो सडक लगभग बन्द नै हुन्छ | माथी उल्लेख भएका दुई वटा सडकहरु बाहेक महाभारत गाँउपालिका अन्य सडकहरु कच्ची/धर ुगलोरेेट ो स्तरका छन | यस्ता सडकहरुको कुल लम्बाई करिब २५० किमि रहेको छ | गाँउपालिकाका प्राय सबैजसो वडाकेन्द्रहरु यस्तै कच्ची र धुले सकहरुले जोडेका छन | वडा केन्द्रहरु जोडने स्थानीय सडकहरुमा हिउदमा जीप, साना ट्रक, भेन, मोटरसाईकल आदि जस्ता सवारी साधनहरु चलेपनि वर्षातको समयमा यी सडकहरु पूर्णतया बन्दनै हुन्छन | गाँउपालिकाको केन्द्र देवीटारबाट प्रत्येक दिन बिहान सार्वजनिक बसहरु काभ्रेको वनेपा र राजधानी काठमान्डौ जाने गर्दछन | तर बर्षातको समयमा सार्वजनिक बसहरु बन्द हुने गर्दछन | जीप, साना ट्रक, भेन, मोटरसाईकल आदि यस गाँउपालिकाका मुख्य सवारी साधनहरु हुन । गाँउपालिकाको सकहरुको विवरण तालिका १० मा प्रस्तुत गरिएको छः

तालिका १०: सडकको विवरण

क्र.स.	सडकको नाम	दुरी (किमि))	हालको अवस्था	कैफियत
१	चारकिल्ला-चौडिक-देविटार	१३	कच्ची	
२	सोलाभन्ज्याङ-सिम्ले-रातामाटे-स्याप्लेडाँडा वडा कार्यालय	१३	कच्ची	
३	घिसिङ डाँडा-घट्टेपालुङ-फेदी-चौकी डाँडा	१३	कच्ची	
४	चौतारा-बासवाती बहरे मरिन		कच्ची	
५	पात्ले सोला भन्ज्याङ-ठुटेआप-सिग्देल वेसी	१०	कच्ची	
६	बारबिसे दोबाटो-डाँड्ुखोला-मजुवा चौकी	५	कच्ची	
७	चारकिल्ला-गुंरासे-मन्त्रिडाडा-भलडाँडा-गोगने चौकी	४	कच्ची	
८	सोल भन्य्याङ तार्के सिम्ले सडक	४	कच्ची	
९	ठूलो पोखरा-आकुरा सोली-घोप्टे देविटार	९	कच्ची	
१०	आरुवारे-फिरिम-ठुटेआप सडक	५.५	कच्ची	
११	देविटार-मगर गाँउ-आलेवासपुर सडक	१३	कच्ची	
१२	मानेडाँडा-कालिमाटी-बिसाउने डाँडा-वेतनी	५	कच्ची	
१३	वेतनी-गैरीटोल-आहालेवासपुर	६	कच्ची	
१४	चारलिल्ला देवीटार-घर्तीछाप-गोकुले-छोटेसोहन-घैयाबारी	५०	कच्ची	
१५	बुढाखानी सरदुङ महादेवटार तिनखुट्टे सडक	१५	कच्ची	
१६	ताराखसे-टोके-मैनडाडा	२२	कच्ची	

१७	मेलुङ ठाडे-चुहाडी-सानो पोखरा-ठुलो पोखरा	१४	कच्ची	
१८	राङ्चा-उज्याउने-गल्टार-गातवेसी-ठुटेआँप धाप	२८	कच्ची	
	कुल	२४८		

स्रोतः स्थलगत सर्भेक्षण

२.७ भू-उपयोग

गाँउपालिकाको विद्यमान भू-उपयोगलाई हेर्दा कुल क्षेत्रफलको सबैभन्दा बढी ७४,.४७% भूभाग वन क्षेत्रले ढाकेको छ भने कृषि क्षेत्रले १८.७७% भूभाग ओगटेको छ । त्यसैगरी घाँसे क्षेत्र २.५८%, वालुवा क्षेत्र १.८९% र झाँडी क्षेत्र १.३४% रहेको छ | गाँउपालिकाको विद्यामन भू-उपयोगलाई तालिका ११ मा प्रस्तुत गरिएकोछ ।

तालिका ११: विद्यमान भू-उपयोग

क्र.स.	भू-उपयोग प्रकार	क्षेत्रफल (वर्ग किमि)	प्रतिशत
१	बाँझो क्षेत्र	०.२३	०.१२
२	मुख्य वस्ती क्षेत्र	०.०१	०.०१
३	कृषि क्षेत्र	३४.९०	१८.७७
४	चट्टानी क्षेत्र	०.८३	०.४५
५	वन क्षेत्र	१३८.५०	७४.४७
६	घाँसे क्षेत्र	४.८०	२.५८
७	वालुवा क्षेत्र	३.५१	१.८९
८	झाँडी क्षेत्र	२.४९	१.३४
९	नदि तथा खोलानाला क्षेत्र	०.७०	०.३८
कुल		१८५.९७	१००.

श्रोतः स्थलगत सर्वेक्षण, गुगल फोटो र जीआईएस नक्शांकलन २०८२

२.८ गाँउपालिकाको स्रोत परिचालनको अवस्था

स्थानीय तहको पुनर्संरचना पश्चात २०७३ सालमा गठन भएको महाभारत गाँउपालिका भर्खर संस्थागत हुन लागेको स्थानीय तह हो | हालसम्म राष्ट्रिय राजमार्गसंग पहुँच नभएको, ग्रामीण परिवेश भएको, विकट पहाडी भूगोल र व्यापारिक तथा आर्थिक गतिविधिहरु अत्यन्तै सिमित भएकोले यस गाँउपालिकाको आम्दानीका आन्तरिक स्रोतहरु अत्यन्त न्यून छन | आर्थिक बर्ष २०७६/७७ को बार्षिक आयलाई हेर्दा गाँउपालिकाक आन्तरिक आय कुल आयको केवल १.२८% मात्र छ । गाँउपालिकाको आन्तरिक आयको स्रोतहरुमा वहाल कर, वडा कार्यालयहरुg बाट त्रास राजश्व र गाँउपपाललिकाललेे संकलन गरेको प्रशासनिक शुल्क मात्र देखिन्छ | घर वहाल कर आर्थिक बर्ष २०७६/७७ बाट मात्र शुरु गरिएको छ र यो अत्यन्त न्यून (रु. २३९२०) छ। यसबाट के देखिन्छ भने गाँउपालिका पूर्णतया संघ र प्रदेश सरकारबाट प्राप्त हुने शसर्त र निशर्त अनुदानमा निर्भर छ । आम्दानीको मुख्य त्रोत मालपोत र सम्पत्ति कर दुबै संकलन भएको देखिन्छ तर संकलित रकम अत्यन्त न्यून रहेको छ | घरजग्गा वहाल करतर्फ न्यून असुली देखिएको छ | जडीबुटी, कवाडी र जीवजन्तु कर तथा मनोरंजन कर सम्भावना न्यून रहेको छ । व्यवसाय कर हालसम्म संकलन हुन सकेको छैन। बहाल बिटौरीको शुल्कको संभावना भएतापनि यसतर्फ प्रयास भएको छैन | सरकारी सम्पत्ति (जेसीबी, प्रोजेक्टर) को बहाल लगाउन सकिने भएपनि हालसम्म सो शिर्षकबाट आय संकलन भएको छैन | समग्रमा जम्मा १४ वटा शीर्षकहरू मध्ये हाल ५ वटा शीर्षकहरुबाट मात्र संकलन भइरहेको छ तथापि राजस्व प्रशासन सुधार गरी थप शीर्षकहरूबाट आय संकलन गर्ने सम्भावना देखिन्छ |

२.९ गाँउपालिकाको संस्थागत क्षमता

नेपालको संविधान वमोजिम प्रदेश र स्थानीय तहहरु निर्माण भएपछि उक्त निकायहरुवाट सेवा प्रवाह जनस्तरसम्म चुस्त, सहजता र प्रभावकारी रुपमा पुन्याउन जनशक्ति व्यवस्थापनका लागि कर्मचारी समायोजन ऐन २०७४ वमोजिम राज्यवाट जारी विभिन्न ऐन कानुनको परिधि भित्र रही स्थायी रुपमा सेवा प्रवेश गरेका निजामती सेवा र स्थानीय सेवाका कर्मचारीहरुलाई समायोजन गर्ने प्रयोजनार्थ संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयवाट प्राप्त संगठन संरचनाका आधारमा समायोजन भएका कर्मचारीहरु विभिन्न सेवाहरु संचालनार्थ गाँउपालिका आफैले करार सेवामा व्यवस्थापन गरेका कर्मचारीहरु यस गाँउपालिकाको जनशक्तिको रुपमा रहेका छन् । स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ११ दफा ८३ मा कर्मचारीहरु समायोजन पश्चात स्थानीय तहहरुले आफ्नो कार्यवोझ, राजश्व क्षमता, खर्चको आकार, स्थानीय आवश्यकता र विशिष्टता समेतलाई ध्यानमा राखी संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा विषयगत शाखा वा महाशाखा रहेको संगठन संरचना कायम गर्नु पर्ने व्यवस्था रहेको छ | स्थानीय तहको प्रशासकीय

प्रमुखको रुपमा प्रमुख प्रशासकीय अधिकृत रहने, प्रमुख प्रशासकीय अधिकृतको नियुक्ति कानूनले तोके वमोजिम हुने र कानुनले नियुक्ति नभएसम्मका लागि नेपाल सरकारले निजामती सेवाको कुनै अधिकृत कर्मचारीलाई प्रमुख प्रशासकीय अधिकृतको रुपमा काम गर्न खटाउने व्यवस्था स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८४ मा व्यवस्था गरिएको छ | यसको अतिरिक्त अन्य कर्मचारीहरु तहगत प्रणालीमा रहने व्यवस्था गरिएको छ । तर महाभारत गाँउपालिकामा प्रमुख प्रशासकीय अधिकृतहरु आउन नचाहने र आएपनि छोटो छोटो समयमा सरुवा भएर जाने भएकोले हाल आठौ तहको शाखा अधिकृतलाई प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी दिई गाँउपालिकाको प्रशासन संचालन हुँदै आईरहेको छ ।

गाँउपालिकामा अहिले पनि आर्थिक र राजश्व प्रशासन हेर्ने कर्मचारीहरुको अभाव रहेको छ भने कृषि सेवामा पनि जेटिएहरु मात्र रहेको अवस्था छ । हाल यस गाँउपालिकामा अधिकृत स्तर आठौं तहका १ जना, छैठौ तहका ५ जना, पाँचौ तहका २२ जना, चौथो तहका ५५ जना, सहायक स्तरका १९ जना गरी कुल १०२ जना कर्मचारीहरु छन । गाँउपालिकामा हाल कार्यरत जनशक्तिको विवरण तालिका १२ प्रस्तुत गरिएको छ ।

तालिका १२: गाँउपालिकामा हाल कार्यरत जनशक्तिको विवरण

क्र.स.	सेवा समुह		कर्मचारीको श्रेणी					
		आठौं	छैठौ	पाँचौ	चौथो	सहायक	अन्य	जम्मा
१	शाखा अधिकृत (आठौं तह)	१						१
२	प्रशासन शाखा		१	४	१			६
३	आर्थिक प्रशासन शाखा			१	-	-	-	१
४	शिक्षा प्रशासन			२	-	-	-	२
५	ईन्जिनियरिंग			२	४	-	-	६
७	स्वास्थ्य सेवा		२	६	३५	१२	-	५५अ
८	सुचना प्रबिधि / कम्प्टयुटर प्राविधिक		१	१	८		-	१०
९	कृषि तथा पशुपंक्षी सेवा		-	४	५	-	-	९
१०	रोजगार सेवा शाखा		१	१	-	-	-	२

११	सामाजिक सुरक्षा तथा पञ्जिकरण			१	२			३
११	कार्यालय सहयोगी		-	-	-	-	७	७
जम्मा		१	५	२२	५५	१२	७	१०२

स्रोतः महाभारत गाँउपालिका

महाभारत गाँउपालिकाको वडा नं ६ मा गाँउपालिकाको आफ्नै कार्यालय भवन रहेको छ । प्रिफ्याबबाट निर्मित् यो भवन अस्थाई प्रकृतिको रहेको छ । गाँउपालिकाको कार्यालय सामाग्रीहरु, फर्निचर, विद्युतिय सामग्री र सवारी साधनहरुको विवरण तालिका १३ मा प्रस्तुत गरिएको छः

तालिका १३:गाँउपालिकाको भौतिक सम्पतिको विवरण

क्र.स.	सामानको लववरण	संख्या	क्र.स.	सामानको विवरण	संख्या
१	स्टिल दराज	२५	११	भोल्टेज व्याकअप	१
२	मोटरसाईकल	१५	१२	सोलार व्याट्री	१
३	स्कुटर	१	१३	टेवल	२४
४	बोलेरो जिप	१	१४	कुर्सी	३१
५	ब्याक हो लोडर	१	१५	प्लाष्टिक कुर्सी	६०
६	स्काभेटर	१	१६	लेवल मेसिन	१
७	ल्यापटप	७	१७	सोफा सेट	९
८	डेस्कटप कम्प्युटर	७	१८	टि टेवल	३
९	प्रिन्टर	१५	१९	ईन्भर्टर व्याट्री	१
१०	फ्यान	१०	२०	स्टिल कुर्स	३

स्रोतः महाभारत गाँउपालिका

२.१० गाँउपालिकाको विकासको समीक्षा

राजधानी काठमाण्डौ उपत्यकासंग जोडिएको काभ्रेपलान्चोक जिल्लाको गाँउपालिका भएतापनि महाभारत गाँउपालिका बिकासको दृष्टिकोणले निक्कै पछाडी परेको स्थानीय तह हो । जिल्लाको सदरमुकाम धुलिखेलसम्म पुग्ने भरपर्दो स्थाई सडक समेत नभएकोले स्थानीयवासीहरु बर्षातको समयमा २ दिनसम्म हिडेरै विपि राजमार्गमा अवस्थित भकुण्डेवंसी, मंगलटार, रोशी जस्ता बजारहरु पुगेर यातायात समाल्नु पर्ने वाध्यता छ। गाँउपालिकाका सबै वडाहरुमा न्यूनतम पनि प्राथमिक स्तरको विद्यालयहरु रहेकोले प्राथमिक शिक्षामा पहुँच पुगेको देखिन्छ तर भौगोलिक विकटता र सडकको अभावले गर्दा स्थानीय वालाबलिकाहरु विद्यापुगल्न यअहिसले मपन्ि म घण्टौ हिडनुपरेको छ । राष्ट्रिय जनगणना २०७८ का अनुसार गाँउपालिकाको साक्षरता ५७.४४% छ जुन राष्ट्रिय सारक्षता भन्दा करिब १०% कम हो | आधारभूत तहको खुद विद्यार्थी भर्ना दर ९७. ३१ छ जसमा छात्राको खुद भर्ना दर ९८.८६ र छात्रको खुद भर्ना दर ९५.९७ छ जुन माध्यमिक तहमा आईपुग्दा घटेर खुद भर्ना दर ५०.३३% छ | जसले गाँउपालिकाको समग्र शिक्षाको स्तर र तहलाई दर्शाउदछ । स्वास्थ्य सेवाको कुरा गर्दा गाँउपालिकाका प्राथमिक स्तरका स्थास्थ्य चौकीहरु मात्र छन | उक्त चौकीहरुमा डाक्टर अभार वल्य ल्याब सेवा नभएकोले अलिक गम्भिर प्रकारको रोगको लागि सबैभन्दा नजिकैको धुलिखेल अस्पताल जानु पर्ने बाध्यता छ जुन बर्षातको समयमा निक्कै कठिन र कष्टकर हुने गर्दछ | यस स्थानीय तहमा पूर्ण खोप प्राप्त १ बर्ष मुनिको बालबालिका ८७.९% मात्र रहेको छ । झाडापखाला, निमोनिया, क्षयरोग यस गाँउपालिकाका प्रमुख रोगहरु हुन ।

राष्ट्रिय जनगणना २०६८ को तथ्याङ्क अनुसार गाँउपालिकामा धाराको पानीको पहुँच ८४.५% घरधुरीमा मात्र पुगेको छ भने केवल ६६% घरधुरीमा मात्र शौचालय रहेको छ | तर गाँउपलिका हाल खल्ला दिशामुक्त घोषणा भैसकेको छ र शौचालयको पहुँचमा व्यापक सुधार भएको अवस्था छ । गाँउपालिकामा जमीन र घरमा महिलाको स्वामित्तलाई हेर्दा जमीनमा ६.८७% र घरमा ३.२% मात्र महिलाको स्वामित्त देखिन्छ | त्यसैगरी महिला घरमुली भएको परिवार १२.६% पुरुष घरमुली भएको परिवार ८७. ३९% रहेको छ | खाना पकाउनको लागि काठ/दाउरा ईन्धनको मुख्य BT (९८.५%) हो भने करिब ६५% घरधुरीहरु बत्ती बिजुलीको गाँउपालिकामा रेडियो, टेलिभिजन टेलिफोन बाल्नको लागि बिजुलीको प्रयोग गर्दछन । यस गाँउपालिकामा रेडियो, , कम्प्युटर, गोन, मोटरसाईकल आदि जस्ता आधुनिक घरयासी सामानहरु नभएका घरधुरीहरु अहिले पनि ३५% छ |

भौगोलिक विकटता, सडक तथा यातायाताको अभरा चेवतना को कमी जस्ता कारणहरुले गर्दा २१.२२% स्थानीय समुदाय गाँउपालिकामा रहेका सुविधाहरु बाट समेत बन्चित रहेकाछन । निक्कै विकट गाँउपालिका भएकोले पालिकाभित्र हालसम्मपनि रोजगारमुलक कुनैपनि प्रकारका ठूला उद्योगहरुको विकास हुन सकेको छैन । कृषि तथा पशुपालन नै यस गाँउपालिकाको मुख्य आर्थिक क्षेत्र हो । तर कफि बाहेक अन्य कृषि वालिको लागि यहाँ पकेट क्षेत्रहरुको बिकास हुन सकेको छैन | कृषकहरुले सहुलियत, तालिम, कृषि

उपकरण, बिउ र मल समेत सहज रुपमा प्राप्त गर्न सकेका छैनन । गाँउपालिका घरेलु स्तरका स-साना २६८ वटा आथिक एकाईहरु रहेका छन जसले कुल ६७३ वटा रोजगार प्रदान गरेको छ ।

मानव विकासका सूचाङ्कहरु मा हेर्दा समेत महाभारत गाउपालिका कमजोर दांखिन्छ । महाभारत गाँउपालिकाको समग्र मानव सूचाङ्क ०.४३६ छ भने काभ्रेपलान्चोक जिल्लाको सदरमुकाम धुलिखेल नगरपालिकाको समग्र मानव सूचाङक ०.५७२ रहेको छ । महाभारत गाँउपालिकाको विकासका अन्य सूचकहरुलाई जिल्ला सदरमुका धुलिखेलसंग तुलना गरेर हेर्दा समेत बिकासको सूचकहरुमा यो गाँउपालिका अत्यन्त पछाडी रहेको छ । महाभारत गाँउपालिकामा मानिसहरुको सरदर आयु ६८. ३६ बर्ष (धुलिखेल ६९.८८ बर्ष), विद्यालय रहने औसत अवधि २.७४ बर्ष (धुलिखेल ५.५८ बर्ष) र शैक्षिक सूचाङ्क ०.२९३ (धुलिखेल ०.५१६)छ ।

२.११ चुनौती तथा अवसर

महाभारत गाँउपालिकाको वस्तुगत विवरण तयार पश्चात सोही विवरणहरुको आधारमा योजना तर्जुमा टोलीले विकासका चुनौती तथा अवसरहरुको पहिचान गरेको छ । संघीय राजधानी काठमाण्डौसंग नजिकै रहेको जिल्लामा अवस्थित भएतापनि भौगोलिक बिकटता लगायत भौतिक र सामाजिक आर्थिक पूर्वाधारहरुको कमीले गर्दा यो गाँउपालिका विकासमा निक्कै पछी परेको छ । यस गाँउपालिकामा रहेका प्राकृतिक सम्पदा र कृषि उपजहरु राजधानी काठमाण्डौमा बिक्री गरेर राम्रो आम्दानी गर्न सकिने संभावना रहेको छ । कृषि, पशुपालन, तरकारी तथा फलफुल खेती आदिमा स्थानीयवासीहरुलाई सहभागी गराई व्यवसायीकरण गर्ने सकिने देखिन्छ। भौतिक पूर्वाधारहरुको निक्कै अभाव रहेकोछ । गाँउपालिका पूर्ण रुपमा ग्रामिण परिवेशको भएकोले आयमूलक रोजगारीको विस्तार अपेक्षित रुपमा हुन सकिरहेको छैन । महाभारत गाँउपालिकाको यस आवधिक विकास योजनाले यी सबै चुनौतीहरुको सम्बोधन गर्ने प्रयास गरेको छ । महाभारत गाउँपालिका वा यस क्षेत्रको आर्थिक, सामाजिक, साँस्कृतिक, राजनीतिक विकासबाट काभ्रेपलान्चोक जिल्लाको दक्षिणी क्षेत्रमा बसोवास गर्ने झण्डै ५० हजार जनसमुदायले फाइदा लिन सक्ने देखिन्छ । आवधिक विकास योजना तर्जुमा गर्ने विभिन्न चरणहरुमा गाउँपालिकाको यीनै विकासका प्रमुख संभावना, अवसर, समस्या तथा चुनौतिहरुको घनिभुत रुपमा छलफल तथा विश्लेषण गरी आवधिक विकास योजनालाई मुर्त रुप दिईएको छ । यसप्रकार गाउँपालिका क्षेत्रको समष्टिगत विकासमा देखिएका सम्भावनाहरु, चुनौतिहरु, अवसर र समस्याहरुको छलफल गरी आएका निचोडहरुको छोटकरीमा देहाय वमोजिम प्रस्तुत गरिएको छ ।

२.११.१ बिकासका अवसरहरु

सहभागितात्मक रुपमा गाउँका सम्पूर्ण सरोकार वर्ग, निकाय तथा संघ सस्थाको सहभागितामा भएको छलफल, विगतका प्रयास र उपलब्धिहरुको समीक्षा तथा वस्तुस्थिति विवरणबाट पहिचान भएका गाउँ विकासका अवसरहरुलाई वमोजिम गरिएको अवसरहरु गाउँको विकासका अवसरहरु देहाय वमा जम प्रस्तुत का । यी अवसरहरु गाउका सामान्यरुपमा प्रस्तुत गरिएको अवधारणा मात्र हुन यसको अलावा थप नयाँ

अवसर पनि हुन सक्दछन त्यसलाई पनि यस आवधिक विकास योजनाले अवसरको रुपमा लिन कुनै वाधा पार्न छैन ।

क) कृषिमा उन्नत प्रविधिको प्रयोग

यस गाउँपालिका खाद्य उत्पादनको लागि त्यति धेरै सम्भावना नभएतापनि कृषिका अन्य उत्पादनको व्यवसायीकरण तथा बजारीकरणबाट गाउँको विकासमा फड्को मार्न संभवछ। सूचना तथा संचार प्रविधिमा आएको आमूल परिवर्तनसँग कृषि प्रविधि उपयोग गरी गाउँको आर्थिक विकासको गतिलाई तिब्रता दिन सकिन्छ | खास गरी गाउँमा बढी सम्भावनाको रुपमा देखिएको कफि, जडिबुटी , तरकारी, आलु लगायतको उत्पादनलाई यससंग जोड्न साकन्छ।

ख) दक्ष जनशक्ति उत्पादन र परिचालन

यस गाउँपालिकामा प्राविधिक र व्यवहारिक शिक्षा, परामर्श र अवसरको अभावका कारण गाउँका उत्पादनशिल जनशक्ती विशेष गरी ठूलो संख्यामा युवाहरु विदेश तथा शहर पलायन हुने गरेका छन | यसका साथै देश तथा वाह्य बजारमा प्राविधिक सीपयुक्त मानव संसाधनको अत्यधिक माग रहेको छ | फलस्वरुव यस गाउँपालिकामा कार्यरत सरकारी, गैर सरकारी र नीजि क्षेत्रको लगानी तथा साझेदारीमा गाउँका मानविय शक्तिलाई दक्ष्य र शिपयुक्त बनाउन सकिने अवसर गाउँपालिकाको लागि रहेको छ ।

ग) धार्मिक तथा ऐतिहासिक स्थलहरु हुनु

महाभारत गाउँपालिका जिल्लाको दक्षिणको ढोकाको रुपमा अवस्थीत रहेकोले यसलाई थप नयाँ अवसरको रुपमा लिन सकिन्छ जहाँ पर्यटन व्यवसाय लगायत थुप्रै नया आर्थिक गतिविधिहरु संचालन गर्न सकिन्छ | यस गाउँपालिकामा उत्पादीत जडिबुटी, फलफुल लगायत अन्य नगदे वालीको बजारीकरण गर्न हाल निर्माणाधिन पिङगथली-राजवास-चारकिल्ला-तिनखुट्टे-देवीटार मार्गलाई एक अवसरको रुपमा लिन सकिन्छ |

घ) लघुजलविद्युतको प्रशस्त संभावना

गाँउपालिकामा प्रशस्त खोलानाल रहेकोले लघु-जलविद्युतको प्रशस्त संभावना छ । लघु-जलविद्युतको माध्यमबाट गाँउमा लघु, घरेरल सुान ा उद्योगहरुको विकास हुन सक्ने प्रचुर संभावना छ | जसबाट गाउँमा रोजगारी तथा आर्थिक विकासका नयाँ अवसरहरु खुल्ने छन ।

ङ) संस्थागत क्षमता तथा सुशासन अभिवृद्धि

प्रभावकारी विकास प्रक्रियामा संस्थागत विकास, श्रोत परिचालन तथा सुशासन प्रमुख माध्यमको रुपमा रहेको हुन्छ । नेपालको समग्र विकास प्रक्रियामा जस्तै यस गाउँपालिकाको विकास प्रक्रियामा संस्थागत विकास श्रोत परिचालन र सुशासन सम्बन्धि समस्याहरु विद्यमान रहेका छन् । फलस्वरुप विकास कार्यहरु परिमाणमुखी र प्रभावकारी हुन सकेका छैनन । यस सम्बन्धी उपलब्ध संवैधानिक तथा कानूनी व्यवस्था, औजार तथा रणनीतिहरुको राजनीतिक, प्रशासनिक र नागरिकस्तरबाट समेत परिपालना गर्न सके गाउँ

विकासको अवधारणा अनुसार विकास कार्यलाई दिशानिर्देश गरी अपेक्षित परिणाम तथा प्रभावकारीता हासिल गर्न संभव हुनेछ ।

२.११.२ विकासका प्रमुख सम्भावनाहरु

पहाडी भूभाग, बाह्य वसाइसराइ तथा विकट भौगोलिक वनावटको कारणले महाभारत गाउँपालिका वा यस क्षेत्रमा खाद्यवालीको संम्भावना भने धेरै नै न्यून देखिन्छ । स्थान विशेषत केही क्षेत्रमा जिविकोपार्जनको लागि खाद्य वालीको उत्पादन हुने सम्भावना रहेतापनि समग्र गाउँपालिका क्षेत्रमा खाद्यान्त वाली उत्पादनलाई व्यवसायिकता दिन भने कठिन नै देखिन्छ | यसको अलावा गाउँमा कफि, फलफुल तथा जडिबुटी उत्पादन र पशुपालनको भने प्रयाप्त सम्भावना छ | साथै यस गाउँपालिका भएर विभिन्न खोलानाहरु वहने हुँदा लघुजलविद्युतबाट प्रशस्त फाइदा लिन सकिने देखिन्छ । गाउँमा विकासको संम्भावनालाई देहाय वमोजिम विशिष्टिकरण गर्न सकिन्छ ।

क) परम्परागत सिप र प्रविधिको विकास तथा विस्तार

तुलनात्मक रुपमा जिल्लाको विकट स्थानमा अवस्थीत गाउँपालिका भएकोले स्थानीय सिप र प्रविधिको विकास तथा विस्तार गर्न सकेमा गाउँ विकासमा योगदान हुने देखिन्छ । गाउँपालिका क्षेत्रको जातजाती, भाषा, धर्म, सँस्कृति र भौगोलिक क्षेत्र अनुसार स्थानीयबासीहरुमा स्थानीय तथा परम्परागत ज्ञान, सीप, र प्रविधिहरु प्रचलनमा रहेको पाइन्छ । उक्त ज्ञान, सीप र प्रविधिहरु समयानुसार परिमार्जन हुँदै समेत आएका छन् । त्यसैगरी कृषि, व्यवसाय, वन, शिकतथ्ा सष्वाास्थ ्य जस्ता क्षेत्रमा विभिन्न निकायहरुबाट नागरिकहरुमा ज्ञान तथा सीपको हस्तान्तरण हुँदै आएको छ । उक्त सीप तथा प्रविधि हस्तान्तरण कार्यक्रमबाट वस्तु तथा सेवा उत्पादन गर्ने वातावरण निर्माण भएको छ | हाल गाउँपालिका क्षेत्रमा सडक पूर्वाधार, यातायात, संचार सेवा र सुविधा तथा सूचना प्रविधि विकासको शुरुवात भएकोले स्थानीय तथा परम्परागत ज्ञान, सीप र प्रविधि परिचालन र बृद्धि समेतमा सहयोग पुग्ने देखिन्छ ।

ख) पशुपालन

गाई, भैसी र बाख्रापालनको लागि उपयुक्त हावापानी भएकोले यस्ता क्षेत्रमा विविध पशुपालनको सम्भावना रहेको देखिन्छ | पशु पालनको लागि सम्भाव्य देखिएता पनि गाउँका किसानहरु अझै त्यसतर्फ व्यवसायिक रुपमा भने परिचालित हुन सकेको अवस्था भने देखिदैन | महाभारत गाउँपालिकामा पशुपालनको विकासको लागि पकेट क्षेत्र बनाई सोही वमोजिम कार्यक्रम संचालन गर्न सकेमा थप आर्थिक अभिवृद्धि हुने देखिन्छ ।

ग) लघु जलविद्युतको विकास

यस गाउँपालिका रहेका खोलानालाहरुबाट प्रशस्त मात्रामा लघु जलविद्युत्त निकाल्न सकिने प्रवल सम्भावना रहेको हुँदा यसको उत्पादन पश्चात गाउँमा थप नया रोजगारी र आर्थिक विकासका नयाँ क्षेत्रहरुको ढोका खुल्न सक्ने देखिन्छ | यसको विकासबाट गाउँमा विद्युतको उत्पादन भै स्थानिय स्तरका लघु, घरेलु

उद्योगहरु समेत विकास हुने भएकोले रोजगारीका नयाँ अवसहरु समेत प्राप्त हुने र गाँउपालिकालाई राजश्वका नयाँ स्रोतहरु हुने संभावना छ ।

घ) जडिबुटिको बिकास

महाभारत गाउँपालिकामा जडिबुटीलाई ब्यवसायीकरण गर्न सकिएमा गाउँवासीको आर्थिक विकासमा मनग्य फाइदा लिन सकिने अवस्था छ । जडिबुटी उत्पादनको लागि हावापानी अनुकुल भएकोले गाउँपालिकाका विभिन्न स्थानमा जडिबुटी उत्पादनलाई अभियानको रुपमा लैजान सकेमा यसले स्थानीयवासीको आयआर्जनमा उल्लेखनिय रुपमा टेवा दिन सक्ने देखिन्छ ।

ङ) प्राविधिक जनशक्तिको विकास तथा परिचालन

अल्पकालिन तथा मध्यकालिन तालिमका माध्यमबाट गाउँका युवा जनशक्तिलाई थप ज्ञान र सिप दिलाउन सकिएमा यस गाउँपालिकामा आवश्यक पर्ने दक्ष जनशक्तिको परिपूर्ति भई गाउँको आर्थिक विकासमा थप योगदान पुग्ने देखिन्छ | यसबाट गाउँमा हुने आर्थिक कारोवारमा बृद्धि भई विभिन्न क्षेत्रसँग सम्बन्धित आर्थिक गतिविधिहरु बढने सम्भावना देखिन्छ ।

च) बैंक तथा सहकारी विकास

अनौपचारिक क्षेत्रबाट समुह, उपसमुह संचालन भएतापनि बैंकिङ तथा अन्य वित्तिय संस्थाको विकास भने यस पालिकामा अझैसम्म हुन सकेको छैन् । तसर्थ सहकारी तथा वैकिङ्ग क्षेत्रको विकास र विस्तार गरी गाउँपालिकाबासीलाई स्थानीय स्तरमानै यस्ता सेवा दिनुपर्ने आवश्यकता रहेको छ | छरिएर रहेको पूँजिलाई सहकारी र वैकिङ्को माध्यमबाट एकीकृत गरी लघु तथा घरेलु उद्योगहरुमा परिचालन गर्न सकिने प्रशस्त संभावना छ । विभिन्न किसिमका आर्थिक तथा सामाजिक र पूर्वाधार विकास सम्बन्धी कार्यहरुको बृद्धि र विकासले वैकिङ्ग तथा सहकारी विकासको संभावनामा बृद्धि गरेको छ । गाउँमा बढदै गएको यस्ता विकासको गतिविधिले वैकिङ तथा सहकारी विकासमा अभिबृद्धि हुने आशा लिन सकिन्छ ।

छ) वन व्यवस्थापन मार्फत वातावरण सेवा भुक्तानी

गाउँको अधिकांश भूभाग वन जंगलले ढाकेको गाउँपालिका मा वनको वैज्ञानिक तथा दिगो वन व्यवस्थापन गरी वनमा आशित उपभोक्ता तथा समुदायलाई यसको उपयोग गर्ने संस्था तथा कम्पनी र राज्यले कार्वन रिक्वेष्ट्रेशन तथा संचिती गरी श्रोत तथा वातावरण संरक्षणमा योगदान गरे वापत वातावरणीय सेवा भुक्तानीको प्रशस्त संभावना देखिन्छ | यसको अलावा गाउँमा प्रशस्त मात्रामा जडिबुटीको सम्भावना रहेको हुँदा त्यसको विकास र विस्तार गरी गाउँबासीको आर्थिक उपार्जन गर्न सक्ने सम्भावना देखिन्छ ।

ज) पर्यटकिय क्षेत्रको विकास र विस्तार

गाउँपालिकाका विभिन्न स्थानमा रहेका धार्मिक तथा पर्यटकिय संभावना बोकेका स्थानहरुमा पर्यटन पूर्वाधार विकास गरी त्यसबाट गाउँबासीको स्थानीय स्तरमा नै रोजगारी बृद्धि हुने प्रबल सम्भावना रहेको पाइन्छ |

२.११.३ विकासका प्रमुख समस्याहरु

यस गाँउपालिकाको सम्पूर्ण भूभाग पहाडी क्षेत्रमा पर्ने हुनाले देशका अन्य पहाडी क्षेत्रको विकासका धेरैजसो समस्या तथा सबालहरु मिल्दाजुल्दा रहेका छन् | यो गाउँपालिका आर्थिक तथा सामाजिक विकास लगायत लघु तथा घरेलु उद्योग, संस्थागत विकास, स्थानीय शासन र उत्तरदायित्व जस्ता विभिन्न क्षेत्रमा विविध समस्याहरुबाट गुखिएका छन् | गाउँपालविि◌िगतकका ◌ाप्करयाास र उपलबएवं◌् वसध्तुसी्थितहि वरिवरुण त था सहभागितात्मक छलफलबाट पहिचान गरिएका समस्याहरुलाई बुँदागत रुपमा संक्षिप्त रुपमा तल प्रस्तुत तथा विश्लेषण गरिएको छ ।

क) गरिबी, बरोजगारी र असमानता

अझै पनि गाउँपालिकाका उल्लेखनीय जनसंख्या गरिबिको रेखामुनि रहेका छन । साथै गाउँमा सामाजिक, आर्थिक र भौतिक पूर्वाधार विकास कार्यक्रमहरुको अपर्याप्तता, परिणाममुखी तथा प्रभावकारिताको कमीको कारण गाउँमा आर्थिक तथा सामाजिक विकास खासै हुन सकेको छैन । वेरोजगारीको समस्याले वैदेशिक रोजगारमा जाने तथा शहरतर्फ (काठमाण्डौ) पलयान हुनेको संख्या पनि उल्लेखनीय रुपमा रहेको छ । फलस्वरुप उत्पादनशील मानव संसाधन विशेष गरी युवाशक्ती विदेश र सहर पलायन हुने क्रम बढ्दो रुपमा रहेको छ। यसैगरी लैङ्गिक, वर्गीय, जातीय तथा क्षेत्रीय असमानता पनि विद्यमान छ। आम नागरिक विशेष गरी लक्षित वर्गको पहुँच र अवसरमा कमी र शक्तिकेन्द्र केन्द्रित शासनको परिणामस्वरुप असमानतामा कमी आउन सकेको छैन । गाउँको रणनीतिक योजना र कार्यक्रमको कमीका कारण रोजगारीको अवसरमा पनि गाउँवासीको पहुँचमा कम रहेको देखिन्छ | जसअनुसार गाउँको समग्र विकासमा समयसापेक्ष रुपमा खासै सुधार भएको पाइदैन |

ख) सेवा सुविधामा न्यून पहुँच र उपलब्धता

गाउँपालिकाको भौगोलिक अवस्थिति, विकटता, सामाजिक, आर्थिक तथा भौतिक पूर्वाधारहरुको न्यून उपलब्धता, संस्थागत विकास, श्रोत परिचालन र सुशासन अभिवृद्धिमा कमीका कारण विकास कार्यहरु परिणाममुखी र प्रभावकारी हुन सकेका छैनन् । फलस्वरुप गाउँका बासिन्दाहरुमा आधारभूत सेवा तथा सुविधाहरु समेत उपलब्ध हुन सकेको छैन । उपलब्ध सेवा सुविधामा पनि लक्षित वर्ग, क्षेत्र र समुदायका मानिसहरुको पहुँच पुग्न सकेको छैन ।

ग) उपलब्ध प्राकृतिक श्रोत र साधनको न्यून उपयोग

यो गाउँपालिका क्षेत्रमा वन, जलश्रोत तथा जैविक विविधता जस्ता नविकरणीय प्राकृतिक श्रोतहरु पर्याप्त रहनुका साथै अन्य प्राकृतिक श्रोतहरु समेतको प्रशस्त संभावना भएर पनि श्रोत साधन, प्राविधिज्ञिकान , सीप, क्षमता, उपयुक्त संस्थागत व्यवस्था, कार्यक्रम र लगानीको कमीका कारण उक्त श्रोतहरुमा उपलब्ध साधनहरुको परिचालन हुन सकेको छैन | यस सम्बन्धी उपलब्ध नीति नियम पनि व्यवहारिक रहेका छैनन्

र उपलब्ध श्रोत, साधर लनगान ी प्रर्याप्त रहेको छैन । कार्यक्रमहरु अपर्याप्त, कमजोर संस्थागत क्षमता र कार्य वातावरण समेत अनुकुल र भएका कार्यहरु समेत पारदर्शी, समावेशी र नतिजामूलक छैनन् ।

घ) भू-उपयोग तथा दीर्घकालिन र व्यवहारिक योजनाको अभाव

उपलब्ध नीति, ऐन, नियम तथा निर्देशिकाका बाबजुद हालसम्म गाउँपालिका स्तरमा कुनै पनि रणनीतबिन् नसकेको छैन | स्थानीय तहको भर्खर मात्रै गठन र संचालन भएकोले गाउँको लागि अति आवश्यक भू-उपयोग लगायत कुनै पनि दीर्घकालिन तथा रणनीतिक योजनाहरु तर्जुमा भएका छैनन् | स्वास्थ्य, शिक्षा, वन, विपद व्यवस्थापन तथा वातावरणीय क्षेत्रको राष्ट्रिय स्तरको रणनीतिहरु वनेका छन तर गाउँ विशेष भएर योजनाहरु वनाइ कार्यान्वयन भएको अवस्था देखिदैन ।

ङ) न्यून सामाजिक, आर्थिक तथा भौतिक पूर्वाधारको विकास

यस गाउँपालिकामा हालसालै छोएको मौसमी सडक यातायात वाहेक अन्य यातायातको व्यवस्था यहाँ छैन । हालैका दिनमा निर्माणाधिन रहेका सडकहरुको प्रगति पनि अपेक्षाकृत रुपमा अगाडि बढीरहेको अवस्था देखिदैन । भुकम्पबाट क्षति पुगेका सामुदायीक, सरकारी तथा नीजि संरचनाहरुको निर्मातथणा पुर्ननिर्माणको काम अति सुस्त देखिन्छ | गाउँपालिकामा अत्यावश्यक स्वास्थ्य सेवाको अवस्था धेरै नै कमजोर छ | उपलब्ध सामान्य सेवा पनि नियमित, गुणस्तरीय र भरपर्दो छैन । शिक्षामा गुणस्तरीयता, व्यवहारिक तथा रोजगार उन्मुख बनाउने कुनै नीति तथा रणनीति देखिएको छैन | खानेपानी, सरसफाई, सिचाई तथा अन्य पूर्वाधारमा कमि र नियमित हुन सकेको छैन | उपलब्ध पूर्वाधारमा समेत सर्वसाधरणको पहुँच पुग्न सकेको छैन |

च) गाँउपालिकाको न्यून त्रोत परिचालन क्षमता

दुर्गम पहाडी भुभाग त्यसमा पनि कमजोर संस्थागत क्षमता, आवश्यक ज्ञान तथा सीप, भौतिक सुविधा र कार्य प्रक्रियाको कमीको कारण आन्तरिक श्रोतको परिचालन हुन सकेको छैन भने उपलब्ध अनुदान, श्रोत तथा साधन समेत परिणाममुखी र प्रभावकारी उपयोग हुन सकेको छैन । स्थानीय शासन साझेदार विशेष गरी लक्षित वर्ग तथा समुदायहरुको क्षमताको न्यूनताका कारण आन्तरिक तथा वाह्य श्रोत साधनको प्रभावकारी परिचालन हुन सकिरहेको छैन । संभाव्य श्रोतहरुको अध्ययन तथा खोजि, अनुमान तथा प्रक्षेपण, सम्बन्धित निकाय तथा पक्षसँग समन्वय, संविधानले व्यवस्था गरेका अधिकारमा आधारीत विषयहरुमा नीतिगत अड्चन तथा प्रयाप्त ऐन नियमहरु तयार गर्न सकिएको छैन तथा न्यून क्षमताका कारण प्रभावकारी रुपमा विकास आयोजनामा आन्तरिक, केन्द्र, वाह्य, नीजि तथा सामुदायिक श्रोत तथा साधनको परिचालन हुन सकिरहेको छैन ।

छ) कमजोर संस्थागत क्षमता तथा कार्यदक्षता

गाउँपालिकामा क्रियाशिल संघ सस्था तथा निजी क्षेत्रका साझेदारहरुको कमजोर संस्थागत क्षमता विकासले देशका अन्य पालिकाहरुमा जस्तै यस गाउँपालिकामा पनि उही समस्या भोग्नु परीराखेको अवस्था छ ।

गाउँपालिकाको योजनाबद्ध विकास गर्न दक्ष कर्मचारीहरुको अभाव रहेको देखिन्छ | देशमा विगतका लम्बिदो राजनीतिक संक्रमणकाल, राजनीतिक अस्थिरता र शान्ति सुरक्षा एवं भौतिक पूर्वाधार विकासको मन्द गतिका कारण यस गाउँपालिकामा अन्य विकट गाउँपालिकामा जस्तै प्रयाप्त सेवा तथा कार्य संचालन हुन सकेको छैन, फलस्वरुप यसबाट जनताले थूप्रै समस्या भोग्न परिराखेको अवस्थाछ |

ज) नयाँ पिढिको कृषि पेशाप्रति उदासिनता

यसै पनि विकट र भिरालो भूभाग त्यसमा पनि हालका दिनमा कृषि पेशा प्रति गाउँवासीको खास गरी युवा वर्गको झुकाव कम हुँदै जानुले गाउँपालिकाको आर्थिक विकासमा समस्याहरु देखा परिराखेको अवस्था सहजै अनुमान गर्न सकिन्छ | गाउँपालिका क्षेत्रमा खाद्यान्नको उल्लेखनीय रुपमा आयात हुने र अन्य थुप्रै कृषि वालीहरुको समेत आयात हुने हुँदा यसतर्फ गाउँपालिकाले विशेष ध्यान दिनुपर्ने देखिन्छ | खाद्यान्न वाली उत्पादनमा समस्या देखिएता पनि अन्य व्यावसायीक खेती तर्फ किसानको ध्यान जान सकिरहेको अवस्था पाईदैन जसले गर्दा युवा जमात वैदेशिक रोजगार वा शहर पलायन हुने गरेका छन |

झ) भिरालो भूगोल तथा छरिएर रहेका वस्तिहरु

छरिएर गाउँको भौगोलिक अवस्थिति तथा वनावटका कारण गाउँपालिकाका धेरैजसो गाउँ तथा वस्तीहरु कठिन रहेका छन् तथा दुर्गम रहेका छन् | परिणामस्वरुप उक्त गाउँवस्तीहरुका सेवा तथा सुविधाको प्रवाह कठिन वस्तीहरुलाई रहेकोछ, सेवा विस्तारका कार्यहरुमा लागत मूल्य अत्याधिक रहेको छ । तसर्थ छरिएर रहेका वस्तीहरु एकत्रित गरी एकीकृत वस्ती विकासको योजना सहित विकास तथा सेवा प्रवाहका कार्यका लागि व्यवहारिक नीति, योजना, कार्यक्रमको अभाव रहेको छ |

ञ) वसाइसराई र वैदेशिक रोजगारी

गाउँमा भएका आर्थिक तथा सामाजिक विकास एवं रोजगारी लगायतका कार्यक्रमको कमी र उचित वातावरणका कारण युवा वर्गहरुमा काठमाडौं र विदेशमा जाने प्रबृतिमा बृद्धि भइरहेको छ | गाउँबाट उर्जाशिल युवाशक्ति रोजगारीका लागि शहर तथा विदेशिने क्रम बढ्नु समग्र विकासको एक प्रमुख समस्याको रुपमा देखिएको छ ।

२.११.४ विकासका चुनौतीहरु

गाउँ विकासका विगतका प्रयास र उपलब्धीहरु एवं वस्तुस्थिति विवरण तथा सहभागितात्मक छलफलबाट पहिचान गरिएका चूनौतिहरुलाई बुँदागत रुपमा संक्षिप्तमा तल प्रस्तुत तथा विश्लेषण गरिएको छ ।

क) समग्र विकासलाई सम्बोधन गर्ने अनुकुल नीति नियम नहुनु

गाउँको भौतिक, भौगोलिक, सामाजिक,आर्थिक र सामाजिक विशेषता अनुकुल नीति, नियम र योजनाको अभाव रहेको छ । भएका नीति, नियम, व्यवस्था र योजनाहरु पनि व्यवहारिक र समय सापेक्ष देखिदैनन्

। त्यसमा पनि जिल्लाको विकट महाभारत गाउँपालिका जस्ता क्षेत्रको लागि आवश्यक पर्ने उपयुक्त नीति नियमको खाँचो रहेको छ ।

ख) जलवायू परिवर्तनको प्रभाव बढ्नु

कार्वन लगायत ग्रिनहाउस ग्यासहरुको बढ्दो उत्सर्गनको कारण विश्व तापमानमा बृद्धि भएको छ र यसबाट विशेष गरी विकासोन्मुख तथा अल्पविकसिक देश त्यसमा पनि ग्रामीण जनताको जनजीविका, श्रोत र साधनमा नकारात्मक प्रभाव परिरहेको छ। समयमा वर्षा नहुनु, लामो समय खडेरी हुनु, अतिबृष्टि, खण्डबृष्टि तथा अनावृष्टि हुनु, गर्मी तथा जाडोमा बृद्धि हुनु, तापक्रम बढ्नु, वनस्पतिको जीवनचक्रमा बदलाव देखिनु, कृषि तथा वनबालीमा रोगकिराको प्रकोपमा बृद्धि हुनु जस्ता जलवायु परिवर्तनका लक्षणहरु देखिन थालेको छ । यस पालिका क्षेत्रका विभिन्न स्थानमा भू-क्षय तथा पहिरो जस्ता प्रकोपजन्य समस्या घटाउन अनुकुलन योजनाहरु तर्जुमा र लागू हुन सकिरहेका छैनन् | फलस्वरुप विपद र यसबाट हुने मानवीय तथा भौतिक क्षतिमा सालै पिच्छे बृद्धि देखिएकोछ ।

ग) भौगोलिक विकटता हुनु तथा राज्यबाट विशेष ध्यान नदिनु

जिल्लाको दक्षिणी क्षेत्र कर्णालीको विकट भौगोलिक क्षेत्रसँग तुलना गर्दा अति सयोक्ति नहोला जहाँ राज्यबाट जुन स्तरको सेवा परिचालन हुनु पर्दथ्यो सो स्तरको सेवा सुविधाहरुको उपलब्धता भएको पाइदैन । यसतर्फ राज्यले विशेष ध्यान दिनुपर्ने आवश्यक देखिन्छ । खास गरी संविधानमा व्यवस्था भए अनुसार विशेष क्षेत्र विकासको अवधारणा यस पालिका क्षेत्रको लागि लागु हुन्छ |

घ) पुरातनवादी संस्कृति/संस्कार कायम रहनु

समय र विकासको सोचमा तुलानात्मक रुपमा परिवर्तत आएको भएता पनि गाउँ विकासका प्रमुख साझेदारहरु कमैमा यस प्रति सचेत रहेको नागरिकले महशुस गर्न पाएका छैनन् | अधिकांश सरोकारवाला संस्था र व्यक्तिमा पुरातनवादी सोच र संस्कार कायम रहेको देखिन्छ । यसबाट विकास कार्य नतिजामुखी र प्रभावकारी हुन सकेको छैन | विकासलाई अझैपनि भागवन्डामा सिमित राखिएको छ । प्राथमिकताको नीतिलाई अझैपनि अवलम्बन गर्न सकेको अवस्था छैन ।

ङ) आन्तरिक रोजगारी सृजना गर्न नसक्नु तथा युवा शक्ति पलायन हुनु

गाउँको सम्भावनालाई रोजगारी सृजना गर्ने कुनै पनि नीति नियम वन्त सकेको छैन | फलस्वरुप उत्पादनशिल श्रमशक्ति विशेष गरी युवाशक्ति विदेश तथा शहर पलायन भैइरहेका छन् । यो क्रम बढ्दो क्रममा रहेको छ । साथै बैदेशिक रोजगारमा जाँदा भएका घाइते र मृतकको संख्या पनि दिनहु बढदो क्रममा रहेको छ |

च) विकासको प्राथमिकता निर्धारण गर्न नसक्नु र श्रोत साधन उपलब्ध गराउन नसक्नु

खास गरी जनजाति (तामाङ) समुदायको वाहुल्यता रहेको यस क्षेत्रको विकासमा प्राथमिकता अनुसार श्रोत साधनहरुको व्यवस्था गर्न नसक्नु राज्य तथा स्थानीय सरकारको कमजोरीको रुपमा रहेको छ । साथै गाउँपालिकाको प्राथमिकता तथा समस्यालाई हेरी विकासका कार्यक्रमहरु लैजान नसक्नुले समग्र जिल्लाकै विकासमा समस्याहरु देखिएका छन र यहाको चूनौति पनि यही नै रहेको छ ।

छ) बाह्य स्रोतमा अत्यधिक निर्भरता

गाँउपालिकाको आन्तिरक आयमा स्रोतहरु न्यून रहेको र ा तथा प्रदेश सरकारबाट प्राप्त हुने निशर्त, शसर्त अनुदान र बजेटबाट स्थानीय बिकास निर्माणमा कार्यहरु गर्नुपर्ने अवस्था रहेकोले गाँउपालिका बाह्य त्रोतमा अत्यधिक निर्भर रहेको छ | राजश्वको आन्तरिक श्रोतहरुको पहिचान गर्नको लागि गाँउपालिकाले राजश्व अभिवृद्धि कार्ययोजना तर्जुमा गर्नुपर्ने देखिन्छ |

२.१२ समस्या संभावना (SWOT) विश्लेषण

योजना तर्जुमाको क्रममा कुनै पनि स्थान र संघ/संगठनको सवल पक्ष (Strength), कमजोर पक्ष (Weakness), अवसर (Opportunity) र चुनौतीहरुको (Threat) विश्लेषण गर्नको लागि SWOT एक महत्वपूर्ण विधि/प्रविधिहो | सामान्यतया सवल र कमजोर पक्षहरु आन्तरिक कारणहरुसंग सम्बन्धित हुन्छन भने अवसर र चुनौतीहरु बाह्य कारणहरुसंग सम्बनहुने धगिर्दतछन | गाँउपालिकाको विद्यमान वस्तुस्थितिको विश्लेषण, स्थलगत सर्वेक्षण, विभिन्न सूचना सम्वाहकहरुसंगको अन्तरक्रिया र सरोकारवालहरुसंगको छलफलहरुबाट यस गाँउपालिकाको चुनौती र अवसरहरुलाई तलको SWOT तालिकामा प्रस्तुत गरिएको छ |

तालिका १४: महाभारत गाँउपालिकाको SWOT विश्लेषण

	सवल पक्ष (STRENGTH)	कमजोर पक्ष (Weakness)
आन्तरिक कारणहरु	▪ स्थिर स्थानीय सरकार ▪ प्रशस्त वन क्षेत्र (७४.४%) ▪ लघु जलविद्युतको प्रशस्त संभावना ▪ कफि, फलफुल, पशुपालन र, तरकारी खेतिको पकेट क्षेत्रखेलतको पके ट क्षेत्र विकास गर्न सकिने ▪ राजधानी काठमाण्डिड ौबाट नजिकैरहेको	▪ कमजोर भौतिक पूर्वाधार ▪ भौगोलिक विकटता, पहिरो र भूक्षय ▪ भिरालो जमीन र छरिएर रहेका वस्तीहरु ▪ राष्ट्रिय राजमार्गसंग पहुँच नभएको ▪ गाँउपालिकाको पाश्रोचित्र र अन्य योजना दस्तावेजहरु नभएको ▪ गुणस्तरहिन ग्रामिण सडकहरु ▪ कमजोर बजार पूर्वाधार ▪ परम्परागत र निर्वाहमुखी कृषि प्रणाली ▪ शिक्षार स्वास्थ्य जस्ता सामाजिक पूर्वाधारहरुको कमजोर अवस्था ▪ न्यून साक्षरता (५७%) र कमजोर स्वास्थ्य पहुँच ▪ गरिबी, बरोजगारी र असमानता
बाह्य कारणहरु	अवसरहरु (Opportunities)	चुनौतीहरु (Threats)
	▪ सूचना प्रविधिको प्रयोग द्वारा पारदर्शी, उत्तरदायी र प्रभावकारी सेवा प्रवाह गर्न सकिने स्थानीय प्राकृतिक सम्पदाको ▪ समुचित प्रयोगद्वारा गाँउपालिकाको आन्तरिक आम्दानी बढाउन सकिने स्थानीयवासीको जिवनस्तरमा सुधार ल्याउन सकिने ▪ गुणस्तरिय शिक्षा र स्वास्थ्य सेवाको लागि संघीय र प्रादेशिक सरकारसंग समन्वय गर्न सकिने ▪ कफि, तरकारी, पशुपालन र फलफुलको पकेट क्षेत्र विकास गरी आम्दानीको स्रोत बढाउन सकिने	▪ बाह्य स्रोतमा अत्यधिक निर्भर (९८.७%) ▪ युवाहरुको वैदेशिक रोजगार र काठमाण्डौ तर्फ हुने बसाईसराई ▪ दक्ष जनशक्ति बाहिरबाट ल्याउनु पर्ने ▪ प्राकृतिक सम्पदाहरुको अतिक्रमण ▪ जमीनको बढदो खण्डीकरण ▪ पहिरो, भूकर ्प्षराकयृति क प्रकोपको न्यूनिकरण र रोकथाम ▪ अनाधिकृत र जथाभावी विकास निर्माण ▪ सार्वजनिक सम्पतिको सुरक्षा र अतिक्रमण ▪ भवन संहिता र बिकातसथा निर्माण मापदण्डहरुको पूर्ण कार्यान्वयन

परिच्छेद ३ समष्टिगत योजनाको अवधारणा

३.१ पृष्ठभूमि

देशको कुनै पनि भूभागको विकास त्येसको योजनामा आधारित हुन्छ। योजनाबद्ध विकास गर्नु कुनैपनि गाउँको प्रमुख एजेन्डा हुने गर्दछ। त्यसै अनुरुप यस आवधिक योजना निर्माण पनि योजनावद्ध विकासको अपरिहार्य कार्यका रुपमा हामीले लिएका छौं। कुनै पनि योजना को सुरुवात, त्येस गाउँको दिर्घकालिन सोचमा अधिएको हुन्छ जसले योजनाको मार्ग दर्शाउने गर्दछ। दिर्घकालिन सोचको निर्माणले आवश्यक उपयुक्त नीति, सिद्धान्त, रणनीति, कार्यक्रम पहिचान गर्न सहज हुने र त्यसको स्पष्टताले योजनाले लक्षित गरेका सूचकहरुको पहिचान गरि सोच हासिल गर्न सकिन्छ। महाभारत गाउँपालिकाका अग्रणी क्षेत्रहरुमा कृषि, पर्यटन, उद्योग तथा पूर्वाधार विकासलाई मानिएको छ। यस आवधिक योजनामा पनि तिनै क्षेत्रहरुलाई गाउँपालिकाको दिर्घकालिन विकासका प्रमुख पक्षहरु मानिएको छ।

३.२ योजना खाका

दीर्घकालिन सोच

हामीले यस गाउँपालिकाले अपनाएको सोचलाई नै आधार मानेका छौं।

"कृषि पर्यटन र पूर्वाधार

महाभारत गाउँपालिकाको विकासको मूल आधार"

निर्देशक सिद्धान्त

यस गाउँपालिकाले तल उल्लेखित चार वटा निर्देशक सिद्धान्तलाई विकास र समृद्धिका योजना कार्यान्वयन गर्ने र सरकार संचालन गर्ने मूलमन्त्रको रुपमा ग्रहण गर्नेछ।

- **व्यवस्थित भू-उपयोग र योजनावद्ध विकास**: कृषिको दिगो विकासका लागि भविष्यमा समेत उपर्युक्त खेतीयोग्य जमिनको सुनिश्चितता गर्न र व्यवस्थित विकास प्रवर्धन गर्न आवश्यक भू-उपयोग नीति आत्मासाथ तथा स्थानीय तहको नीति पालना गर्न संयन्त्र, कानुनि र नीतिगत व्यवस्था गरि कार्यान्वयन गरिन्छ
- **पारदर्शी र प्रभावकारी सेवा प्रवाह**: स्थानीय तहलाई सेवा प्रवाह र विकास व्यवस्थापनको आधार केन्द्रको विकास गरेर जनताको आधारभूत हक अधिकारको सुनिश्चितता गर्ने र क्रमबद्ध विकास प्रोत्साहन गरिनेछ।

- **आधुनिक कृषि विकास**: कृषिलाई विकासको मूल स्तम्भका रुपमा लिइएकोले आवश्यक पूर्वाधार तयार गरि, उपकरणको व्यवस्था गरि, आवश्यक सिपको निम्ति प्रशिक्षण पनि दिइनेछ।
- **सूचना र नतिजा केन्द्रित विकास व्यवस्थापन:** यस गाउँपालिकाको विकास मुल्यांकन गर्ने प्रणाली विकास गरि नियमित तुलना गर्दै निर्देशित विकास गर्न जोड दिइनेछ।

रणनीतिक लक्ष्य

यस प्रथम आवधिक योजनालाई महाभारत गाउँपालिकाको दिर्घकालिन सोच प्राप्त गर्ने आधार योजनाको रुपमा रहनेछ। गाउँपालिकाको सोच तर्फ उन्मुख हुनका लागि देहाय अनुसारको लक्ष्य लिइएको छ:

"आर्थिक रुपले , सुखी र सम्पन्न महाभारत गाउँपालिकाको मूल आधार तयार गर्ने"

उद्देश्य

- स्थानीय उत्पादन, रोजगारी र आयमा गुणात्मक तथा दिगो वृद्धि गर्नु
- स्वस्थ, सिर्जनशील, शिक्षित र सीपयुक्त मानव संसाधनको विकास गर्नु
- पारदर्शिता र जवाफदेहिता सहितको सेवा प्रवाह, कार्यसम्पादन विकास गर्नु

रणनीतिक स्तम्भ

लिइएको रणनीतिक लक्ष्य र उद्देश्य प्राप्तिका लागि निम्न अनुसारको रणनीतिक स्तम्भ पहिचान गरिएको छ। तय गरिएको स्तम्भहरुको आधार मा निम्न रणनीतिहरु पनि तयार पारिएको छ।

स्तम्भ १:गाउँपालिकाको प्रति व्यक्ति आय वृद्धि

स्तम्भ २: चुस्त र पारदर्शी सेवा सुनिश्चितता


स्तम्भ ३: दिगो विकसित पूर्वाधार निर्माण

स्तम्भ ४: आधारभूत सेवामा पहुँच तथा गुणस्तर सुनिश्चितता

स्तम्भ ५: सुन्दर, स्वच्छ गाउँको विकास


३.३ व्ययको प्रवृति र प्रक्षेपण

क्र. सं.	विवरण	आधार वर्ष		बार्षिक प्रक्षेपण (आर्थिक वर्ष अनुसार रकम (रु. लाखमा)				
		२०८०/८१	२०८१/८२	२०८२/८३	२०८३/८४	२०८४/८५	२०८५/८६	२०८६/८७
१	खर्च							
	चालु खर्च	३३०५	३४१०	३६९६	३७३३	३७७०	३८०८	४१५६
	पुँजीगत खर्च	२५५०	२३२९	२२५७	३५६७	४५३५	४०४६	३८२१
	कुल	**५८५५**	**५७३९**	**५९५३**	**७३००**	**८३०५**	**७८५३**	**७९७७**



क्र. सं.	विवरण	आधार वर्ष		बार्षिक प्रक्षेपण (आर्थिक वर्ष अनुसार रकम (रु. लाखमा)				
		२०८०/८१	२०८१/८२	२०८२/८३	२०८३/८४	२०८४/८५	२०८५/८६	२०८६/८७
२	आय							
२.१	आन्तरिक आय	७५५	८५५	८५०	९१०	९५५	९६५	९७४
२.२	राजस्व बांडफांडबाट प्राप्त रकम	१०२४	१११०	११७०	१२४१	१३१५	१३९४	१४६४
२.३	नेपाल सरकार वित्तीय हस्तान्तरण	३५०५	३१८६	३११५	३९८१	४६७७	४७५९	४८००
	क. वित्तीय समानीकरण अनुदान	७९०	८०५	८४३	१०१२	१२१४	१२३८	१२५१
	ख. सशर्त अनुदान चालु	१९४०	१८९९	१९८७	२३८४	२८६१	२९१९	२९४८
	ग. सशर्त अनुदान पुँजीगत	६०	४२	२०	१२०	१३७	१३७	१३७
	घ. समपूरक	२००	३००	१९६	२९६	२९६	२९६	२९६
	ङ. विशेष अनुदान	५१५	१४०	६९	१६९	१६९	१६९	१६९
२.४	प्रदेश सरकार वित्तीय हस्तान्तरण	५७२	५८८	८१७	११६९	१३५८	७३६	७३९
	क. वित्तीय समानीकरण अनुदान	७४	७३	७९	८७	१०४	६६	६७
	ख. सशर्त अनुदान चालु	५८	१४४	१८५	१९०	२४७	२५०	२५२
	ग. सशर्त अनुदान पुँजीगत	१५०	१०५	५०	२५०	२५०	५०	५०
	घ. समपूरक अनुदान	२००	२००	४२४	५०९	६११	३००	३००
	ङ. विशेष अनुदान	९०	६६	८०	१३३	१४६	७०	७०
	कुल	**५८५५**	**५७३९**	**५९५३**	**७३००**	**८३०५**	**७८५३**	**७९७७**

यस गाउँपालिकाको हालको व्यय प्रवृत्ति तलको चित्रमा प्रष्ट पारिएको छ।



यस गाउँपालिकाको ५ वर्ष आवधिक योजनाको समय सिमा भित्र हुने सम्भावित आय प्रक्षेपण निम्न अनुसार रहेको छ।

यस गाउँपालिकाको व्ययको आकारमा परिवर्तन आवश्यक छ। यस गाउँपालिकाको आवधिक योजनामा निर्धारित सोच तथा लक्ष प्राप्तिका लागि हुन सक्ने व्यय वर्गीकरण तलको चित्रमा देखाइएको छ।

३.४ लगानी र स्रोत व्यवस्था

लगानीको आवश्यकता र स्रोत

नेपाल संघीय स्वरुपमा गए पश्चात सम्वृद्धिको दिशामा अगाडी बढ्नका लागि स्थानीय तह देखि नै विकास र सम्वृद्धि आवश्यक छ। तसर्थ गाउँपालिकाका सम्पूर्ण बस्ती, वडा तहसम्म यातायात, संचार, शिक्षा तथा स्वास्थ्य र सार्वजनिक सेवा सम्बन्धि पूर्वाधारको निर्माण तथा विस्तार गर्नका लागि लागनीको टड्कारो आवश्यकता रहेको छ। उच्च गुणस्तरको स्वास्थ्य, शिक्षा र पोषण सहितको मानव पुंजी निर्माण, कृषकमा नवीनतम ज्ञान तथा सीप विकास, यन्त्रीकरण, सिंचाई, भुमि विकास, चक्लाबन्दी र उच्च मूल्यका कृषि तथा वन पैदावारको विकास गरि कृषि क्षेत्रमा उत्पादकत्वमा वृद्धि गर्न आवश्यक छ। उर्जाको सहज र सुलभ उपलब्धता, आधुनिक प्रविधिको अवलम्बन र उच्च प्रविधि तथा ज्ञानमा आधारित सेवा प्राप्त गर्न लागनीको आवश्यकता पर्ने देखिन्छ।

उपरोक्त प्रकृतिका भौतिक पूर्वाधार तथा सार्वजनिक सेवा प्रवाहका लागि गाउँपालिका सम्भव भएसम्म अन्तरिक आयमा वृद्धि, राजस्व तथा गैरकर राजस्व संकलनमा तदारुकता देखाई श्रोत संकलनमा योगदान दिन सक्छ। यसका अलावा पर्यटन क्षेत्रलाई बढोत्तरी गर्दै आन्तरिक तथा बाह्य पर्यटकबाट लाभ लिन सकिन्छ

स्रोत साधनको बाँडफाँड तथा परिचालनका आधारहरू

आवधिक योजना तथा मध्यमकालीन खर्च संरचना तर्जुमाको लक्ष्य तथा उद्देश्य हासिल गर्ने गरि श्रोत र साधनको बाँडफाड तथा परिचालन गर्नु आवश्यक छ। सम्वृद्धि आधार निर्माण गर्न सार्वजनिक, निजी र सहकारी क्षेत्र बीचको सहकार्यबाट उल्लेख्य उपलब्धि हासिल हुने गरि श्रोत साधनको बाँडफाड तथा परिचालन गर्नुपर्ने छ।

स्थानीय स्तरका कार्यक्रम र आयोजना स्थानीय तहबाटनै सम्पन्न गर्ने गरि श्रोत र साधनको बाँडफाड गर्नुपर्दछ। योजनाले लिएको लक्ष्य हासिल गर्न सार्वजनिक लगानीलाई कृषि तथा वन, औद्दोगिक पूर्वाधार निर्माण र अन्य पूर्वाधार निर्माण जस्ता क्षेत्रमा लागनी केन्द्रित गर्नु आवश्यक हुन्छ। मानवपुंजी निर्माण र सोको उच्चतम उपयोगले उत्पादकत्व अभिवृद्धि, उच्चआयको आधार निर्माण र सुखको अनुभूति हुन सक्छ साथै पर्यावरण संरक्षण, सभ्य र न्यायपूर्ण समाज निर्माण तथा सुशासनलाई थप सुद्रिढ बनाउनेगरि सार्वजनिक, निजी तथा सहकारी र सामुदायिक क्षेत्रको श्रोत परिचालन आवश्यक छ। यसको साथै श्रोत साधनको बाँडफाड गर्दा समग्र क्षेत्र, बर्ग, जातजाति बर्ण, लिंगको प्रतिनिधित्व हुने गरि सार्वजनिक निजी साझेदारीको अवधारणा अनुरुप चांडो प्रतिफल प्राप्त हुने, गरिबी निवारणहुने र स्थानीय श्रोत साधनको उच्चतम उपयोग हुने क्षेत्रमा श्रोत साधनलाई परिचालन गर्न आवश्यक छ।

परिच्छेद ४आर्थिक क्षेत्र

४.१ कृषि विकास

हालको अवस्था

देशका धेरै भू-भागमा झैं यस गाउँपालिकामा पनि कृषि मुख्य व्यवासय रहेको पाइन्छ। कृषि भुमिले गाउँपालिकामा कृषिमा उपयोग भएको जमिनको अवस्था अंकित गर्दछ। यस गाउँपालिकामा ६० %. घरधुरीको मुख्य पेशा कृषि रहेको पाईन्छ। अहिलेको अवस्थामा कृषिमा प्रयोग भएको धेरै जग्गामा एक बालि बढी लगाईएको पाईन्छ। यहाँ रहेको कृषि योग्य जमिनमा अधिकांश भाग कृषक द्वारा सिंचित भएको पाइन्छ। सिचाईको लागि १,३८० घरधुरीले मोटर, १०७६ घरधुरीले पम्प सेट र केहि घरधुरीले कुलोको प्रयोग गरेको पाइन्छ। यस गाउँपालिकामा धान र कफी अधिकांश कृषकद्वारा उब्जनी गरेको देखिन्छ भने तरकारी लगायत फलफुल खेति पनि हुने गरेको छ। पशुपालनको सन्धर्भमा दुग्ध र मासुजन्य पदार्थको उत्पादन हुने देखिन्छ।

प्रमुख समस्या र चुनौतीहरु

यस गाउँपालिकामा खेति किसानीमा युवाहरु आकर्षित नभएको र अधिकांश कृषक पाको उमेरका भएको पाईन्छ। त्यसैगरी कृषि निर्वाहमुखी मात्र रहनु र भएको व्यावसायिक कृषि उपजले पनि बजार नपाउनु समस्या रहेको पाईन्छ। त्यसैगरी नक्ष सुधार सम्बन्धि जनचेतनाको कमिले उत्पादनमा कमि आउनुको साथै पशु उत्पादनको सहज बजारीकरण नभएको समस्याहरु छन्। कृष् क्षेत्रका चुनौती भनेको उपर्युक्त उपकरण र सिपबाट कृषिलाई आधुनिकरण गर्नु रहेको छ जसका लागि ठुलो लागतको साथ साथै दक्ष जनशक्तिको आवश्यक पर्दछ। रहेका स्रोतहरुको सदुपयोग गर्न जनचेतनाको कमि तथा पशु प्राविधिकहरुलाई उचित वातावरण प्रदान नगर्नु जस्ता चुनौती हरु देखिएको छ। त्यसैगरी पशुजन्य उत्पादनको स्वच्छता तथा गुणस्तर कायम गर्न पनि चुनौतिपूर्ण रहेको पाईन्छ।

प्रमुख अवसरहरु

यस गाउँपालिकाको भूमिको उर्वरता र उपयोग गर्न सकिने जनशक्ति अवसरका पक्ष हुन्। विद्युतको पहुँच र सहुलियतमा वृद्धि गर्न सके सिंचाईको पनि समस्या हल गर्न। त्यसैगरी विदेशबाट फर्किएका युवा हरुलाई सिप, ज्ञान प्रदान गरि जनशक्ति बढाउन सकिने सम्भावना रहेको छ। नयाँ प्रबिधि र नया कृषिका प्रणाली पनि प्रयोगमा ल्याई उत्पादनमा प्रशंसनीय वृद्धि गर्न सकिने देखिन्छ।

यस गाउँपालिकामा पशुपालनका लागि उपर्युक्त चरण क्षेत्र रहेको पाईन्छ भने उपर्युक्त हावापानी पनि रहेको छ। कृषि उत्पादन पनि पशुपालनका लागि चाहिने दाना उत्पादनका निम्ति पर्याप्त रहेको छ भने मासु तथा दुग्ध जन्य उत्पादनको बजार मूल्य रहेको पाईन्छ। त्यसैगरी घाँसखेती गर्ने उचित व्यवस्थाको कमि भएको

देखिन्छ भने पशुपन्छीलाई लाग्ने रोगहरुलाई निर्मुल पार्न असहज रहेको पाईन्छ। त्यसैगरी नश्ल सुधार सम्बन्धि जनचेतनाको कमिले उत्पादनमा कमि आउनुको साथै पशु उत्पादनको उपर्युक्त बजारीकरण नभएको पाईन्छ। अहिलेको अवस्थामा बढ्दै गरेको पशु सेवा प्राविधिकहरु र गाउँपालिका स्तरमा पशुसेवा प्रसार संयन्त्रले नयाँ अवसर प्रदान गरेको देखिन्छ।

सोच

कृषिमा आधुनिकीकरण सहितको व्यवसायीकरण

लक्ष्य

कृषि र पशुजन्य उत्पादनको गुणस्तर तथा मात्रा वृद्धि गरी व्यवसायीकरण गर्ने

उद्देश्य

१. कृषि उत्पादन र उत्पादकत्वमा वृद्धि गरि जिवनोस्तर विकास गरिनेछ।
२. कृषि उत्पादनका लागि बजार व्यवस्था गरि व्यवसायीकरण गरिनेछ।
३. कफी खेतिको प्रचुर सम्भावना लाई आधुनिक तरिकाबाट गरिनेछ।

रणनीति र कार्यनीति

उद्देश्य	रणनीति	कार्यनीति
१. कृषि उत्पादन र उत्पादकत्वमा वृद्धि गरि जिवानोस्तर विकास गरिनेछ।	• कृषि भूमिको पूर्णता सदुपयोग गर्ने	• कृषि योग्य जमिनलाई कृषि गर्न अगुवा कृषकलाई प्रोत्साहन गरिनेछ। • युवाहरुलाई लक्षित गरि आकर्षण बढाई जनशक्तिको वृद्धि गरिनेछ।
	• कृषि भूमिको उर्वरता निरन्तर कायम गरि वृद्धी गर्ने	• कृषि गर्ने आधुनिक तरिका कार्यन्वयन गरिनेछ। • प्राकृतिक उर्भरता वृद्धि गरिनेछ।
	• कृषि उत्पादन लाई प्रवर्द्धन, व्यवसायिकरण र विविधिकरण प्रोत्साहन गरि कृषकको उद्दम्सिलता विकास गर्ने	• बीउ तथा बेर्ना को उत्पादन स्थानीयस्तरमा गरिनेछ। • सिचाई कुलो, पोखरी र अन्य आयोजना को नियमित मर्मत गरिनेछ। • नयाँ प्रविधि भित्र्याउन आवश्यक उपकरण तथा सिपमुलक कार्यक्रम गरिनेछ।

२. कृषि तथा पशुपालन उत्पादन वृद्धि गरि बजार व्यवस्था गरिनेछ।	• कृषि उत्पादनलाई बजारीकरण गर्ने	• कृषि उत्पादनलाई भण्डारण गर्ने व्यवस्था गरिनेछ। • कृषिलाई व्यवसायिक बनाउन बजार सहजीकरण गरिनेछ।
	• पशुपन्छी उत्पादन प्रवर्धन, व्यवसायीकरण र विविधिकरण गरि कृषकको उद्यम्सिल बनाउने	• पशुपन्छी क्षेत्रहरु पहिचान तथा निर्धारण गरि सो सम्बन्धि सेवा, सुविधा र प्रविधि एकीकृत रुपमा उपलब्ध गराउने व्यवस्था गरिनेछ। • पशुपालन पकेट क्षेत्रहरुमा पशुजन्य उत्पादन संकलन, प्रसोधन केन्द्रको विकास गरिनेछ। • स्थानीय उद्दमी, व्यवसायी, सहकारीको साझेदारीमा पशुपन्छी पालन, उत्पादन, प्रसोधन उद्योग तथा केन्द्र स्थापनामा जोड दिइनेछ। • इच्छुक युवा, लक्षित वर्गलाई पशुपालन उद्दम सिर्जना र विकास सम्बन्धि तालिम संचालन गर्ने। • जैविक मलको महत्त्व बारे सचेतना गरि पशुपालनमा वृद्धि गरिनेछ। • हावापानी उपर्युक्त नश्ल पशुपन्छी उपलब्धि सहज गरिनेछ। • स्थानीय माग र सम्भावना अनुसार अनुशन्धान गरि पशुपालन पकेट क्षेत्र स्थापना गर्ने।

४.२ उद्योग, वाणिज्य र आपूर्ति

हालको अवस्था

उद्योग, वाणिज्य र आपूर्ति आर्थिक क्रियाकलाप रोजगारी तथा मूल्य अभिवृद्धि शृंखलाका प्रमुख आधार , हुन्। यस गाउँपालिकामा उद्योग तथा व्यापार फस्टाउन नसकेको अवस्था छ। आपूर्तिको लागि नजिकैका सहरहरुमा पनि भर पर्नु परेको देखिन्छ। यस गाउँपालिकाको प्रमुख व्यापारिक केन्द्र देवीटार रहेको छ। उत्पादन र विक्रीको हिसाबले गाउँपालिकाको बजार केन्द्रको रुपमा आन्तरिक क्षेत्रहरु तोकिन पर्ने देखिन्छ।

प्रमुख समस्याहरु

औद्योगिक उत्पादनमा गुणस्तरीयता कायम गर्न नसक्नु औद्योगिक क्षेत्रमा पूर्वाधारको विकास बढ्न नसक्नु , महाभारत गाउँपालिकाको प्रमुख समस्याहरु हुन्। त्यसैगरी उद्यमशिलता विकासमा होमिएका युवाहरुको मनोबल सुदृध बनाउन नसक्नु र वैदेशिक रोजगारीबाट फर्केका वर्गको उचित सिप परिचालन गर्न नसक्नु पनि समस्या रहेका छन्।

अवसरहरु

यस गाउँपालिकामा कफी, धान र गहुँ जस्ता कृषि उपजहरुलाई प्रसोधन गर्ने उद्योगको निर्माण गर्न सके आर्थिक लाभ गर्न सकिने देखिन्छ। त्यसैगरी पशुपालन बाट भएका उत्पादनलाई पनि प्रसोधन तथा प्रचार गर्न सके अवसर सिर्जना हुने देखिन्छ।

सोच

कृषिजन्य उद्दोग वृद्धि गरी आर्थिक रुपान्तरण गर्नु

लक्ष्य

- औद्योगिक उत्पादन एवं उत्पादनशील सेवा सुविधाको उपलब्धता गुणस्तरमा वृद्धि गरी रोजगारीको सुनिश्चिता गर्ने

उद्देश्य

१. उद्दोग क्षेत्रको उत्पादन वृद्धि गरी रोजगारीका अवसर सिर्जना गर्ने
२. आन्तरिक निर्यात व्यापार प्रवर्द्धन गरी रोजगारी वृद्धि गर्ने
३. गाउँपालिकाको उत्पादन वृद्धि गरि आपूर्ति न्युनुकरण गर्ने

रणनीति र कार्यनीति

यस गाउँपालिकामा उद्योग क्षेत्रमा विद्यमान समस्या तथा चुनौती मध्यनजर गरि दिर्घकालिन लक्ष्य प्राप्त गर्न देहायअनुसारका रणनीति, कार्यनीति तथा कार्यक्रम राखिएको छ।

उद्देश्य	रणनीति	कार्यनीति

१. उद्योग क्षेत्रको उत्पादन वृद्धि गरी रोजगारीका अवसर सिर्जना गर्ने	• स्थानीय कच्चा पदार्थ, श्रोत र साधन, सिप तथा प्रविधिमा आधारित लघु तथा घरेलु तथा साना उद्योगको विकास र विस्तार गर्ने	• कृषि. पशु, माछा र वनमा आधारित उत्पादन, प्रसोधन र बजारीकरण सम्बन्धि उद्योगको स्थापना र संचालन गर्ने। • उत्पाहित स्थानीय व्यावासायी, सहकारी, उद्यमीको साझेधारिमा कृषि उद्योग निर्माण गर्ने। • युवा लक्षित सिपमुलक र उद्यम्सिलता विकास गर्ने तालिम कार्यक्रम संचालन गर्ने।
२. आन्तरिक निर्यात व्यापार प्रवर्द्धन गरी रोजगारी वृद्धि गर्ने	• निर्यात हुने सेवा र सुविधाको गुणस्तर बढाउन उत्पादनशील आयात र व्यवस्थापनमा जोड दिँदै निर्यात प्रवर्धन गर्ने	• निर्यातयोग्य वस्तु तथा सेवाको उत्पादन र विकासमा विकासमा स्थानीय श्रम, सिप र प्रविधिको उपयोग गर्दै पृष्ठ तथा अग्र सम्बन्धहरु सुदृढ गर्ने। • निजि क्षेत्रको प्रतिस्पर्धिप्रत्स्पर्धि क्षमता अभिवृद्धिका लागि निजि क्षेत्रसँगको साझेदारीमा वस्तुको उत्पादन, गुणस्तर सुधार र निर्यात प्रवर्धन गर्ने। • उद्योगको विकास र विस्तारद्वारा निर्यात प्रवर्धन गर्दै बस्तु तथा सेवाको बजार विविधिकरण एवं विस्तार गर्न वाणिज्य नीति निर्म्मान गर्ने। • बाह्य लगानीलाई व्यापारिक वस्तु उत्पादन र रोजगारी वृद्धिमा प्रोत्साहन गर्ने। • लघुवित्त प्रदायक संस्थाहरुसँगको सम्पर्कको विकास र बजारसँगको सम्बन्ध विस्तार गरी गरिव तथा पिछदिएका वर्ग, द्वन्दपिडित समुहलाई समेत लक्षित गरि लघु उद्यमलाई विस्तार गर्ने। • लघुउद्यम तथा साना उद्योग मार्फत स्वरोजगार व्यवसाय सिर्जना र विकासका लागि लघु कर्जा कार्यक्रमलाई प्रभावकारी बनाउने।

		• निर्यातका लागि सम्भाव्य मुख्य-मुख्य बस्तु तथा सेवाको निर्यात रणनीति तयार गर्ने। • उच्च मूल्य र कम आयतन भएका वस्तु र सेवाहरुको निकासी बढाईनेछ।
३. गाउँपालिकाको उत्पादन वृद्धि गरि आपूर्ति न्युनुकरण गर्ने।	• वाणिज्य सम्बन्धि विद्यमान संरचना, पूर्वाधार एवं आधारहरुको क्षमता अभिवृद्धि तथा सुदृढीकरणमा जोड दिँदै अधिकतम उपयोग गर्ने	• परम्परागत सीप र कौशल भएका बस्तु तथा सेवाको उत्पादनलाई संरक्षण, प्रवर्धन र व्यवसायीकरण गर्ने। • गाउँपालिकामा थप नयाँ बैक स्थापना तथा लघु उद्यमी व्यवसायिक सहकारीको विकास गर्ने। • आन्तरिक बजार तथा बस्तु र सेवाको बजारीकरणको संरचना र क्षमता अभिवृद्धि गर्ने। • स्थानीय उत्पादनको विक्रीबाट लाभ लिन संस्थागत व्यवस्था तथा पूर्वाधार विकास गर्ने। • बजार केन्द्र तथा नाकाहरुलाई व्यापारिक केन्द्रको रुपमा विकास गर्न प्रयास गर्ने।

४.३ पर्यटन

हालको अवस्था

विश्व मानचित्रमा प्राकृतिक सुन्दरताले प्रख्यात नेपाल, दक्षिण एसियाकै प्रमुख पर्यटकीय गन्तव्य रहेको छ। धार्मिक तथा सांस्कृतिक सम्पदाले सम्पन्न देशको प्राय सबै ठाउँहरुमा पर्यटकीय दृष्टिकोणले सम्भावना बोकेका छन्। यस गाउँपालिकाको प्रमुख पर्यटकीय गन्तव्यको रुपमा विकास भएको केहि वन तथा मन्दिरहरु रहेको पाईन्छ। यहाँ रहेको रानी सामुदायिक वन आन्तरिक पर्यटनका दृष्टिले अब्बल रहेको पाईन्छ।

प्रमुख समस्याहरु

हालमा कृषि पर्यटन संग सम्बन्धित उल्लेखनीय संस्था हरु संचालनमा छैनन्। पर्यटन सम्बन्धि स्थानीय तहबाट पनि चासो व्यक्त नभएको देखिन्छ।

अवसरहरु

गाउँपालिकामा नमुना खेति गरि आन्तरिक पर्यटन विकास गर्ने अवसर रहेको छ।

सोच

पर्यटकीय क्षेत्र विकास तथा रोजगारी सिर्जना

लक्ष्य

पर्यटकीय स्थलहरु, सम्बन्धित पूर्वाधार, सेवा तथा सुबिधाको प्रवर्द्धन भई पर्यटकको आगमनमा वृद्धि गर्ने

उद्देश्य

१. गाउँपालिकालाई आकर्षक तथा थप सुरक्षित गन्तब्यको रुपमा विकास गर्दै पर्यटन आगमनमा वृद्धि गरी प्रभावित परिवारको आयस्तरमा वृद्धि गर्नु

रणनीति र कार्यनीति

उद्देश्य	रणनीति	कार्यनीति
१. गाउँपालिकालाई आकर्षक तथा थप सुरक्षित गन्तब्यको रुपमा विकास गर्दै पर्यटन आगमनमा वृद्धि गरी प्रभावित परिवारको आयस्तरमा वृद्धि गर्नु	• पर्यटन प्रवर्द्धन र विकास गर्न सार्वजनिक, निजी सहकारी र सामुदायिक क्षेत्र संग साझेदारी एवं सहकार्य गर्ने	• प्रमुख पर्यटकीय स्थलहरु विकास गरि पहुँच वृद्धि गरिनेछ • एकीकृत पर्यटकीय र मनोरंजन स्थल निर्माण तथा संचालनमा निजी क्षेत्र को लगानी प्रोत्साहन गरिनेछ

४.४ बैंक सहकारी र ,वित्तीय संस्था ,समुदायिक वित्त

हालको अवस्था

बैंक तथा वित्तीय संस्था, सहकारी र सामुदायिक वित्तको आर्थिक क्षेत्र विकासमा महत्त्वपूर्ण भुमिका भएको पाईन्छ। नेपाल संविधानले सहकारी क्षेत्रलाई स्थानीय तहको अधिकारमा राखेको पाइन्छ भने स्थानीय सरकार संचालन ऐनले स्थानीय तहको मातहतमा रहेका सहकारी संस्था सम्बन्धि नीति, कानुन, मापदण्ड निर्माण, कार्यन्वयन र नियमन गर्ने लगायतका विभिन्न अधिकार स्वयम् स्थानीय तहलाई सुम्पिएको पाईन्छ। यस गाउँपालिकामा बैंकको पहुँच उचित छैन। पुरै गाउँपालिकामा २,९८९ घरधुरीको मात्र बैंकमा खाता छ भने २१२ घरधुरी बारे जानकारी नभएको पाइन्छ। ऋणको अवस्था हेर्दा १,२२८ घर परिवारले सहकारीबाट ऋण लिएको पाईन्छ। ऋण लिनुको मुख्य कारण कृषि तथा पशुपालन रहेको छ भने स्वास्थ्य उपचार, व्यापार तथा व्यवसाय, वैदेशिक रोजगारी क्रमश आउने गरेको पाईन्छ।

प्रमुख समस्याहरु

गाउँपालिका भित्र सहज उपलब्ध नभएको कारण स्थानीयलाई पहुँचको समस्या देखिएको छ। स्थानीय पहुँचमा सहजता ल्याउन सके अझै आर्थिक विकासमा ऋण तथा लगानीले सहयोग हुने अवसर रहेको देखिन्छ। त्यसैगरी अझै पनि बचतको महत्त्वको बारेमा स्थानीयलाई सजग बनाउनु चुनौतिपूर्ण देखिएको छ। सहकारी साक्षरता विस्तार गर्न र सहकारी लगानीलाई उत्पादनशील क्षेत्रमा परिचालन गर्न चुनौतिपूर्ण रहेको देखिन्छ। आर्थिक क्षेत्रमा सक्रिय भएपनि शिक्षा, स्वास्थ्य जस्ता सामाजिक क्षेत्रमा लगानी बढाउन तथा बचत तथा ऋणबिचको व्याजदरलाई सन्तुलन ल्याउन पनि चुनौतिपूर्ण रहेको देखिन्छ। त्यसैगरी अनुगमनको कमीले गर्दा गाउँपालिका,अ वित्तीय संस्था तथा स्थानीय बीच उचित साझेधारी विकास गर्न नसकिएको अवस्था छ।

अवसरहरु

पहुँच सुदृढ नभएपनि खाताको हिसाबले संख्या उत्साहाजनक रहेको देखिन्छ। बढी जनताको कुनै हिसाबको खाता भएको देखिन्छ। तसर्थ यस गाउँपालिकाको यस क्षेत्रमा सबल पक्ष भनेको अधिकांश स्थानीयको कुनै स्थानीयलाई बचत खाता हुनु देखिएको छ। त्यसैगरी सहुलियत ब्याजदर तथा दिर्घकालिन व्यावसायिक प्रयासहरुमा स्थानीय सहकारीहरूले लगानी गर्न गाउँपालिकाले सहजीकरण गरेमा आर्थिक विकासमा परिवर्तन आउने देखिन्छ। यस गाउँपालिकाको कृषिको प्रबल सम्भावनालाई मध्यनजर गर्दै वित्तीय संस्थाहरुलाई उचित अनुगमन सहित परिचालन गर्न सके, स्थानीयहरूको आय वृद्धिमा ठुलो टेवा पुर्याउन सकिने अवसर पनि रहेको छ।

सोच

स्थानीय श्रोत, श्रम, सीप र पुंजीको अधिकतम परिचालनमार्फत आर्थिक-सामाजिक रुपन्तरण

लक्ष्य

उपलब्ध स्थानीय श्रोत, श्रम, सीप र पुंजीको सामुहिक रुपमा परिचालन गरी सामाजिक सशक्तिकरण गर्ने

उद्देश्य

१. बैंक तथा वित्तीय सेवामा लक्षित वर्गको पहुँच वृद्धि भएको हुनेछ।

२. ऋण तथा लगानीमा बैंक र वित्तीय संस्थाको माध्यमबाट सहज वातावरण बनाइने छ।

रणनीति र कार्यनीति

यस गाउँपालिकामा बैंक तथा वित्तीय संस्था क्षेत्रमा विद्यमान समस्या तथा चुनौती मध्यनजर गरि दिर्घकालिन लक्ष्य प्राप्त गर्न देहायअनुसारका रणनीति, कार्यनीति तथा कार्यक्रम राखिएको छ।

उद्देश्य	रणनिती	कार्यनीति
१. बैंक तथा वित्तीय सेवामा लक्षित वर्गको पहुँच वृद्धि भएको हुनेछ।	• व्यावसायिक गतिविधिमा केन्द्रित वित्तीय सेवाको पहुँच वृद्धि गर्ने	• बैंक तथा वित्तीय संस्थाको माध्यमबाट कृषि क्षेत्रमा लगानी वृद्धि गरि पैरवी गर्ने। • आर्थिक कारोवार विस्तारका लागि बैंक तथा वित्तीय संस्थाका साखा विस्तार सहजीकरण गर्ने।
२. ऋण तथा लगानीमा बैंक र वित्तीय संस्थाको माध्यमबाट सहज वातावरण बनाइने छ।	• उद्दम्शील युवा लक्षित बैन तथा वित्तीय सेवा विस्तार गर्ने।	• युवालाई व्यासायिक ऋणमा सहुल्यता र सहजताका साथै प्रोत्साहन गर्ने। • वैदेशिक रोजगारबाट फर्केका युवाहरुको सिप सदुपयोग गर्न व्यवसाय गर्न प्रोत्साहन र आर्थिक सहजीकरण गर्ने।

४.५ आर्थिक विकासका प्रमुख कार्यक्रमहरु

क्र.सं.	कार्यक्रम/आयोजना	कुल (५ वर्षे)
	कृषि तथा पशुपन्छी	
१	बिउ तथा नक्ष सूधार कार्यक्रम	१८५
२	प्रांगारिक मल प्रबर्धन तथा व्यवस्थापन कार्यक्रम	४०
३	आत्मनिर्भर बालीलाई प्रवर्धन (धान, मकै, आलु, प्याज, गहु, कोदो आदि)	०
४	कफी खेतिको प्रवर्धन	३३०
५	तरकारी तथा फलफुल खेति प्रवर्धन कार्यक्रम	०
६	जडिबुटी प्रवर्धन कार्यक्रम	२५
७	दुग्ध प्रवर्धन कार्यक्रम	१६५
८	बृहत व्यवसायिक पशु पालन प्रवर्धन कार्यक्रम	९५
९	एक टोल एक उत्पादन कार्यक्रम	१३
१०	कृषि तथा पशु पकेट क्षेत्र विकास तथा थप विस्तार कार्यक्रम	०
११	कृषि भण्डार तथा बजार व्यवस्थापन कार्यक्रम	३८०

१२	कृषि आधुनिकीकरण कार्यक्रम	१३०
१३	खाद्द सुरक्षा कार्यक्रम	२२०
१४	कृषि तथा पशु बीमा कार्यक्रम	१०
	सिंचाई	०
१५	सिंचाईको लागि पानीकोको श्रोत पहिचान तथा संरक्षण कार्यक्रम	२५
१६	सिंचाई सम्बन्धि तालिम कार्यक्रम	२५
१७	सिंचाई आयोजनाहरुको अध्ययन तथा निर्माण कार्यक्रम	३३५
१८	सिंचाई आयोजना मर्मत/पुनरुथ्थान/थप विकास कार्यक्रम	१५०
	पर्यटन, संस्कृति तथा सम्पदा	०
१९	गुम्बा पूर्वाधार निर्माण/संरक्षण/व्यवस्थापन कार्यक्रम	१२१
२०	पर्यटकीय, सांस्कृतिक तथा सम्पदा पूर्वाधार निर्माण/संरक्षण कार्यक्रम	३५६
२१	पर्यटकीय, सांस्कृतिक तथा सम्पदा पूर्वाधार मर्मत तथा व्यवस्थापन कार्यक्रम	२६
२२	पर्यटन, संस्कृति प्रवर्धन कार्यक्रम	९७
२३	पर्यटन, संस्कृति तथा सम्पदा सम्बन्धि अध्ययन कार्यक्रम	५४
	उद्योग, व्यापार, व्यवसाय तथा आपूर्ति	०
२४	उद्योग, व्यापार तथा व्यवसाय सम्बन्धि अध्ययन	६०
२५	उद्योग, व्यापार तथा व्यवसाय सम्बन्धि तालिम	१२
२६	उद्योग, व्यापार तथा व्यवसाय प्रवर्धन पूर्वाधार निर्माण	४९५
२७	उद्योग, व्यापार तथा व्यवसाय सम्बन्धि आर्थिक कार्यक्रम	६०

४.६ आर्थिक विकासको नतिजा खाका

आर्थिक विकास

नतिजा शृंखला	सूचक		आधार बर्ष	लक्ष्य					पुष्ट्याईका आधारहरु	जोखिम तथा पूर्वानुमान
	विवरण	इकाई	०८१/८२	०८२/८३	०८३/८४	०८४/८५	०८५/८६	०८६/८७		
प्रभाव १. कृषि, पशु जन्य औद्दोगिक तथा पर्यटकीय उत्पादन एवं उत्पादनशील सेवा सुविधाको उपलब्धता गुणस्तर र उपयोगमा	आफ्नो उत्पादन र आम्दानी बाट बर्षभरि खान पुग्ने परिवार	प्रतिशत	८५।००	८८	९०	९५	१००	१००	• अध्ययन/ सर्वेक्षण प्रतिवेदन • गाउँपालिका प्रोफाईल • आर्थिक प्रतिवेदन	• सरकारी, गैसस र निजि क्षेत्रको लगानी वृद्धि हुनेछ • कृषि, औद्योगिक र रोजगारी क्षेत्रमा संघ, प्रदेश र विकास साझेदारको लगानी वृद्धि हुनेछ
	बेरोजगारी	प्रतिशत	८८।८७	८०	७१।१३	६२	५३।३९	४५		
	आर्थिक प्रतिष्ठान	सङ्ख्या	३५६	४३६	४७५	५१८	५६५	६१५		
	रोजगारी सिर्जनामा बढोत्तरी	जना	११०	२२०	४४०	८८०	१७६०	३५२०		
	उत्पादनशील उद्द्योग	सङ्ख्या	५७	१२५	१४०	१५५	१६०	१७५		
	जनशक्ति तालिम प्राप्त व्यक्ति	जना	७०८	१०६२	११६८	१२८५	१४१४	१५५५		

वृद्धि गरी रोजगारीको सुनिश्चिता तथा खाद्द सुरक्षा मा सुधार	वैदेशिक रोजगारीमा गएकाको सङ्ख्या	प्रतिशत	६	५	४	३	३	३		
प्रतिफल १.१: कृषिजन्य उत्पादनको वृद्धि, व्यासायिकरण, विविधिकरण र औद्योगिकरण भएको हुनेछ	कृषिक्षेत्रमा संलग्न घरपरिवार(कृषि र पशुपंची पालन)	प्रतिशत	९४	८५	७६	६८	६२	५५	• अध्ययन/ सर्वेक्षण प्रतिवेदन • गाउँपालिका प्रोफाईल • आर्थिक प्रतिवेदन	कृषि विकास रणनिती कार्यन्वयन हुनेछ • प्रणालीको प्रयोग हुनेछ • जलवायु परिवर्तन तथा विपद असर न्यून हुनेछ
	गैर कृषि पेशा (उद्दम, व्यापार र जागिर) मा निर्भर	जनसंख्या	४९०	५८८	७०६	८४७	१०१६	१२१९		
	उद्द्योग तथा व्यवसायमा संलग्न व्यक्ति	जना	९४०	११२८	१३५४	१६२४	१९४९	२३३९		
प्रतिफल १.२ खेतियोग्य जमीनमा सिंचाई सुविधा	सुचारु सिंचाई आयोजना	सङ्ख्या	२१	२२	२६	३१	३७	४५	• आर्थिक प्रतिवेदन	कृषि विकास रणनिती कार्यान्वयन हुनेछ

उपलब्ध भएको हुनेछ										
प्रतिफल १.३. आधुनिक पशुपालन व्यवसायको माध्यमबाट पशुजन्य उत्पादनमा आत्मनिर्भर भएको हुनेछ	स्थानीय व्यवसायिक कृषि फार्म	संख्या	५१	१०९	१३१	१५७	१८९	२२६	वस्तुस्थिति विवरण	• गाउँपालिकाका पशुपालनसम्बन्धि कार्यक्रम फलदायी भएर पशुपालनमा वृद्धि हुनेछ • पशु सेवा र प्रविधि प्रवाहमा वैकल्पिक
प्रतिफल १.४ स्थानीय कच्चा पदार्थमा आधारित उद्योगको स्थापना एवं उत्पादनमा वृद्धि तथा बजारको	उद्योग तथा व्यवसायमा संलग्न परिवार	प्रतिशत	०।०६४	२	३	४	६	९	गाउँ वस्तुस्थिति विवरण सर्वेक्षण प्रतिवेदन प्रगति/ अनुगमन प्रतिवेदन	उद्यम तथा व्यापार प्रवर्धन सम्बन्धी संघीय प्रदेश तथा स्थानीय कानुन तथा नीति तत्काल तर्जुमा भई कार्यन्वयन हुनेछ औद्योगिक
	सुचारु व्यापार व्यवसाय	संख्या	१७३	२०८	२४९	२९९	३५९	४३०		
	चालु लघु उद्‌द्योग	सङ्ख्या	१३२	१५८	१९०	२२८	२७४	३२८		
	चालु घरेलु उद्‌द्योग	सङ्ख्या	५८	७०	८४	१००	१२०	१४४		

विकास भएको हुनेछ										विकास नीति तर्जुमा हुनेछ
प्रतिफल १.५ पर्यटकीय पूर्वाधार, सेवा तथा सुविधाको प्रवर्द्धन भई पर्यटकको आगमनमा वृद्धि हुनेछ	व्यवस्थित पर्यटकीय स्थल	सङ्ख्या	१३	२६	३२	३८	४६	५५	वस्तुस्थिति विवरण सर्वेक्षण प्रतिवेदन • समिक्षा प्रतिवेदन • गाउँपालिका प्रोफाईल	संघीय संरचना अनुसार पर्यटन प्रवर्धन सम्बन्धी संघीय कानुन तथा नीति तर्जुमा हुनेछ - संघ, प्रदेश तथा स्थानीय सरकार, विकास साझेदार र निजि क्षेत्रबाट पर्यटन विकासमा लगानी वृद्धि हुनेछ
	व्यवस्थित होमस्ते र पर्यटकीय गाउ	सङ्ख्या	२	२	३	३	४	५		
	भ्रमण गर्ने वार्षिक पर्यटक (वाह्य)	सङ्ख्या	७	२००	५००	१९२०	२३०४	२७६५		
	भ्रमण गर्ने वार्षिक पर्यटक (आन्तरिक)	सङ्ख्या	१८५०	३०००	३६००	४३२०	५१८४	६२२१		
	पर्यटक, सेवामुलक व्यवसायमा संलग्न व्यक्ति	सङ्ख्या	८९०	१०६८	१२८२	१५३८	१८४६	२२१५		
प्रतिफल १.६ वित्तीय सेवा तथा सुविधाको	सेवा सुचारु बैंक शाखा तथा वित्तीय सेवा प्रदायक	संख्या	१५	२०	२५	३०	३५	४०	• आर्थिक प्रतिवेदन •गाउँपालिका प्रोफाईल	• संघीय संरचना अनुसार वित्तीय सेवा प्रदायकको सेवा समायोजन

पहुँचमा अभिवृद्धि हुनेछ	बैंकमा खाता हुने तथा सेवा उपयोग गर्ने परिवार	संख्या	३१३५	३३००	३३००	३३००	३३००	३३००		हुनेछ • वित्तीय सेवा र सुविधा स्थानीय तहमा विस्तार हुनेछ

परिच्छेद ५ सामाजिक क्षेत्र

५.१ जनसंख्या तथा बसाइँसराइ

प्रमुख समस्याहरु

गाउँपालिकाको शिशुहरुलाई उचित पोषण प्रदान गर्न नसकेको देखिन्छ भने ज्येष्ठ नागरिकको उचित व्यवस्थापन नभएको पाईन्छ। शिक्षा र स्वास्थ्यको पूर्वाधारको अवस्था तथा रोजगारीको कमीले विदेशिने दरलाई न्यूनीकरण गर्नु चुनौतिपूर्ण रहेको देखिन्छ।

अवसर

यस गाउँपालिकाको जनसंख्या विवरण ले सशक्त जनसंख्या उमेर समुहको वर्चस्व रहेको तथ्यांकले सबल पक्षलाई दर्शाउँछ। ज्येष्ठ नागरिकको अनुपातमा ०- ४ समुहका वालवालिका संख्या बढी भएको देखिन्छ जुन भविष्यमा जनशक्तिको सकारात्मक विकास गर्ने अवसरको तथ्यांक रहेको छ।

सोच

जनसंख्यामा सन्तुलन ल्याई औसत आयु तथा औसत आय वृद्धि गर्ने।

लक्ष्य

मृत्युदर तथा बाहिरि बसाईसराई न्यूनीकरण गरि आर्थिक वृद्धि गर्ने।

उद्देश्य

१ गाउँपालिकाको जनसंख्या वृद्धि दर सन्तुलित राख्ने
२ गाउँपालिका भित्र पंजीका दर्तालाई दुरुस्त र प्रविधिमैत्री बनाउने र सम्पूर्ण अभिलेखलाई बिद्युतीय अभिलेखमा राख्ने
३ जीविकोपार्जन र वृत्ति विकासका आधुनिक अवसरहरु सिर्जना गरी गुणस्तरीय जीवन सुनिश्चित गर्ने

रणनीति तथा कार्यनीति

जनसंख्या तथा बसाईसराई सम्बन्धि निर्धारित दिर्घकालिन लक्ष प्राप्त गर्न देहाय अनुसारका रणनीति, कार्यनीति तथा कार्यक्रम तय गरिएको छ।

उद्देश्य	रणनीति	कार्यनीति

१. गाउँपालिकाको जनसंख्या वृद्धि दर सन्तुलित राख्ने	• जन्मदर सुदृढ गरि मृत्युदर न्यूनीकरण गर्ने	• शिशु तथा गर्भवती मृत्युदर न्यूनीकरण गर्ने।
	• ज्येष्ठ नागरिकलाई उचित सुविधा प्रदान गर्ने	• ज्येष्ठ नागरिकलाई उचित स्वास्थ्य सेवा सुनिश्चित गर्ने।
२. जीविकोपार्जन र वृत्ति विकासका आधुनिक अवसरहरु सिर्जना गरी गुणस्तरीय जीवन सुनिश्चित गर्ने	• बाहिरि बसाईसराई कम गर्न आवश्यक व्यवस्था मिलाईने	• रोजगारका कारण हुने बाहिरि बसाईसराई नियनत्रण गर्न रोजगार सिर्जना गर्ने।

५.२ शिक्षा

प्रमुख समस्या

यस गाउँपालिकामा विद्यालयहरुको भौतिक पूर्वाधार अपर्याप्त रहेको पाइन्छ भने सामुदायिक विद्यालय प्रतिको आकर्षण न्यूनीकरण भइरहेको देखिन्छ। विद्यार्थी भर्ना दर र विद्यालयबात पढाई पुरा गर्नेको दरमा समानता ल्याउन। सबै तहमा गुणस्तर शिक्षा अभिवृद्धि गर्नेको साथै रोजगारीमूलक शिक्षा विकास गर्न सकेको र अपूर्ण शिक्षक दरबन्दी जस्ता चुनौती रहेको पाईन्छ।

अवसरहरु

यस गाउँपालिकाको शिक्षाको सबल पक्ष ८२.७८ हरेक वडामा माध्यमिक विद्यालय हुनु ,साक्षरता हुनु % र प्राविधिक शिक्षामा केन्द्रित जनसंख्यारहेका छन्।

सोच

- शिक्षामा सबैको पहुँच र गुणस्तर अभिवृद्धि गरी प्रतिस्पर्धी मानव पुंजीको विकास

लक्ष्य

- आधारभूत र गुणस्तरीय शिक्षा सेवामा न्यायोचित पहुँच पुर्याउने
- रोजगारी एवं स्वरोजगारीका लागि सीपमुलक शिक्षाको विस्तार गर्ने

उद्देश्य

- शिक्षामा समतामुलक अवसरहरु सुनिश्चित गर्दै शिक्षालाई सीपयुक्त, समयसान्धर्भिक र गुणस्तर बनाउनु

- बैकल्पिक उपायहरुको अवलम्बनबाट सबै तह एवं प्रकारको शिक्षा र सीपमुलक तालिममा पहुँच अभिवृद्धि गर्नु
- शैक्षिक प्रशासनमा निरन्तर सुधार र सुशासनलाई संस्थागत गर्नु

रणनीति तथा कार्यनीति

यस गाउँपालिकाको शिक्षा सम्बन्धि दिर्घकालिन लक्ष्य र चुनौतिहरु मध्यनजर गरि देहाय अनुसारको रणनीति , कार्यनीति तथा कार्यक्रम रहेको छ।

उद्धेश्य	रणनीति	कार्यनीति
१. बैकल्पिक उपायहरुको अवलम्बनबाट सबै तह एवं प्रकारको शिक्षा र सीपमुलक तालिममा पहुँच अभिवृद्धि गर्नु	• गुणस्तरीय, व्यवहारिक तथा जिवानपयोगी शिक्षाको सुनिश्चितता गर्ने	• विद्यालय शिक्षा सम्बन्धी स्थानीय पाठ्यक्रममा कृषि अभ्यासका लागि नर्सरी, फलफूल, तरकारी खेती र मौरीपालनको व्यवहारिक ज्ञान समावेश गरी पठनपाठ र अभ्यासको व्यवस्था गर्ने। • स्थानीय कृषि विकासका लगि माध्यमिक विद्यालयमा कृषि अभ्यास केन्द्र स्थापना गरी वेर्ना उत्पादन, फलफुल तथा तरकारी खेती र मौरीपालन सम्बन्धमा व्यवहारिक ज्ञान तथा सीप विकास गर्ने। • नयाँ शैक्षिकशत्र सुरु हुनु अगाडी विषयगत शिक्षक, समयानुकुल र तहगत तालिम शैक्षिक सत्रको बीचमा सञ्चालन गर्ने। • शिक्षण सिकाई तथा हाजिरीमा सूचना तथा संचार प्रविधि प्रयोग गर्ने।

		• नियमित रुपमा अतिरिक्त क्रियाकलाप, सेवा आयोग कक्षा संचालन, कृषि उद्यम विकास लगायत रचनात्मक कार्यहरु संचालनको व्यवस्था गर्ने। • हरेक विद्यालयमा वगैचा स्थापना र विरुवा रोपणको अभ्यास संस्थागत गर्ने • विद्यालयमा आई पर्ने संभावित संकटसँग तयारी रहन विपद व्यवस्थापन सामाग्रीवितरण र तालिम सञ्चालन गर्ने। • श्रम बजारमा माग अनुसारको विषयवस्तुलाई पाठ्यक्रर्म र पठनपाठनमा समावेश गर्दै लाग्ने।
	• सूचना प्रविधिमा आधारित प्रभावकारी संयन्त्रका स्थापना गरी विद्यालयहरुको अनुगमन र निरिक्षणलाई व्यवस्थित गर्ने	• प्रविधिमा आधारित शिक्षालाई प्रबर्धन गर्न सबै विद्यालयहरुमा सुविधा सम्पन्न ।CT ल्याव स्थापना गर्ने। • विद्यार्थी संख्याको आधारमा विद्यालयहरुलाई मर्ज गर्ने तथा शिक्षक दरबन्दी निर्धारण र समायोजन र सरुवाको प्रवन्ध गर्ने। • विद्यालय सम्बन्धी तथ्याङ्क र विद्यालय सुधार योजना अध्यावधिक गर्ने। • विद्यालय र अध्यापन कार्यको अनुगमन र निरीक्षण गरि शिक्षाको

		गुणस्तरका सुधारको लागि पृष्ठपोषण र सहजीकरण गर्ने। • ई—हाजिरी र सिसि क्यामेरा जडान गरी विद्यालयहरुको अनुगमन गर्ने प्रणालीलाई मजबुत बनाउने।
	• विद्यालय शिक्षाको सबै तहको शिक्षामा गुणस्तर सुनिश्चितता गर्ने	• शिक्षण सिकाइमा टेवा पुर्याउने डिजिटल पाठ्य सामाग्रीको व्यवस्था मिलाउने। • अत्याधुनिक पुस्तकालय, बाल उद्यान, फुलवारी, खेलमैदान जस्ता विद्यालयका पूर्वाधारहरुलाई विकास र विस्तार गर्दै लग्ने। • समयसापेक्ष शैक्षिक गुणस्तर कायम गर्न शिक्षकलाई पेशागत दक्षता एवम् क्षमता बृद्धि गर्न तालिम र प्रोत्साहनको व्यवस्था गर्ने। • सामुदायिक शिक्षामा अभिभावकको सहभागिता बढाउन अभिभावक शिक्षा संचालन गर्ने।
	• विद्यालयको संस्थागत सक्षमता वृद्धि गर्ने	• नतिजामा आधारित विद्यालय सुधार कार्ययोजना (SIP) निर्माण र कार्यन्वयनलाई निरन्तरता दिने।

		• विद्यालय भौतिक संरचना तथा पठनपाठनलाई वालमैत्री बनाउने। • विद्यालय व्यवस्थापन समितिको गठन, पुनःगठन, सहजीकरण गरि विद्यालयमा शैक्षिक व्यवस्थापनका वातावरण तयार गर्न परिचालन गर्ने। • विद्यालयमा बालक्लब, इकोक्लब र वाल सहभागिता अभिवृद्धिको प्रयासलाई संस्थागत गर्ने।
२. शिक्षामा समतामुलक अवसरहरु सुनिश्चित गर्दै शिक्षालाई सीपयुक्त, समयसान्धर्भिक र गुणस्तर बनाउनु	• विद्यालयहरुमा शिक्षा अतिरिक्त सुविधा व्यवस्था गरि उत्साहाजनक वातावरण बनाउने	• विद्यार्थीको टिकाउदरमा बृद्धि गर्न ३ वर्ष भन्दा माथिका वाल वालिकालागि पनि दिवा खाजा दिने निति अवलम्बन गर्ने। • प्रत्येक विद्यालयमा स्वास्थ्य सेवा एवं स्वास्थ्य शिक्षाका लागि १ जना नर्सको व्यवस्था गर्ने। • खेलकुद मैदानको निर्माण तथा व्यवस्थापन गरी विद्यार्थीको सिर्जनशिलता र खेलकुद प्रवर्धनको व्यवस्था गर्ने। • विद्यालयमा खेलकुदलाई प्रबर्धन गर्न पर्याप्त मात्रामा खेलकुदका समाग्री व्यवस्था गरिनुका साथै वालवालिकाहरुको प्रतिभा पहिचान र प्रोत्साहनका लागि अतिरिक्त

		क्रियाकलाप सञ्चालन र पुरस्कारको प्रवन्ध गर्ने।

५.३ स्वास्थ्य तथा पोषण

हालको अवस्था

नेपाल सरकारले हरेक जनताको पहुँचमा सहज स्वास्थ्य सेवा पुर्याउने प्रतिवद्धता पुरा गर्न विभिन्न कार्ययोजना गरेको पाईन्छ। सो अनुरुप हरेक स्थानीय तह सरह यस गाउँपालिकामा पनि स्वास्थ्य र पोषण हरेक स्थानीयको पहुँचमा पुर्याउनकानिम्ति विभिन्न कार्यक्रमहरु संचालन गरिएको छ। विभिन्न प्रयासहरु गरिएपनि स्वास्थ्य स्थिति अझै उत्सहाजनक नरहेको पाईन्छ। यस गाउँपालिकामा ५ वटा स्वास्थ्य चौकि रहेका छन्। ५ स्वास्थ्य चौकी र ७ वडा आधारभुत स्वास्थ्य केन्द्र, ५ वटा बर्थिङ सेन्टर, १५ वटा गाउँघर क्लिनिक, १८ वटा खोप क्लिनिक उपलब्ध रहेको खोप लगाउने विभिन्न कार्यक्रमहरु संचालन भइरहेको भएपनि आ.वा २०७४/७५ मा मात्रै ६५ खोप नलगाउने वालक रहेको पाईएको छ जसको मुख्य कारण भनेको खोप प्रति रहेको त्रास र नकारात्मक सोचाई रहेको छ। त्यसैगरी गाउँपालिकाले पोषण सम्बन्धि थुप्रै कार्यक्रम समेत संचालन गरेको पाईन्छ। विशेषत गर्भवती महिलाहरुलाई लक्षित गरि आइरन चक्की, जुकाको औषधी, भिटामिन ए ईत्यादी वितरण गरेको देखिन्छ। प्रमुख रोगको सन्धर्भमा उच्चा रक्त चाप भएका वडा नं ३ मा अत्याधिक भएको देखिन्छ भने जम्मा ४२७ संख्या रहेको देखिन्छ। त्यसैगरी अल्सर, मधुमेह आदि रोग हुने स्थानीयको संख्या पनि धेरै रहेको छ भने एक भन्दा बढी रोगहरु भएकाको संख्या सबैभन्दा बढी ५५४ रहेको देखिन्छ।

प्रमुख समस्याहरु

स्वास्थ्य संस्थाहरुमा आवश्यक उपकरण र फर्निचर पनि नरहेको र पर्याप्त स्वास्थ्यकर्मी नहुनु जस्ता कमजोर पक्ष रहेको देखिन्छ।स्वास्थ्य सेवा कार्यक्रम संचालन हुँदा पनि सुचना प्रबाह गर्न नसकेको अवस्था पनि देख्न सकिन्छ। स्वास्थ्य संस्थाहरु भौगोलिक हिसाबले न्यायोचित वितरण गर्न र स्वास्थ्य सेवाको नियमित अनुगमन गर्नु जस्ता चुनौती विद्यमान रहेको पाईन्छ। त्यसैगरी स्वास्थ्य बिमा पनि लागु राम्ररी गर्न नसकेको अवस्था रहेको देखिन्छ भने बाहिरि अनुदानलाई उपयोग र व्यावास्थत परिचालन गर्न नसकेको अवस्था रहेको देखिन्छ।

अवसर

स्वास्थ्य संजालको संजाल तयार भएको अवस्था रहेको छ भने स्वास्थ्य र पोषण सम्बन्धि धेरै जनता जागरण भएको पाईन्छ। सहि तथा कुशल ढंगले सूचना प्रवाह गर्न सके स्थानीयले स्थानीय तह मै सहज उपचार पाउने अवसर देखिन्छ।

सोच

गुणस्तरीय स्वास्थ्य सेवामा सबै जनताको पहुँचमार्फत स्वस्थ र सबल नागरिक विकास

लक्ष्य

आधारभूत र गुणस्तरीय शिक्षा, स्वास्थ्य तथा खानेपानी तथा सरसफाई सेवामा न्यायोचित पहुँच पुर्याउने

उद्देश्य

- सबै वर्ग र समुदायका नागरिकहरुको आधारभूत तथा गुणस्तरीय स्वास्थ्य सेवामा समतामुलक पहुँच अभिवृद्धि गराउनु
- स्वस्थ जनशक्ति तयार गर्नु, रोग प्रतिरोधात्मक क्षमता बढाउनु तथा पोषण युक्त खाद्द सामग्रीमा पहुँच बढाउनु
- सहुल्यत स्वास्थ्य सेवाको प्रवर्द्धन हुनु
- समानजनक न्यायोजित स्वास्थ्य सेवा वितरण गरिनु

रणनीति तथा कार्यनीति

उद्देश्य	रणनीति	कार्यनीति
१. सबै वर्ग र समुदायका नागरिकहरुको आधारभूत तथा गुणस्तरीय स्वास्थ्य सेवामा समतामुलक पहुँच अभिवृद्धि गराउनु	• आधारभूत स्वास्थ्य सेवालाई सहज र गुणस्तरीय बनाउने	• प्रत्येक स्वास्थ्य संस्थाको पहुँचमा हुनेगरी एम्बुलेन्स सेवाको विस्तार गर्ने। • ५ वर्ष मुनिका सम्पूर्ण बालवालिकाको वृद्धि अनुगमन गरि पोषण स्थितिमा सुधार ल्याउने। • आमा समूह र महिला स्वास्थ्य स्वयंसेविकाहरु क्षमता विव्कास र सुविधामा सुधार गरि सामुदायिक सवास्थ्यलाई प्रभावकारी बनाइने छ। • विद्यालयको पहुँचमा स्वास्थ्यकर्मी उपलब्ध गराई विद्यार्थीको स्वास्थ्य संवेदनशिलतालाई टेवा पुर्याउने। • विद्यार्थी तहमा रहेका सम्पूर्णलाई आवश्यक स्वास्थ्य चेतना प्रदान गर्ने। • निम्न वर्गका घरपरिवारलाई स्वास्थ्य सेवामा सहुल्यता दिने।

२. स्वस्थ जनशक्ति तयार गर्नु, रोग प्रतिरोधात्मक क्षमता बढाउनु तथा पोषण युक्त खाद्द सामग्रीमा पहुँच बढाउनु	○ स्वास्थ्य सम्बन्धि मनोवृत्ति परिवर्तन गर्ने	○ कुनै नसर्ने दिर्घकालिन रोगी प्रति जनसमुदायको रहेको व्यावोहार परिवर्तन गर्ने। ○ घातक रोगहरु समयमा पहिचान गरि उपचार गराउने। ○ किशोर किशोरीलाई मध्यनजर गरेर स्वास्थ्य सम्बन्धि ज्ञान प्रबर्धन गर्ने।
	○ स्थानीय स्वास्थ्य संस्थाको सुदुधिकरण तथा सेवाको गुणस्तर अभिवृद्धि गर्ने	○ स्वास्थ्य संस्थाको अनुगमन तथा सुपर्वेक्षण प्रणालीको विकास गर्ने। सबै स्वास्थ्य संस्थामा बर्थिंग सेन्टरको विस्तार गरि प्रसुती सेवालाई सहज र भरपर्दो बनाउने। ○ आयुर्वेद चिकित्सालय स्थापना गरि गुणस्तरीय सेवामा वृद्धि गर्ने। ○ विषेसज्ञ सेवा प्रदान गर्न कम्तिमा १५ सैयाको कम्तिमा १ वटा अस्पताल निर्माण गरि संचालन गर्ने। ○ सामुदायिक स्वास्थ्यलाई मजबुत बनाउदै स्वास्थ्य सुविधा सुधार गर्नु।
३. सहुल्यत स्वास्थ्य सेवाको प्रवर्द्धन हुनु	○ स्वास्थ्य सेवालाई सहज र गुणस्तरीय बनाउन आवश्यक पूर्वाधार निर्माण गर्ने	○ गाउँघर क्लिनिक तथा खोप केन्द्र निर्माणका सथौ स्वास्थ्य चौकीमा सभाहल र प्रतिक्षालय निर्माण गर्ने। ○ स्वास्थ्य संस्थामा अपुग संरचना निर्माण र उपकरणहरु थप गर्दै लाग्ने। ○ स्वास्थ्य संस्थामा खानेपानी तथा शौचालयको उचित व्यवस्थापन गर्ने। ○ स्वास्थ्य पूर्वाधार महिला, अपांग र ज्येष्ठ नागरिक मैत्री रुपमा निर्माण गरिनेछ।

५.४ खानेपानी तथा सरसफाइ

अवसर

यस क्षेत्रमा अवसर भनेको उचित व्यवस्था गरि खानेपानीको सम्भावनालाई सदुपयोग गर्नु हो भने त्यसैगरी धेरै सहरीकरण नभएका कारण बेलामै सरसफाई सम्बन्धि कार्यक्रम अगाडी बढाए भविष्यमा समस्या खेप्न नपर्ने देखिन्छ। अवसर उत्साहजनक भएपनि आर्थिक बन्देजका कारण खानेपानी आयोजनाहरु चुस्त रुपले निर्माण तथा संचालन नगरेको पाइन्छ भने त्यसैगरी सरसफाई सम्बन्धि जनचेतनाको कमिको कारण फोहोर जम्मा हुन थालेको पाईन्छ। जमिनमुनिको श्रोतमा धेरै भर पर्दा भविष्यमा हुन सक्ने कमिको अध्ययन गरि मुहान संरक्षण गर्ने तथा पोखरी हरु निर्माण गरि रिचार्ज गर्न जनचेतना फैलाउन र बजेट व्यवस्थापन गर्न चुनौतिपूर्ण रहेको देखिन्छ।

सोच

खानेपानी तथा सरसफाई सेवाबाट नागरिकको स्वास्थ्य तथा जीवनशैलीमा सुधार

लक्ष्य

सबै घरधुरीमा स्वच्छ खानेपानी सुविधा पुर्याउने र सरसफाईको सुनिश्चितता गर्ने

उद्देश्य

- सबैका लागि पिउने पानी तथा शौचालय व्यवस्था गर्ने
- पानीका मुहानहरु संरक्षण गर्ने तथा वातावरणीय सन्तुलन सहितका आयोजनाहरु निर्माण गर्ने
- दिगो रुपमा फोहोर मैला व्यवस्थापनको संयन्त्र निर्माण गरी सरसफाई सुनिश्चित गर्ने

रणनीति तथा कार्यनीति

उद्देश्य	रणनीति	कार्यनीति
१. पानीका मुहानहरु संरक्षण गर्ने तथा वातावरणीय सन्तुलन सहितका आयोजनाहरु निर्माण गर्ने	○ स्वच्छ खानेपानी आपूर्तिलाई जनस्वास्थ्य र पूर्ण सरसफाई रणनीतिको रुपमा विकास गर्ने	○ जलश्रोत व्यवस्थापन गुरुयोजना तयार गरि खानेपानी, सिचाई, विद्युत र भू तथा जलाधार संरक्षण समेत समेटी रणनीति तयार गर्ने। ○ खानेपानी सेवा सुविधालाई जनस्वास्थ्य तथा पूर्ण सरसफाई कार्यक्रमसँग एकीकृत गरि संचालन गर्ने।

		○ खानेपानीको मूलहरुको पहिचान गरि संरक्षण गर्ने। ○ स्वच्छ तथा सुरक्षित खानेपानी उपलब्ध गराउन खानेपानीको गुणस्तर परिक्षणका लागि आवश्यक प्रबन्ध मिलाउने। ○ विद्यमान खानेपानी आयोजनाको निरन्तरता, संरक्षण र मर्मतसम्भारको व्यवस्था गर्ने। ○ फोहोर व्यवस्थापन गरि स्वच्छ वातावरण व्यवस्था गर्ने
२. सबैका लागि पिउने पानी तथा शौचालय व्यवस्था गर्ने	○ सबै घरधुरीमा खानेपानी सुविधाको पहुँच सुनिश्चित गर्ने	• **एक घर एक धारा** कार्यक्रमका लागि वृहत तथा वैकल्पिक प्रणालीमा आधारित आयोजना संचालन गरि खानेपानी सुविधाको उपलब्धतालाई सहज र प्रभावकारी बनाउने। • लिफ्ट खानेपानी प्रबिधि मार्फत सुख्खा क्षेत्रहरुमा खानेपानीको व्यावास्था गर्ने र लिफ्टिंग खानेपानी योजना संचालन गर्ने। • सानातिना खानेपानी आयोजना संचालन गरि खानेपानी वितरण प्रणालीलाई आधुनिक वितरण प्रणालीमा विस्तार गरिनेछ। • आकाशे पानि संकलनको लागि घैटो कार्यक्रमलाई निरन्तरता दिई सुख्खा क्षेत्रमा कृत्रिम

		पोखरी निर्माण गरि खानेपानीको आपूर्तिलाई सहज बनाउने।

५.५ लक्षित समुदाय विकास

हालको अवस्था

कुनै पनि स्थानको हरेक क्षेत्रको विकासका लागि विभिन्न समुदायको न्यायोचित विकास आवश्यक रहन्छ। सम्पूर्ण जनताकोनिम्ति विकास गरिने हुँदा कुनै पनि समुदाय बन्चित नहुने हिसाबले विकास गर्नु पर्दछ। समावेशी समाज निर्माण गर्नका निम्ति सम्पूर्ण वर्गले अधिकार र सबै सुविधाको समानजनक अनुभूति गर्न पाउन पर्दछ। महिला, बालबालिका तथा किशोरकिशोरी, दलित, जनजाति तथा अन्य सिमान्तकृत वर्गलाई लक्षित गरि विकासका रणनीति तयार पार्न संवेदनशील तथा महत्त्वपूर्ण रहेको हुन्छ। सशक्त जनशक्ति उत्पादनका निम्ति युवा विकास निकै महत्त्वपूर्ण हुन्छ भने बालबालिका तथा किशोर किशोरीको इकास भविस्यको दक्ष जनशक्ति उत्पादनाकानिमती अपरिहार्य रहेको छ। त्यसैगरी महिला तथा विभिन्न समुदाय र सिमान्तकृत समुदायको विकासले समावेशी समाजको निर्माणका निम्ति महत्त्वपूर्ण

प्रमुख समस्याहरु

उत्पीडनमा परेपनि खुलेर कुरा राख्न नसकेका कारण अझै महिलाको स्थितिमा सकारात्मक परिवर्तन आउन नसकेको देखिन्छ। महिला हिंसापनि यस गाउँपालिकामा देखिएको सामाजिक समस्या हो। महिलाको जनसंख्या उत्सहाजनक रहेको कारण उचित सदुपयोग गर्न सके राम्रो जनशक्ति तयार पार्ने अवसर रहेको देखिन्छ। त्यसैगरी कृषिमा तथा अन्य आर्थिक क्रियाकलापमा संलग्न गराई निकै आकर्षक अर्थको श्रोत विकास हुने सम्भावना देखिएको छ। तर समाजको बन्धनलाई तोडेर आफ्नो विचार राख्न नसक्ने अवस्था चुनौतिपूर्ण रहेको पाईन्छ। धेरै महिला हरु सचेत रहेपनि धेरै समुदायका महिला हरु जातको रिति रिवाजनात बाँधिएको कारण आर्थिक क्रियाकालाप तथा अन्य कार्यमा उत्सहाजनाक सहभागिता जनाउन असमर्थ रहेको चुनौति रहेको पाईन्छ।

यस क्षेत्रमा सबल पक्ष भनेको विद्यालय भर्ना दर रहेको पाईन्छ। अधिकांश वालवालिका विद्यालय भर्ना भएको देखिए पनि आर्थिक बाध्यताका कारण केहि बन्चित भएको कम्जोर पक्ष रहेको देखिन्छ। त्यसैगरी विद्यालय छोड्ने दर पनि आपत्तिजनक रहेको छ भने वाल विवाह तथा वालश्रम जस्ता सामाजिक समस्या अझै यथावत रहेको देखिन्छ।

ठुलो मात्रामा युवा विदेशिएको कारण बृद्धबृद्धाहरु आफ्नो हेरचाह गर्न असमर्थ अवस्था भएकोले बेसहारा बस्नुपरेको देखिन्छ। स्वास्थ्य दृस्टीकोणले धेरै दिर्घकालिन रोगि नभएको कारण गाउँपालिकाको औसत

आयु वृद्धि हुने देखिन्छ। ज्येष्ठ नागरिकको स्थिति सुधार गर्न मानाशिकता परिवर्तन गर्नु चुनौतिपूर्ण रहेको पाईन्छ।

अवसर

यस गाउँपालिकामा रहेको बिभिन्न वर्गको जनसंख्याले भविष्यमा सबल जनशक्ति उत्पादन गर्ने सम्भावना दर्शाएको पाईन्छ। त्यसैगरी संचार माध्यमलाई अझै सुदृढ बनाउन सके जुनै स्थानका बालबालिका तथा किशोर किशोरीहरुसँग पनि प्रतिस्पर्धा गर्न सक्ने अवसर देखिन्छ।

सोच

लैंगिक समानता तथा सामाजिक समावेशीकरण मार्फत सबै नागरिक मर्यादित, न्यायपूर्ण र अर्थपूर्ण सहभागितामा मुलकको समावेशी विकास

लक्ष्य

सबै तह र तप्काका महिला, बालबालिका, ज्येष्ठ नागरिक र अपांगता भएका व्यक्तिलाई सामाजिक, संस्कृतिक, आर्थिक, शैक्षिकरुपमा सशक्तिकरण गर्दै महिला अधिकारको प्रत्याभूति गर्दै गुणस्तरीय जीवन र सहभागिता सुनिश्चित गर्ने

उद्देश्य

- सबै प्रकारका विभेद अन्त्य गर्दै महिला सशक्तिकरण गरी विकासका सबै प्रक्रियामा महिला मूलप्रवाहिकरण गर्ने
- राजनीतिक, आर्थिक, सार्वजनिक लगायत सम्पूर्ण निर्णायक तहमा महिलाहरुको सार्थक र सामान पहुँचक लागि समान अवसरहरुको सिर्जना गर्नु
- बाल अधिकार सुनिश्चित गर्दै गाउँपालिकालाई बालमैत्री पालिकाको रुपमा विकास गर्ने
- ज्येष्ठ नागरिकहरुको मान, सम्मान स्वास्थ्य र सुरक्षाको प्रत्याभूति गर्दै उहाँहरुको सिकाइ र अनुभवलाई समाज विकासका लागि सदुपयोग गर्ने
- नगरपालिकामा भएको अपांग जनसंख्यालाई संरक्षण गर्दै अपांगता भएकाहरुको हक अधिकार सुनिश्चित गर्दै पालिकालाई अपांगमैत्री पालिकाका रुपमा विकास गर्ने

रणनीति तथा कार्यनीति

उद्देश्य	रणनीति	कार्यनीति

१. सबै प्रकारका विभेद अन्त्य गर्दै महिला सशक्तिकरण गरी विकासका सबै प्रक्रियामा महिला मूलप्रवाहिकरण गर्ने	• महिलालाई उद्दमी र आत्मनिर्भर बनाई हक अधिकार सुनिश्चितता गर्ने	• स्थानीय महिलाको आवश्यकता र सम्भावना अध्ययन गरेर उद्धसिलता विकास गर्ने। • महिलालाई आफ्नो अधिकार उपयोग गर्नका निम्ति ज्ञान तथा जनचेतना दिने
२. राजनीतिक, आर्थिक, सार्वजनिक लगायत सम्पूर्ण निर्णायक तहमा महिलाहरुको सार्थक र सामान पहुँचक लागि समान अवसरहरुको सिर्जना गर्नु	• महिला सहभागिता र आत्मसम्मान सुनिश्चित गर्न सामाजिक संरक्षणका कार्यक्रमहरु संचालन गर्ने	• महिला समुहहरुको संस्थागत विकासमा सहयोग गर्ने • सुरक्षा वासमा भएका तथा प्रवाहित महिलाहरुको लागि आय आर्जन तथा सशक्तिकरणका कार्यक्रमहरु संचालन गर्ने
३. बाल अधिकार सुनिश्चित गर्दै गाउँपालिकालाई बालमैत्री पालिकाको रुपमा विकास गर्ने	• ५ बर्ष भित्र बालमैत्री गाउँपालिकाको रुपमा घोषणा गर्ने • वालवालिकालाई रचनात्मक विकास गर्ने र व्यवहारिक बनाउने।	• गाउँपालिकाका क्रियाकलापका बारेमा बालबालिकाहरुलाई जानकारी राख्न चासो जगाउने
४. ज्येष्ठ नागरिकहरुको मान, सम्मान, स्वास्थ्य र सुरक्षाको प्रत्याभूति गर्दै उहाँहरुको सिकाइ र अनुभवलाई समाज विकासका लागि सदुपयोग गर्ने	• ज्येष्ठ नागरिकको स्वास्थ्य सुधार गर्ने	• ज्येष्ठ नागरिकलाई स्वास्थ्य सम्बन्धि प्रोत्साहन गर्ने। • ज्येष्ठ नागरिकलाई स्वास्थ्य सेवा निशुल्क गर्नेः।
	• ज्येष्ठ नागरिकको जिवानोस्तर वृद्धि गर्ने	• ज्येष्ठ नागरिकको पोषणयुक्त आहारा सुनिश्चितता गर्ने। • ज्येष्ठ नागरिकको सामाजिक भत्ता सुनिश्चितता गर्ने

५. नगरपालिकामा भएको अपांग जनसंख्यालाई संरक्षण गर्दै अपांगता भएकाहरुको हक अधिकार सुनिश्चित गर्दै पालिकालाई अपांगमैत्री पालिकाका रुपमा विकास गर्ने	अपांगता भएका व्यक्तिहरुको आत्मसम्मान सहितको सहभागिता तथा नेतृत्वदायी भूमिकाका लागि सकारात्मक वातावरण निर्माण गर्ने	पालिकाका सार्वजनिक भौतिक संरचनाहरुलाई अपांगमैत्री बनाउने नीति निर्माण गर्ने अपांग जनसंख्याको विवरण नियमित दुरुस्त गर्ने अपाङ्गता भएका व्यक्तिहरुलाई शिक्षाको सुनिश्चितता गर्न छात्रवृत्ति प्रदान गर्ने

५.६ सामाजिक विकासका प्रमुख कार्यक्रमहरु

क्र.सं.	कार्यक्रम/आयोजना	कुल (५ वर्षे)
	श्रम, रोजगारी र सामाजिक सुरक्षा	०
२८	सिप तथा क्षमता विकास तालिम	६०
२९	सामाजिक सुरक्षा सम्बन्धि कार्यक्रम	३०
३०	श्रम बैंक तथा सूचना केन्द्र स्थापना	९०
३१	श्रम, रोजगारी र सामाजिक सुरक्षा सम्बन्धि अध्ययन	५५
	स्वास्थ्य तथा पोषण	०
३२	एम्बुलेन्स, औषधि तथा सर्जिकल सामग्री व्यवस्थापन कार्यक्रम	१६५
३३	समूह केन्द्रित स्वास्थ्य परिक्षण कार्यक्रम	४०
३४	स्वास्थ्य तथा पोषण सम्बन्धि सिविर/जनचेतना मुलक कार्यक्रम	१६५
३५	स्वास्थ्य बिमा सम्बन्धि कार्यक्रम	७०
३६	स्वास्थ्य संस्था पूर्वाधार तथा औसधि भण्डारण/बिक्रि केन्द्र स्थापना	२३५
३७	जीवनयापन रुपान्तरण सम्बन्धि कार्यक्रम	३०
	शिक्षा, विज्ञान तथा नवप्रवर्तन	०
३८	विद्यार्थीलाई विद्यालयसंग जोड्ने कार्यक्रम	३१५
३९	समूह केन्द्रित विद्यार्थीलाई छात्रवृत्ति/आर्थिक कार्यक्रम	३५
४०	शिक्षा सम्बन्धि अध्ययन/नीति निर्माण कार्यक्रम	१०
४१	शैक्षिक संस्था निर्माण तथा प्रबलिकरण कार्यक्रम	३२४।५
४२	शैक्षिक संस्थामा शिक्षक/दरबन्दी सम्बन्धि कार्यक्रम	४०

४३	विज्ञान तथा नवप्रवर्तन प्रवर्धन कार्यक्रम	२५
	खानेपानी तथा सरसफाइ	०
४४	खानेपानी मुहान पहिचान/संरक्षण कार्यक्रम	२९०
४५	खानेपानी तथा सरसफाइ आयोजना अध्ययन कार्यक्रम	१६०
४६	खानेपानी तथा सरसफाइ आयोजना पुनरुत्थान, निर्माण तथा व्यवस्थापन कार्यक्रम	१२०
४७	शुद्ध तथा स्वस्थ खानेपानी कार्यक्रम	२५
४८	खानेपानी तथा सरसफाइ जनचेतनामुलक कार्यक्रम/तालिम	५०
	महिला, बालबालिका तथा लक्षित वर्ग	०
४९	महिला, बालबालिका तथा लक्षित वर्गका लागि पूर्वाधार निर्माण	३५।५
५०	महिला, बालबालिका तथा लक्षित वर्गका लागि तालिम/चेतनामुलक कार्यक्रम	५२
	युवा तथा खेलकुद	०
५१	युवा तथा खेलकुद सम्बन्धि पूर्वाधार निर्माण	८०
५२	खेलकुद प्रोत्साहन/प्रवर्धन कार्यक्रम	८५
५३	युवा क्षमता तथा उद्यमशीलता विकास कार्यक्रम	१६०
५४	दुर्वसन नियन्त्रण कार्यक्रम	२५

५.७ सामाजिक विकासको नतिजा खाका

सामाजिक विकास

नतिजा शृंखला	सूचक		आधार बर्ष	लक्ष्य					पुष्टयाईका आधारहरु	जोखिम तथा पूर्वानुमान
	विवरण	इकाई	०८१/८२	०८२/८३	०८३/८४	०८४/८५	०८३/८4	०८४/८५		
प्रतिफल २.१ जीवन उपयोगी गुणस्तरीय आधारभूत प्राविधिक तथा उच्च शिक्षामा सम्वेशी समतामुलक पहुँच वृद्धि	स्नातक तह उतिर्ण जनसंख्या	संख्या	२२	४५	५४	६५	७८	९३	• अध्ययन/सर्वेक्षण प्रतिवेदन• वस्तुस्थिति विवरण• मूल्याङ्कन प्रतिवेदन• गाउँपालिका प्रोफाईल • गाउँपालिका प्रोफाईल	• सरकारी, गैरसरकारी र निजि क्षेत्रको लगानी र कार्यक्रममा वृद्धि हुनेछ
	कृषि बिज्ञान सम्बन्धि अध्यनरत विद्यार्थी	संख्या	३३	५०	५५	६०	६५	७०		
	सूचना प्रविधि सम्बन्धि अद्यांरत विद्यार्थी	संख्या	१२	२०	२५	३०	३५	४०		

भयी दक्ष जनशक्ति उत्पादन भएको हुनेछ	व्यवस्थित विज्ञान र कम्प्युटर प्रयोगशाला भएको विद्यालय		६	१०	१२	१४	१६	१८		
प्रतिफल २.२ गुणस्तरीय आधारभूत स्वास्थ्य सेवाको पहुँच अविवृद्धि भइ म्राती शिशु तथा बाल मृतुदर घटी स्वास्थ्य समाजको सृजना भएको हुनेछ	परिवार नियोजनका साधनको प्रयोग दर	प्रतिशत	६२	६५	६५	७५	८५	९५	• गाउँपालिका प्रोफाईल	जनसंख्या तथा जन्म सम्बन्धि महिला तथा सम्पूर्णमा आवश्यक चेतना वृद्धि हुनेछ

प्रतिफल २.३ महिला, बालबालिका, दलित, ज्येष्ठ नागरिक एकल महिला, फरक क्षमता तथा पछाडी पारिएको वर्ग शसक्त भई निर्णायक तहमा सहभागिताको वृद्धि भएको हुनेछ	सामाजिक सुरक्षाबाट लाभान्वित लक्षित वर्ग	संख्या	१२११	१३३२	१४६५	१६१२	१७७३	१९५०	• गाउँपालिका प्रोफाईल	• सामाजिक विकासका लागि आर्थिक कार्यक्रममा संघ, प्रदेश तथा अन्य सरोकारवालाहरु को ध्यानाकर्षण हुनेछ
प्रतिफल २.४ आत्मनिर्भर तथा सिर्जनशील युवाशक्तिको विकास तथा	बैदेशिक रोजगारीमा गएका युवा	प्रतिशत	५।५	५	४	३	३	३	• अध्ययन/सर्वेक्षण प्रतिवेदन • वस्तुस्थिति विवरण • मूल्याङ्कन	• सामाजिक विकासका लागि आर्थिक कार्यक्रममा संघ, प्रदेश तथा अन्य सरोकारवालाहरु
	युवा क्लब, संजाल तथा संस्था	संख्या	१५	२०	२५	३०	३५	३५		

उत्पादनमुलक कार्यमा युवा सहभागिता वृद्धि भएको हुनेछ।	उद्दम, व्यवसाय र स्वरोजगारीमा संलग्न युवा	संख्या	२७९८	२८५०	२९००	३०००	३२००	३५००	• प्रतिवेदन • गाउँपालिका प्रोफाईल	को ध्यानाकर्षण हुनेछ।

परिच्छेद ६ पूर्वाधार क्षेत्र

६.१ सिंचाइ

हालको अवस्था

कृषि सँग प्रत्यक्ष रुपमा सम्बन्धित सिचाईले उत्पादनमा धेरै महत्त्वपूर्ण भूमिका खेल्दछ। नेपाल कृषिप्रधान देश भएपनि अझै अधिकांश कृषि आकासे पानीमा भर परेको देखिन्छ। यस गाउँपालिकामा पनि सिचाईको अवस्था तराई भएको कारण उपर्युक्त भएको देखिन्छ। अधिकांस वडाहरुमा रहेका घरधुरीहरु मध्ये अधिकांशमा मोटरको सिचाई श्रोत प्रयोग भएको देखिन्छ।

प्रमुख समस्याहरु

यस गाउँपालिकाको सिचाई सन्धर्भमा सबल पक्ष भनेको पानीको श्रोत धेरै हुनु हो। तर सो मुहानहरुलाई व्यवास्ता गर्दा भविष्यमा कमि हुन सक्ने सम्भावना रहेको छ। त्यसैगरी सिचाईका लागि खेत सम्म विद्युतको सुविधा विस्तार गर्न नसकेको कारण boring सिचाईमा बाधा उत्पन्न गरेको देखिन्छ।

अवसर

गाउँपालिकामा केहि नदिहरु पनि जलश्रोतको रुपमा रहेको देखिन्छ। सो नदीहरु उपयोग गर्न सके सिंचाइको दायरा बढाउन सकिने अवसर रहेको पाईन्छ। त्यसैगरी आकासे पानि संकलन गर्न विभिन्न स्थानमा सिंचाई पोखरी निर्माण गर्ने सम्भावना पनि रहेको देखिन्छ। तर आर्थिक कमजोरी तथा भएका निर्माणको पनि नियमित मर्मत गर्न नसकेका कारण सिचाई विकासमा चुनौती उत्पन्न भएको देखिन्छ।

सोच

सम्पूर्ण कृषियोग्य भुमिमा बाहैं महिना सिंचाई सुविधा

लक्ष्य

कृषियोग्य भुमिमा भरपर्दो र दिगो सिंचाई सेवामार्फत कृषि उत्पादकत्व तथा उत्पादनमा वृद्धि

उद्देश्य

- सिंचित क्षेत्र वृद्धि गर्नुका साथै जलश्रोतको बहुउद्देश्यीय उपयोगमा जोड दिनु
- विकसित सिंचाई प्रणालीमा व्यवस्थापन सुदृढिकरण गरी दिगोपन बढाउनु
- सिंचाईको आवश्यकता भएको स्थान र समयमा निर्वाध रुपमा पानीको उपलब्धता बढाउनु

रणनीति तथा कार्यनीति

उद्देश्य	रणनीति	कार्यनीति
१. सिंचाईको आवश्यकता भएको स्थान र समयमा निर्वाध रुपमा पानीको उपलब्धता बढाउनु	• बार्है महिना सिंचाई सेवा सहुलियाताको साथ उपलब्ध गराउनका लागि सतह बहुउद्देश्यीय र जलाशययुक्त सिंचाई, सामुदायिक आयोजनाहरु अधि बढाउने • सिंचाई विकासको गुरुयोजना, कृषि विकास रणनीतिका लक्ष्यहरु परिपूर्ति र जलवायु परिवर्तन अनुकुल हुनेगरी सिंचाई प्रणालीको विकास एवं विस्तार गर्ने	• जल उपयोग गुरुयोजना तयार गरि सम्भाव्य सिंचाई आयोजनाहरुको पहिचान गर्ने। • कृषि उपजका पकेट क्षेत्रको सम्भावनाका आधारमा सिंचाई आयोजनाको विकास गर्ने। • सिम्वान्धित निकायसँग समन्वय गरी योजना संचालन गर्ने। • सरकारी तथा गैरसरकारी संघ संस्थासँग समन्वय गरी सिंचाईका आधुनिक संरचनाहरुको निर्माण गर्ने।
२. विकसित सिंचाई प्रणालीमा व्यवस्थापन सुदृढिकरण गरी दिगोपन बढाउनु	• उच्च क्षमतामा संचालन गर्न प्राविधिक एवं आर्थिक दृष्टिकोणले उपयुक्त एवं नयाँ प्रणालीमा आधारित सिंचाईको विकास गर्ने • विद्यमान सिंचाई प्रणालीको संरक्षण, सम्भार र स्तरोन्नति गरि पूर्ण रुपमा उपयोग गर्ने।	• मूल तथा स्रोतको संरक्षण गरि सिंचाई प्रणालीको दिगो उपयोग गर्ने। • सिंचाई योजना बनाउँदा अनिवार्य रुपमा मर्मत संहार कोषको व्यवस्था गर्नका साथै उपभोगको आधारमा शुल्क संकलन गर्ने। • सिंचाई उपभोक्ता समितिको क्षमता विकास गर्ने। • सिंचाई प्रणालीको दिगो व्यवस्थापनका लागि उपभोक्ता समितिलाई जिम्मेवार बनाउन।

		• कृषक व्यवस्थित सिंचाई आयोजनाहरुको नियमित मर्मत संहार गर्ने।

६.२ ऊर्जा

हालको अवस्था

स्थानीय तहको विकास निर्माण, उद्यम व्यवसाय स्थापना र विस्तारमा उर्जाको महत्त्वपूर्ण स्थान रहन्छ। यस गाउँपालिकामा उर्जाका श्रोत हरु जलविद्युतको उर्जाको वर्चस्व रहेको देखिन्छ। ति श्रोतका अतिरिक्त मट्टीतेल, जेनेरेटर आदि पनि उर्जाको श्रोत हुन् भने खाना बनाउने उर्जाको श्रोतका रुपमा दाउराको प्रयोग पनि अधिकतम रहेको पाईन्छ। यस गाउँपालिकाको पनि उर्जाको मुख्य श्रोत भनेको जलाविद्य्युत नै रहेको पाईन्छ। करिव ९२५. जनताले विद्युतको सुविधा पाएका छन्। वैकल्पिक उर्जा अहिलेको संसारको आवश्यकता रहेको छ। जलविद्युत पनि वैकल्पिक उर्जाको श्रोत भएपनि विशाल उत्पादन र परियोजना भएको कारण अन्य सोलार, वायो ग्यास इत्यादी जस्ता श्रोतलाई यस क्षेत्रमा वर्गीकरण गरिएको छ। यस गाउँपालिकामा यस्ता वैकल्पिक श्रोतको प्रयोग निकै न्युन रहेको देखिन्छ। तथ्यांकको हिसाबले ३०३ घरधुरीले सोलार प्रयोग गर्दछन भने केवल १ बायो ग्याँस प्लान्ट रहेको देखिन्छ।

प्रमुख समस्याहरु

यस गाउँपालिकामा जलविद्युतको पहुँच अधिकांश रहेको सबल पक्ष रहेको छ भने भोल्टेजको कमीले गर्दा पर्याप्त बिजुली उपभोग गर्न नपाउनु कम्जोर पक्ष रहेको पाईन्छ। त्यसैगरि स्थानीय रुपले लघु जलविद्युतका कार्यक्रम ल्याउन नसक्नु पनि यस गाउँपालिकाको कम्जोर पक्ष रहेको छ। केहि पोलहरु विस्तार गरि विद्युतको फेज वृद्धि गरे थुप्रै अवसरहरु सृजना हुने देखिन्छ भने सो गर्नकानिम्ती अर्थ जुटाउन चुनौतिपूर्ण रहेको देखिन्छ। विद्युतीय सवारी साधनको सम्भावना भएपनि आवश्यक पूर्वाधार नहुनुले पनि चुनौती पैदा गरेको पाईन्छ।बैकल्पिक उर्जाको पहुँचमावृद्धि गर्नु र सो उर्जाको माग र आपुर्तिबिच सन्तुलन कायम गर्न सक्नु चुनौतिपूर्ण रहेको पाईन्छ। आर्थिक कमजोरी नै वैकल्पिक उर्जाको विकासको प्रमुख बाधा भएको यस गाउँपालिकामा वायु तथा सौर्य उर्जा उत्पादनमा अझै पर्याप्त रुपमा निजि तथा सामुदायिक लगानी कर्ताहरुलाई आकर्षण गर्न सक्नु चुनौती रहेको देखिन्छ।

अवसर

वैकल्पिक उर्जाको प्रबर्धन गर्नका निम्ति विभिन्न निजि तथा सरकारी संस्थाले देशभरि विभिन्न प्रयास र सो प्रविधिलाई कार्बन परियोजनाको रुपमा विकास गर्न सकिने अवस्थाले थप अवसर सृजना गरेको छ। वैकल्पिक उर्जाको प्रविधिहरु अन्तराष्ट्रिय बजारमा सस्तो तथा सहज उपलब्धि हुने देख्न थालिएको छ भने

छोटो समयमा सोलार उर्जाको उत्पादन गर्न सकिने अवस्था छ। त्यसगरी वैकल्पिक उर्जाको प्रबर्धन गर्नका निम्ति विभिन्न निजि तथा सरकारी संस्थाले देशभरि विभिन्न प्रयास र सो प्रविधिलाई कार्बन परियोजनाको रुपमा विकास गर्न सकिने अवस्थाले थप अवसर सृजना गरेको छ।

सोच

बैकल्पिक उर्जाको प्रयोगबाट आर्थिक विकासमा टेवा

लक्ष्य

- सबै घरधुरीमा पर्याप्त र सहुलियत विद्युत प्रबर्धन
- वैकल्पिक उर्जाको खपत बधाई परम्परागत र पेट्रोलियम उर्जा प्रतिस्थापन गर्ने

उद्देश्य

- हरेक बस्तीमा राष्ट्रिय प्रसारण लाइनको व्यवस्था गर्ने
- स्वच्छ र वैकल्पिक उर्जाको उत्पादन बढाई आधुनिक उर्जाको पहुँच बढाउनु

रणनीति तथा कार्यनीति

उद्देश्य	रणनीति	कार्यनीति
१. हरेक बस्तीमा राष्ट्रिय प्रसारण लाइनको व्यवस्था गर्ने	सबै घरपरिवार र स्थानमा उज्यालो पुर्याउने	लागत साझेदारीमा सम्भाव्य स्थानमा बाँध निर्माण गरि विद्युत उत्पादन. सिचाई तथा पोखरी निर्माण गर्ने। लागत साझेदारीमा विद्युत अपुग भएका घरधुरीमा विद्युत लाइन विस्तार गर्ने। विद्युत लाईन र पोल जिर्ण भएको ग्रामिण स्थानमा जिर्ण पोल र तार मर्मत गर्ने र खुलातार प्रणालीलाई केवल प्रणालीमा रुपान्तरणको लागि सम्बन्धि पैरवी र साझेधारी गर्ने। स्वास्थ्य संस्था र माध्यामिक विद्यालयमा पावर व्याकपको व्यवस्था गर्ने।

२. स्वच्छ र वैकल्पिक उर्जाको उत्पादन बढाई आधुनिक उर्जाको पहुँच बढाउनु	नविकरनिय उर्जा प्रविधिको विस्तार र प्रवर्धन गरी पहुँच र उपयोग वृद्धि गर्ने	वैकल्पिक उर्जा सम्बन्धी स्थानीय नीति, कानुन, मापदण्ड र योजना तर्जुमा गरि कार्यन्वयन र नियमनको व्यवस्था गरि स्वच्छ उर्जामा पहुँच वृद्धि गर्ने। दाउराको प्रयोगलाई कम गर्दै लैजान वायोग्यास, सुधारिएको चुलो, वायो ब्रिकेट जस्ता दाउराको किफायती नवीकरणीया उर्जा प्रविधिहरुको
	पेट्रोलियम उर्जा, एल पी ग्याँस तथा दाउरा चुल्होलाई जलविद्युत, वायोग्याँस तथा सौर्या उर्जा चुल्होले विस्थापित गर्नु।	खाना पकाउन विद्युतीय चुलोको प्रयोग गर्न प्रोत्साहन गर्ने। घर घरमा वायो ग्याँस उत्पादनको लागी प्रोत्साहन गर्ने। सार्वजनिक स्थल जस्तै विद्यालय, अस्पताल, चौकी, बजार आदिकालागी सुधारिएको तथा किफायती चुलोहरु हदान गर्ने।
	वैकल्पिक उर्जाको विकासमा लगानी वृद्धिको वातावरण सिर्जना गर्ने।	वायु मिल, सोलार प्लान्ट जस्ता वैकल्पिक उर्जा प्रवर्धनमा काम गर्ने निजि तथा सहकारी संस्थालाई विशेष सहयोग गरि पालिकालाई उर्जा सुरक्षित पालिकाको रुपमा स्थापना गरिनेछ। विद्युत जडान तथा मर्मत सम्भारका लागि दक्ष, तालिम प्राप्त जनशक्ति उत्पादन गर्ने। निजि क्षेत्रसँग मिलेर विद्युत संचालित सवारी साधनको प्रवर्धन गर्ने। विद्युत वितरण लाइनमा सम्पूर्ण काठेपुलहरु प्रतिस्थामपा गर्ने।
	वायु तथा सौर्य उर्जा लगायत अन्य उर्जाको	पालिकामा विभिन्न वैकल्पिक उर्जा उत्पादन तथा प्रसोधन गर्न सकिने ठाउको परिक्षण गर्ने।

	सम्भावना अध्ययन गर्ने।	सम्भाना भएको उर्जाको उत्पादन बढाई पालिकालाई उर्जा क्षेत्रमा आत्मनिर्भर हुन उन्मुख बनाउने।
	वैकल्पिक उर्जालाई व्यावसायिक उर्जाको रुपमा विकास गर्ने	जाला, वायु तथा सौर्य उर्जाबाट उत्पादन विद्युतलाई घरेलु तथा व्यावसायिक कामको लागि प्रयोग गर्ने। निजि , सार्वजनिक तथा सामुदायिक स्थानहरुमा उर्जा भण्डार सहितको सौर्य उर्जा प्लान्ट जडान गरि कुशल रुपमा उर्जा खापा गर्ने।

६.३ सडक तथा यातायात

हालको अवस्था

यातायात पूर्वाधार समग्र विकासको मेरुदण्ड हो। यातायात सेवा लगायत पूर्वाधारका अन्य विकास आयोजनाले विस्तृत आर्थिक, सामाजिक विकासका अन्य क्षेत्रका विकासको गतिलाई सुगम पार्न तथा सार्वजनिक सेवामा पहुँच, प्रवाह र नागरिकको दैनिक जीवनयापनालाई सहज बनाउने भुमिका रहेको छ।

यस गाउँपालिकामा स्थानीय सरकारको स्थापना आएपछि धेरै नयाँ सडक विस्तार भएको देखिन्छ। सडकको संजाल गाउँपालिका भरि समान रुपले फैलिएको छ भने यातायात सुविधा भएका २ रुट रहेको देखिन्छ। राजगढ -विर्तामोड र लक्ष्मीपुर-राजगढ रुटहरुमा ६ बस र अटोहरु क्रमश चल्ने गरेको देखिन्छ। गाउँपालिकामा रहेका विभिन्न नदीहरुले उत्पन्न गरेको असहजता सम्बोधन गर्नका निम्ति २७ वटा जति पुलहरू निर्माण गरिएको पाईन्छ। ति मध्ये ५ पुल झोलुंगे पुल रहेका छन् भने बाँकी काठे र पक्कि पुल रहेको पाईन्छ। गाउँपालिका केन्द्र सम्मको विभिन्न वडाहरुबाट अधिकतम दुरी १३ किमी रहेको पाईन्छ।

प्रमुख समस्याहरु

सडक संजालको विस्तार व्यापक भएपनि अधिकांस सडकको स्तर राम्रो नभएको सम्भावनालाई सदुपयोग गर्न भूगोलको बनावटले गर्दा अत्याधिक अर्थ चाहिने हुँदा विभिन्न निजी तथा सरकारी संस्था बाट अझै पर्याप्त सहयोग जुटाउन र पर्यावरणमा पर्ने असर पनि धेरै भएको र त्यस तर्फ अझै आवश्यक ध्यानाकार्षण गर्न नसक्नु चुनौतिपूर्ण रहेको देखिन्छ।

अवसर

सडकको महत्त्व अरु थुप्रै क्षेत्र सँग अन्तरसम्बन्धित रहेको छ त्यसैले सडकको उचित व्यवस्थान गर्न , सके अन्य पूर्वाधारको विकास पनि चुस्त बबन्ने देखिन्छ भने आर्थिक क्रियाकलापमा पनि वृद्धि भई जिवानस्तारमा सकारात्मक परिवर्तन आउने देखिन्छ।

सोच

सडक यातायतको विकास मार्फत आर्थिक सम्वृद्धि

लक्ष्य

स्थानीय सडक संजालको विस्तार गरी आर्थिक-सामाजिक विकास, व्यापार विस्तार एवं विविधिकरण तथा अन्तर गाउँपालिका स्तरीय सम्बन्धमा सुदृढिकरणमा टेवा पुर्याउने

उद्देश्य

- प्रभावकारी, दिगो, भरपर्दो, सुरक्षित, वातावरणमैत्री र कम खर्चिलो यातायात सेवामार्फत आर्थिक क्रियाकलाप विस्तार र सेवा प्रवाहको प्रभावकारिता बढाउनु
- वडा-गाउँपालिका, गापा-गापा/नपा, गापा-जिल्लाबीच तथा छिमेकी पालिकाहरु बीच व्यापारिक सम्बन्ध विस्तार गर्नु
- यातायात व्यवस्थालाई सहज र सहुल्यत बनाई सम्पूर्णको न्यायोचित पहुँच पुर्याउने

रणनीति तथा कार्यनीति

उद्देश्य	रणनीति	कार्यनीति
१. प्रभावकारी, दिगो, भरपर्दो, सुरक्षित, वातावरणमैत्री र कम खर्चिलो यातायात सेवामार्फत आर्थिक क्रियाकलाप विस्तार र सेवा प्रवाहको प्रभावकारिता बढाउनु	• कृषि, पर्यटन तथा सामाजिक सेवा प्रवाहलाई सहज र सुलभ हुने गरि गुणस्तरीय पूर्वाधारको विकास र विस्तार गर्ने।	• गाउँपालिकाको रणनीतिक सडकहरु प्राथमिकता अनुसार क्रमश ग्राभेल : र पिच गर्दै लग्ने। • सडक नपुगेको प्रमुख बस्ति तथा बजार केन्द्रलाई लक्षित गरि अति जरुरि स्थानमात्र नयाँ ट्रयाक खोल्ने। • सडक संजाल निर्माण गर्दा कृषि, उर्जा, पर्यटन तथा उद्योग व्यवसायको समेत प्रवर्धन हुने गरि गर्ने।

		• सडकको नयाँ ट्रयाक खोल्दा तथा स्तरोन्नति गर्दा पुर्व वातावरणीय परिक्षण वा वातावरणीय प्रभाव मुल्यांकन पश्चात विस्तृत अध्ययन प्रतिवेदन तयार गरि मात्र सडक निर्माण र स्तरोन्नति गर्ने।
	• सडकको मापदण्ड, वर्गीकरण नामकरण र , प्राथमिकताक्रम सहित यातायात गुरुयोजना तर्जुमा सडक निर्माण र संचालन गर्ने	• भूउपयोग क्षेत्र र योजना अनुसार-, वस्ती विकास तथा भौतिक निर्माणको योजना तर्जुमा र कार्यन्वयन गर्ने। • भौतिक योजना तथा यातायात गुरुयोजना अनुसार सडकको मापदण्ड, वर्गीकरण, नामाकरण तथा प्राथमिकता निर्धारण गर्ने। • प्राथमिकताका आधारमा सडक निर्माण, मर्मतसम्भार र यातायात संचालन गर्ने।
२. यातायात व्यवस्थालाई सहज र सहुल्यत बनाई सम्पूर्णको न्यायोचित पहुँच पुर्याउने	• कृषि, पर्यटन तथा सामाजिक सेवा प्रवाहलाई सहज र सुलभ हुने गरि यातायात व्यवस्थापन गर्ने।	• यातायात व्यावाव्स्थापन सहज बनाउन आवश्यक पूर्वाधार व्यक्त गर्ने। • यात्रा सहज र गुणस्तरीय बनाउन आवश्यक मापदण्ड पुरा गर्ने।

६.४ सञ्चार तथा सूचना प्रविधि पूर्वाधार

हालको अवस्था

यस आधुनिक युगमा सुचना भनेको सबैभन्दा शक्तिसाली संसाधन हो। सूचना तथा संचारको पहुँच हरेक नागरिकको आधारभूत आवश्यकता बनिसकेको छ। यस गाउँपालिकामा संचारको स्थिति औसत रहेको देखिन्छ। यस गाउँपालिकामा २९८ घरधुरीसँग कुनै प्रकारको संचार माध्यमको पहुँच नभएको छ। त्यसैगरी

अझै पनि रेडियोलाई संचारको प्रमुख माध्यम मान्ने घरधुरीको संख्यापनि १,४४१ रहेको छ। यस गाउँपालिकामा कुनै पत्रपत्रिका प्रकाशन नभएको पाईन्छ भने हुलाक कार्यालय भने ३ वटा रहेको देखिन्छ।

प्रमुख समस्याहरु

केहि स्थानमा भने न्युनतम संचार नेटवर्क समेत नरहेको र भएको स्थानहरुमा पनि गुणस्तरको नभएको कम्जोर पक्ष देख्न सकिन्छ। स्थानियाहरुलाई संचार पूर्वाधारको सदुपयोग गर्न सकिने पक्षहरुको बारेमा उचित जानकारी नभएको देख्न सकिन्छ। त्यसैगरी संचार प्रविधिमा सहुल्यता नभएको कारण सबै वर्गको पहुँचमा ल्याउन निकै चुनौतिपूर्ण देखिन्छ।

अवसर

संचारको महत्त्व मध्यनजर गरेर विभिन्न तहका सरकारी तथा निजि क्षेत्रको संचार विकास गर्न प्रयास जारि रहेको अवस्था देखिन्छ। धेरै स्थानियाहरुको पहुँचमा मोबाईल रहेको कारण संचारलाई थप विकास गर्न सके विभिन्न सुचना तथा जानकारी प्रवाह सहज रुपले गर्न मिल्ने अवसर रहेको देखिन्छ।

सोच

संचार तथा सुचनाको गुणस्तरीय विकास, विकसित लोकतन्त्रको अभ्यास

लक्ष्य

गुणस्तरीय सुचना तथा सेवामा नागरिकको पहुँच विस्तार गर्ने

उद्देश्य

- सूचनाका पूर्वाधार विकास गर्ने
- सुचना प्रविधिमा सहुल्यता र गुणस्तर कायम गर्ने

रणनीति तथा कार्यनीति

उद्देश्य	रणनीति	कार्यनिती
१. सूचनाका पूर्वाधार विकास गर्ने	• इन्टरनेट सेवाको पहुँच अभिवृद्धि गर्ने	• गाउँपालिका, वडा कार्यालय, स्वास्थ्य संस्था र विद्यालयमा इन्टरनेट क्षमता वृद्धि गरि सेवाको विस्तार र गुणस्तर सुधार गर्ने। • सबै वडा कार्यालयहरु, विद्यालय र स्वास्थ्य संसथामा इन्टरनेट सेवा निहमित

		तथा सुचारु गर्न सेवा प्रदायक परिचालनको व्यवस्था गरिनेछ। • गाउँकार्यपालिका कार्यालय, वडा कार्यालय, विद्यालय र स्वास्थ्य संस्था मुख्य बजारमा सिसिटिभी क्यामेरा जडान गर्ने।
	• टेलिफोन सेवा प्रभावकारी बनाउने	• टेलिफोन टावरको संख्या र क्षमता वृद्धि गर्न समन्वय र पैरवी गर्ने। • विद्यालय तथा स्वास्थ्य संस्थाहरुमा इन्टरनेट सुविधा जडान गर्ने र सुचना प्रविधिमा आधारित भई पठनपाठन तथा स्वास्थ्य सेवा प्रवाह गर्ने। • ल्याण्डलाइन टेलिफोन र अप्टिकल फाईबर प्रविधिको इन्टरनेट विस्तार संचालन गर्न नेपाल टेलिकम र अन्य सेवा प्रदायक संस्थासँग छलफल, समन्वय र पैरवी गर्ने।
२ .सुचना प्रविधिमा सहुल्यता र गुणस्तर कायम गर्ने	• सुचना तथा सेवा प्रवाहलाई सुचना प्रविधि बनाउने	• राजस्व, प्रशासन, योजना तथा स्थानीय तथ्यांक सम्बन्धि सूचना व्यावाव्स्थापन प्रणाली तयार गरि सुचना प्रविधिमा आधारित सेवा प्रवाहको व्यवस्था गर्ने। • स्थानीय संचार माध्यम र संचाकर्मिका क्षमता विकास गरि गाउँपालिकालाई मिडीयामैत्री बनाउने। • सम्पादित योजना, कार्यक्रम र गतिविधि एफएम रेडियो स्थापना संचालन गरि सुचना र संचारको प्रमुख माध्यमको रुपमा विकास गर्ने।

		• गाउँपालिकाको मुखपत्रको रुपमा महाभारत विकास बुलेटिन प्रकाशनको व्यवस्था गर्ने (चौमासिक)। • पदाधिकारी तथा सेवाग्राही रेडियो संवाद कार्यक्रम नियमित रुपमा संचालन गर्ने। • स्थानीय नीति, कानुन, नियम र कार्यविधि, निर्णय, विकास कार्य संचालन, उपलब्धि, सफल अभ्यास बारे पत्रकार संवाद, पत्रपत्रिका, रेडियो र टेलिभिजनमा नियमिति प्रकासन र प्रसारको व्यवस्था गर्ने।

६.५ आवास तथा वस्ती विकास

हालको अवस्था

आवास मानवको जीवनको आधारभूत आवश्यकतामा पर्दछ। सविधानले पनि आवासलाई नागरिकको मौलिक हकको रुपमा स्थापित गरेको छ। स्थानीय संचालन ऐनले सुरक्षी बस्ति विकास, भवन मापदण्ड तथा नियमन जस्ता कार्यहरु स्थानीय तहको जिम्मेवारीमा सुम्पेको छ। यस गाउँपालिकामा अधिकांश स्थानीय आफ्नै घरमा बस्ने गरेको पाईन्छ।

सोच

सबै नागरिकको सुरक्षित , सुलभ र व्यवस्थित आवासमा पहुँच

लक्ष्य

वातावरणमैत्री, सुरक्षित र सुलभ सार्वजनिक भवन तथा निजी आवासको विकास गर्ने

उद्देश्य

- आवास क्षेत्रमा सुरक्षा र पूर्वाधारको सुनिश्चितता गर्ने
- व्यवस्थित तरिकाले वस्ती विकास गर्ने

रणनीति तथा कार्यनीति

रणनीति	कार्यनीति
१. वस्तीको विकास एकीकृत र सुरक्षित गर्ने।	• भू-उपयोग योजनाअनुसार बस्ति विकास गर्दै लग्ने। • एक नमुना बस्ति विकास कार्यक्रम संचालन गरि अन्य अव्यवस्थित वस्तीहरुलाई व्यवस्थित गर्न सहज गर्ने। • वस्ती तथा आवासलाई चाहिने पूर्वाधारको उचित व्यवस्थापन गर्ने। • आवास, बस्ति विकास तथा सार्वजनिक निर्माण सुरक्षित बनाउन चेतना अभिवृद्धि गर्ने।
२. भवन निर्माणमा भवन संहिताको सशक्त कार्यन्वयन गर्ने।	• सरकारी भवनहरु बाल, महिला र अपाङ्गमैत्री बनाउनको साथै भवन संहिता तयार गरि कार्यन्वयन गर्ने। • निर्माणमा संलग्न स्थानीयहरूलाई मापदण्ड बमोजिम निर्माण गर्न सिप तथा तालिम व्यववस्था गर्ने। • पक्कि निर्माण तथा खरको छाना विस्थापन गर्ने।
३. क्षतिग्रस्त आवास तथा भवनहरुको पुननिर्माण गर्ने।	• जोखिम नक्सांकन गरि विपद जोकिम स्थानमा रहेका घर बस्तीलाई सुरक्षित स्थानमा पुनःस्थापना गर्ने।

६.६ पूर्वाधार विकासका मुख्य कार्यक्रमहरु

क्र.सं.	कार्यक्रम/आयोजना	कुल (५ वर्षे)
	बस्ति, आवास, भवन तथा सार्वजनिक निर्माण	०
५५	सामाजिक तथा सार्वजनिक पूर्वाधार निर्माण/व्यवस्थापन	५५९
५६	पुनर्निर्माण गर्नुपर्ने पूर्वाधार निर्माण कार्यक्रम	२०
५७	वस्ती विकास, सार्वजनिक क्षेत्र विकास अध्ययन	१५०

	सडक, पुल तथा यातायात	०
५८	सडक तथा पुल/कल्भर्ट निर्माण/स्त्रोंनती/पुनरुत्थान कार्यक्रम	८३९५
५९	सडक, पुल तथा यातायात सम्बन्धि अध्ययन कार्यक्रम	२८०
६०	पालिका पूर्वाधार व्यस्थापन एम्बुलेन्स कार्यक्रम	५०
	जलश्रोत, विद्युत तथा वैकल्पिक उर्जा	०
६१	जलश्रोत, विद्युत तथा वैकल्पिक उर्जा सम्बन्धि पूर्वाधार मर्मत/निर्माण/व्यवस्थापन	२३०
६२	जलश्रोत, विद्युत तथा वैकल्पिक उर्जा सम्बन्धि अध्ययन	३०
६३	विद्युत योजना तथा जलश्रोत क्षेत्रमा मानब संसाधन सम्बन्धि कार्यक्रम	१०
६४	वैकल्पिक उर्जा प्रवर्धन कार्यक्रम	१०५
	सूचना, सञ्चार तथा प्रविधि	०
६५	सूचना प्रणाली प्रबलिकरण कार्यक्रम	२५
६६	सञ्चार प्रबलिकरण तथा निर्माण कार्यक्रम	४७
६७	प्रविधिको पहुँच बढाउने कार्यक्रम	४०

६.७ पूर्वाधार विकासको नतिजा खाका

पूर्वाधार विकास

नतिजा शृंखला	सूचक		आधार बर्ष	लक्ष्य					पुष्ट्याईका आधारहरु	जोखिम तथा पूर्वानुमान
	विवरण	इकाई	०८१/८२	०८२/८३	०८३/८४	०८४/८५	०८५/८६	०८६/८७		
प्रतिफल ३.१ सडक एवं सहायक पूर्वाधारको विस्तार र विकास एवं यातायात सुचारु भएको हुनेछ	पक्की सडकमा पुग्न लाग्ने औसत समय	मिनेट	१८०	१२०	९०	७५	६०	३०	· आर्थिक प्रतिवेदन • गाउँपालिका प्रोफाईल • यातायात गुरुयोजना	· अन्तर-सरकार, नागरिक समाज र समुदायको सहकारी र साझेदारीमा वृद्धि हुनेछ। • संघ, प्रदेश र गैर सरकारी र
	कालोपत्रे सडक	किमी	१०	२५।०	३०।०	४५।०	६०।०	७०।०		
	ग्राभेल सडक	किमी	८।६१	२५।०	५०।०	७०	११०	१४०		
	कच्ची सडक(Earthern road)	किमी	३१५	२६५।०	२३५।०	२००।०	१४५।०	१०५।०		

	बायो इन्जिनीरिंग प्रविधि र सडक साइड वृक्षारोपण	किमी	०	५	२५	३५	४५	५५		निजि क्षेत्रको लगानी र कार्यक्रममा वृद्धि हुनेछ।
प्रतिफल ३.२ आवास बजार, बस्ति , एकीकृत, व्यवस्थित र सुरक्षित भएको हुनेछ	प्रवार्धित तथा मापदण्ड अनुसार निर्माण तालिम लिएको दक्ष व्यक्ति	संख्या	२०	५०	५०	७५	७५	१००	· आर्थिक प्रतिवेदन ·गाउँपालिका प्रोफाईल	· समुदायको योगदान र निगरानीमा वृद्धि हुनेछ
	आधारभूत पूर्वाधार सहित व्यवस्थित बजार	संख्या	०	१	२	४	५	८		
प्रतिफल ३.३ बिद्युत र बैकल्पिक उर्जाको विस्तार उपलब्धता तथा उपयोगमा वृद्धि भएको हुनेछ	बिद्युत ट्रान्समिसन लाइन बिस्तार	किमी	८२	९८	११८	१४२	१७०	२०४	गाउँपालिका प्रोफाईल	स्वच्छ उर्जा उत्पादन र उपयोग संघीय नीति र कानुन तर्जुमा हुनेछ
	सोलार प्रणाली/बिद्युत सेवा पुगेका घरपरिवार	प्रतिशत	९९।६	९९।६	९९।६	९९।६	१००	१००		
	सुधारिएको उर्जा (Bio-Gas, LP) प्रयोग गर्ने परिवार	प्रतिशत	२।१	१५	२५	३५	४५	६०		

प्रतिफल ३.४ सूचना र संचार प्रविधिको पहुँच भएको हुनेछ	मोबाइल प्रयोगकर्ता	प्रतिशत	९८	९९	१००	१००	१००	१००	•गाउँपालिका प्रोफाईल	अन्तर-सरकार, नागरिक समाज र समुदायको सहकारी र साझेदारीमा वृद्धि हुनेछ।
	उद्दम व्यवसायमा सूचना प्रविधि प्रयोग गर्ने व्यक्ति	प्रतिशत	२५	३५	४५	५५	६०	७५		

परिच्छेद ७वन तथा विपद व्यवस्थापन

७.१ विपद् व्यवस्थापन

हालको अवस्था

यस गाउँपालिकामा वर्षेनी विपदले धनजनको क्षति गर्ने गरेको पाईन्छ। मुख्यतः बाढी, हावाहुरी, आदि जस्ता विपद्को जोखिम उच्च रहेको पाईन्छ। यसैगरी आउँ, झाडा पखाला लगायत विरलै देखिने स्वाइन फ्लु , बर्ड फ्लु आदि रोगहरु पनि विपद्को कारकको रुपमा रहेको पाईन्छ। विपद्को समयमा आश्रय स्थलका लागि खुला क्षेत्रको आवश्यकता भएकाले खुला क्षेत्रहरु कायम गर्ने कार्य अगाडी बढाउन आवश्यक देखिन्छ। विपद्को समयमा कटानले गर्दा हानि भएको भुभागको संरक्षणका लागि आकस्मिक तटबन्धन आवश्यक देखिन्छ। विपद्को तथ्यांक अझै व्यवस्थित गर्न विपद् लेखाजोखा निर्देशिका जारि गरि लेखाजोखामा एकरुपता कायम गर्नु पर्ने देखिन्छ। विपद व्यवस्थापन समितिहरु निर्माण भएपनि कार्यशिलता चुस्त बनाउन पर्ने देखिन्छ भने विभिन्न संघ तथा संस्थाहरुको समन्वयमा स्थानीय रुपले सकिने सम्पूर्ण प्रयासहरु कार्यन्वयन गरि जोखिम न्यूनीकरण गर्नु पर्ने देखिन्छ।

प्रमुख समस्याहरु

एकीकृत तथा योजनाबद्ध विकास गर्न असमर्थ हुनु, जनसंख्याको वढ्दो चापलाई व्यवस्थित गर्न नसक्नु, अव्यवस्थित शहरीकरण बढ्नु, पूर्वाधा विकास र वातावरण विचको असन्तुलन हुनु, औद्योगिक क्षेत्र, अस्पताल र सहरी क्षेत्रबाट निष्काशन हुने रासयानिक मल र विषादी व्यवस्थापन गर्न, जोखिमपूर्ण मापदण्डको अभाव र कार्यन्वयन क्षमता कमजोर हुँदा वायु, ध्वनि तथा जमिनका प्रदुषण मात्रा बढ्नु, विभिन्न सरोकारवालाहरु बीच वातावरणसँग सम्बन्धित विषयमा समन्वय र सहकार्य हुन नसक्नु यस क्षेत्रका प्रमुख समस्याको रुपमा रहेका छन्।

अवसर

अवसर

विगतका अनुभवहरु समेत आधार लिई दिगो तथा सुरक्षित विकास सुनिश्चित गर्ने, स्थानीय पूर्वाधार विकास तथा एकीकृत बस्ति विकास कार्यलाई तालमेल हुने गरि विकास गर्ने, आर्थिक-सामाजिक रुपान्तरणका अलागी जनजीविकामा सुधार भएको विपद् प्रतिरोधी गुणस्तरीय पूर्वाधारसहित विपद् उत्थानशील बस्ति विकास गर्ने, सबै प्रकारको विपद्को सामना गर्ने आधुनिक प्रविधियुक्त संरचना र दक्ष जनशक्तिको विकास गर्ने तथा विकास साझेदारहरुबाट प्राप्त सहयोगलाई प्रभावकारी रुपमा परिचालन गरि आत्मनिर्भर बन्ने जस्ता अवसरहरु

देखिएको पाईन्छ। विपद्लाई विकाससँग जोडी योजना अप्रक्रियाका विभिन्न चरणमा सम्बोधन हुने गरि मूलप्रवाहीकरण गर्ने प्रयास, विपद्का लागि पूर्वतयारी गर्ने रणनीति कार्यन्वयन गर्ने परिपाटीको विकास गर्ने, प्रतिकार्यकानिम्ती गाउँविपद प्रतिकार्य कार्ययोजना तर्जुमा लगायतको पुर्व तयारीका नीतिगत तथा संस्थागत व्यवस्थाको सुदृढीकरण र कार्यविधिहरुको तयार र केन्द्रदेखि स्थानीय तहसम्मको व्यवस्था तथा आपेक्षित तथा अवस्थित सँग तथा संस्थाका लगानी तथा श्रोतहरु उचित व्यवस्थापन गर्ने आदिलाई अवसरको रुपमा लिईएको छ।

सोच

विपदहरुको प्रभावकारी व्यवस्थापनबाट विपद उत्थान्शील गाउँको रुपमा विकास गर्ने।

लक्ष्य

विपदबाट हुने मानवीय, भौतिक, आर्थिक, सामाजिक, सांस्कृतिक र पर्यावरणीय क्षति न्यूनीकरण गर्ने।

उद्देश्य

१. विभिन्न निकायबाट हुने विपद व्यवस्थापनको कार्यलाई समन्वय गरि एकीकृत रुपमा संचालन गर्ने।
२. अपेक्षित विपद अनुसारको खोज, राहत तथा उद्दारका लागि क्षमता अभिवृद्धि गर्न विशेष कार्यक्रम संचालन गर्ने।
३. विपद जोखिम न्युनिकरणलाई विकासका सबै आयाम तथा चरणमा मुलप्रवाहिकरण गर्ने।
४. विपद व्यवस्थापनलाई प्रभाकारी बनाउने नीतिगत व्यवस्थालाई समय सापेक्ष र व्यवहारिक बनाउने।

रणनीति तथा कार्यनीति

रणनीति	कार्यनीति
१. विभिन्न निकायबाट हुने विपद व्यवस्थापनको कार्यलाई समन्वय गरि एकीकृत रुपमा संचालन गर्ने।	• विपद जोखिम न्यूनीकरणका लागि स्थानीय क्षमता अभिवृद्धि गर्ने। • अन्तर वडा तथा अन्तर गाउँपालिका जल व्यवस्थापन नीति अवलम्बन गर्ने। • गाउ विपद व्यवस्थापन कार्यलाई गाउँपालिका तहबाट व्यवस्थापन गर्न वडातहसम्म संरचना व्यवस्था गर्ने।

२. अपेक्षित विपद अनुसारको खोज, राहत तथा उद्दारका लागि क्षमता अभिवृद्धि गर्न विशेष कार्यक्रम संचालन गर्ने।	• बस्ति/समुदाय स्तरसम्म विपद पूर्वतयारी तथा प्रतिकार्य क्षमता विकास व्यवस्थापन गरि विपद जोखिम न्यूनीकरण तथा अल्पिकरण गर्नका लागि गाउँपालिकाका वडा तहसम्म जनचेतनामुलक कार्यक्रम गर्ने।
३. विपद जोखिम न्युनिकरणलाई विकासका सबै आयाम तथा चरणमा मुलप्रवाहिकरण गर्ने।	• एकीकृत बस्ति विकासको सुरुवाती चरणदेखि नै विपद विज्ञ, स्थानीय निकाय, योजनाविद् हरुलाई सहभागी गराई भू-उपयोग नीति अनुकुल हुने गरि दिर्घकालिन बस्ति विकास योजना बनाई लागु गर्ने। • स्थानीय तहको योजना तर्जुमा तथा कार्यन्वयन प्रक्रियामा समाहित गर्न कार्यलाई प्राथमिकताका साथि अगाडी बढाउने।
४. विपद व्यवस्थापनलाई प्रभाकारी बनाउने नीतिगत व्यवस्थालाई समय सापेक्ष र व्यवहारिक बनाउने।	• गाउँपालिकाको जोखिम नक्सांकन गरि विपद जोखिम न्यूनीकरणका कार्यक्रामहरु वार्षिक योजनामा समावेश गर्ने। • गाउँ विपद व्यवस्थापन रणनीतिलाई स्थानीय विपद व्यवावास्थापन भित्र संस्थागत गर्ने। • विपद व्यवस्थापनको सब तहमा जलवायु परिवर्तन अनुकुलान्को अवधारणालाई आत्मसाथ गरि जलवायु परिवर्तनको नकारात्मक असर न्यूनीकरण गर्ने विशेष कार्यक्रमहरु संचालन गर्ने।

७.२ वन व्यवस्थापन

हालको अवस्था

वन सम्पदा स्वच्छ हावापानीको मात्र नभई आर्थिक उन्नतिको पनि श्रोत हो। वन सम्पदाको व्यवस्थित विकासबाट आर्थिक लाभ लिन सकिन्छ भने समग्र क्षेत्रको सुन्दरता र स्वच्छतामा ठुलो भूमिका खेल्दछ। नेपालको सन्दर्भमा वनको विकास उल्लेखनीय रहेको छ। सामान्य जनमानसमा वनको संरक्षण गर्नुपर्छ भन्ने चेतनाको स्तर वृद्धि भएको छ। यस गाउँपालिकामा पनि रहेको वनको सामुदायीकरणबाट संरक्षण तथा व्यावस्थापन भएको छ।

प्रमुख समस्याहरु

वन सम्पदाको सदुपयोग गरेर आर्थिक लाभ लिन नसक्नु, वनको अवैध प्रयोगलाई न्यूनीकरण गर्न नसक्नु आदि समस्याहरु रहेका छन्।

अवसरहरु

वनको विस्तार तथा व्यवस्थापन गरि जमिन मुनिको पानी श्रोतलाई रिचार्ज गर्न सकिन्छ भने गाउँपालिकाको सौन्दर्य पनि प्रवर्धन गर्न सकिन्छ। त्यसैगरी वन पैदावारहरू सदुपयोग गरि तथा आयुर्वेदिक वनस्पतिहरु लगाई लाभ लिन सकिन्छ।

सोच

सुन्दर तथा हरियो पालिका, आर्थिक लाभ लिने नविन तरिका

लक्ष

वन सम्पदाको प्रचुर उपयोगबाट आर्थिक सम्वृद्धि ल्याउने

उद्देश्य

- वनको विस्तार भई उपयोग प्रणाली विकास गर्ने
- वनस्पतिको विकास गरि आर्थिक लाभ लिने

रणनीति तथा कार्यनीति

उद्देश्य	रणनीति	कार्यनीति
१. वनको विस्तार भई उपयोग प्रणाली विकास गर्ने	• वनको विस्तार गर्ने	• वृहत वृक्षरोपन आयोजना गर्ने • वनको अवैध प्रयोगमा नियन्त्रण ल्याई दिगो विकास प्रणाली विकास गर्ने

	• वनको उपयोग सुलभ र दिगो बनाउने	• नियन्त्रित र व्यवस्थित वन उपयोग प्रणाली विकास गर्ने • वन विकास समितिहरु चुस्त र निरीक्षण क्षमता सहितको विकास गर्ने • वनमा सिंचाई पोखरीहरु निर्माण गर्ने
२. वनस्पतिको विकास गरि आर्थिक लाभ लिने	• वनमा फलफुल खेति गर्ने	• वनमा रणनीतिक ढंगले उपर्युक्त फलफुल खेति गर्ने • चौपायाहरुलाई वनको वरिपरी उपर्युक्त चरण क्षेत्र विकास गर्ने
	• वनमा आयुर्वेदिक बोटहरु लाउने	• वनमा हावापानी अनुकुल आयुर्वेदिक बोटविरुवा खेति गर्ने • वन उपज प्रसोधन गर्न प्रणाली विकास गर्ने

७.३ जलवायु परिवर्तन अनुकुलन

हालको अवस्था

जलवायु परिवर्तनका विभिन्न असरहरु अन्तर सम्बन्धित हुने भएको कारण वातावरणमा नकारात्मक असर न्यूनीकरण गरि संरक्षण गर्न तथा जलवायु परिवर्तनको प्रभाव अनुकुलन गर्दै समष्टिगत विकासका लक्ष्यहरु हासिल गर्ने सवाललाई मध्यनजर गरि स्थानीय तहबाटै नीति, कानुन तथा संस्थागत संयन्त्रहरुको व्यवस्था गर्नु पर्ने देखिन्छ। हरित विकासको अवधारणा आत्मसात गर्नु जस्ता नीति विकास गरि पुर्वातायारै गर्न आवश्यक रहेको देखिन्छ। जलवायु परिवर्तनका क्षेत्रमा लगानी न्यायोचित गर्न जलवायु परिवर्तन बजेट व्यवस्था गरि राष्ट्रले तय गरेका योजना कार्यन्वयन गर्नु पर्ने देखिन्छ। वातावरण व्यवस्थापनलाई विकास कार्यसँग आवद्ध गर्दै वातावरण प्रभाव मुल्यांकनलाई संस्थागत गर्नु पर्ने देखिन्छ।

प्रमुख समस्याहरु

जलवायु परिवर्तनको अत्याधिक प्रभावित र जोखिमपूर्ण राष्ट्रको सुचिमा देश रहेको र जलवायु परिवर्तन बहुपक्षीय विषय भएको भए तापनि अन्तर क्षेत्रगत निकायहरुबीच समन्वयमा कमि र बुझाईमा एक रुप नहुनु पाईएको छ। त्यसैगरी जलावायुजन्य प्रकोपबाट हुने क्षति सम्बन्धमा अध्ययन, अनुसन्धान र आधारभूत तथ्यांकको कमि भएको पाईन्छ। त्यसैगरी जलवायु परिवर्तनको विषय समग्र विकास प्रक्रियामा मुलप्रबाहिकरण हुन नसक्नु, समस्या सम्बोधनको लागि समग्र संस्थागत क्षमता, आवश्यक वित्त, प्रविधि, ज्ञानको कमि रहनु प्रमुख समस्या रहेका छन्।

अवसर

दिगो विकासका लक्ष्यहरुमा सरकारी तथा अन्तराष्ट्रिय समुदायबाट प्रतिवद्धता जाहेर गरेको, जलवायु वित्तको व्यवस्था हुनु, प्रकृति संरक्षण अनुकुलनको क्षमता बढाउँ राष्ट्रिय कार्ययोजना छाता रणनीति तयार हुनु र जलवायु परिवर्तनका क्षेत्रमा उपलब्ध अन्तराष्ट्रिय सहयोगलाई राष्ट्रिय बजेट प्रणालीमा एकीकृत गर्ने जस्ता नया अवसर रहेका छन्।

जलवायु परिवर्तनमा राष्ट्रले नै महत्त्वपूर्ण भूमिका नखेले पनि जलवायु परिवर्तनलाई अझ सहयोग पुर्याउने स्थानीय समस्याहरु न्यूनीकरण गर्न चुनौती रहेको देखिन्छ। वन संरक्षण, फोहोर मैला व्यवस्थापन, हरितगृह ग्यासको उत्सर्जनलाई न्यूनीकरण गर्नु, पनि चुनौतिपूर्ण रहेको देखिन्छ। त्यसैगरी जलवायु वित्तमा पहुँच बढाई नातिजामुलक कार्यक्रम संचालन गर्नु, तत्काल जोखिममा रहेका क्षेत्रमा कार्यक्रम संचालन गर्नु तथा सम्पूर्ण स्थानियाहरुमा जलवायु परिवर्तन बारे हुने साझा धारणा विकास गर्नु पनि चुनौतिपूर्ण रहेको देखिन्छ।

सोच

स्वस्थ तथा स्वच्छ वातावरण, वासोवास्योग्य गाउँ व्यवस्थापन

लक्ष्य

वातावरणमैत्री र जलवायु परिवर्तनसँग अनुकुलित हुने विकास कार्यक्रमहरु संचालन गर्ने।

उद्देश्य

- वातावारणको संरक्षण स्थितिमा सुधार हुनेछ।
- प्रदुषण न्यूनीकरण हुनेछ।
- हरित विकासको अवधाराणा अपनाई सम्पूर्ण क्रियाकलाप जलवायु परिवर्तन अनुकुलित हनेछन्।

रणनीति तथा कार्यनीति

रणनीति	कार्यनीति
१. वातावरण व्यासस्थापनलाई अंतरिकिकरण गर्दै वातावरण संरक्षण एवं प्रदुषण नियनत्रणका लागि संस्थागत क्षमता अभिवृद्धि गरि विकास कार्यक्रमको अभिन्न अंकका रुपमा संचालन गर्ने।	१. वातावरण र जलवायु परिवर्तनका क्रियाकलापमा लगानी व्यवस्थापन गर्न विभिन्न निकायसँग साझेदारी तथा समन्वय गर्ने। २. वातावरण मैत्री योजना तर्जुमा तथा कार्यन्वयनमा अन्तरनिकाय समन्वयलाई सुदृढ गर्ने।
२. जल तथा मौसमी सेवालाई विश्वसनीय, भरपर्दो, नियमित, गुणात्मक बनाई जलवायु परिवर्तन तथा प्रकोपले पार्ने असरलाई न्यूनीकरण गर्ने कार्यमा परिचालीत गर्ने।	१. जलवायु परिवर्तन अनुकुलन हुने पूर्वाधार विकास गरि जनस्तरमा वातावरणीय चेतना र सावधानी जगाउने। २. जलवायु परिवर्तनले अनियमित बनाएको वर्षा आदिको प्रभाव नियमित मुल्यांकन गर्ने।

७.४ वन तथा विपद व्यवस्थापनका मुख्य कार्यक्रमहरु

क्र. सं.	कार्यक्रम/आयोजना	कुल (५ वर्षे)
	वन तथा जैविक विविधता	०
६८	वन तथा जैविक विविधता संरक्षण/व्यवस्थापन कार्यक्रम	६०
६९	वन डढेलो रोकथाम कार्यक्रम	२५
७०	सामुदायिक वन संरक्षण/व्यवस्थापन कार्यक्रम	१५
	वातावरण तथा फोहोरमैला व्यवस्थापन	०
७१	वातावरण तथा फोहोरमैला व्यवस्थापन सम्बन्धि जनचेतना कार्यक्रम	२५
७२	फोहोरमैला संकलन, प्रसोधन तथा व्यवस्थापन स्थल अध्ययन/व्यवस्थापन कार्यक्रम	५०
	विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलता	०
७३	विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनको लागि प्रविधिको प्रयोग	११०
७४	विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनको जलवायु उत्थानशीलता सम्बन्धि जनचेतना/तालिम कार्यक्रम	१७

७५	विपद् रोकथाम गर्न अध्ययन तथा निर्माण कार्यक्रम	५६५
७६	आपतकालीन विपद कोष/सामग्री निर्माण	७६०

७.५ वन तथा विपद व्यवस्थापनको नतिजा खाका

वन तथा वातावरण										
नतिजा शृंखला	सूचक		आधार बर्ष	लक्ष्य					पुस्टयाईका आधारहरु	जोखिम तथा पूर्वानुमान
	विवरण	इकाई	०८१/८२	०८२/८३	०८३/८४	०८४/८५	०८५/८६	०८६/८७		
प्रभाव ४: वन, जैविक, जलाधार, विपद तथा जलवायु सम्बन्धित नीति बनाएर कायान्वयन गरि उत्थान सिल समाजको निर्माण गर्ने										
असर ४: वन तथा जैविक विविधता र प्राकृतिक स्रोतको संरक्षण र दिगो	रुख विरुवाले ढाकेको क्षेत्र	प्रतिशत	८०.००	८१	८१	८१	८१	८१	आर्थिक प्रतिवेदन • गाउँपालिका प्रोफाईल	वन सम्बन्धि कानुन नीति र कानुन तर्जुमा भई कार्यन्वयन गार्ने चुनौती संग, प्रदेश र गैरसरकारी
	सुरक्षित तथा संरक्षित चरण क्षेत्र	प्रतिशत	०.१६	०.१८	०.२१	०.२४	०.२८	०.३२		

उपयोगमा वृद्धि भएको हुनेछ	वनमा आधारित उद्धोग	संख्या	४०	71	72	72	75	78		क्षेत्रको लगानी वृद्धि हुनेछ
	सामुदायिक वन	संख्या	६६	७०	७०	७०	७०	७०		
प्रतिफल ४.१ जलाधार संरक्षण तथा भुमिको एकीकृत व्यवस्थापन र उचित सदुपयोग भएको हुनेछ	संरक्षित पानीमुहान	संख्या	34	५०	६०	७०	८०	९०		• गाउँपालिकाद्वारा संरक्षणतर्फ अग्रगामी प्रयासहरु गरिनेछ
	नदिनियन्त्रण लम्बाई	किमी	५	९	१५	१५	१८	२०		
	संरक्षित गल्छी र पहिरो	संख्या	२	६	७	८	८	९		

प्रतिफल ४.२ जलवायु अनुकुल पर्यवारनिय स्वच्छता अबिब्रिद्धि भएको हुनेछ	प्रयोग भएको फोहोरमैला व्यवस्थापन प्रणाली (ल्याण्डफिल साइट, सामुदायिक Dumping Site)	संख्या	०	१	१	१	१	१	• गाउँपालिका प्रोफाईल	• स्थानीयलाई जलवायु परिवर्तन बारे ज्ञान हुनेछ • गाउँपालिकाले कार्यान्वायन गरेका नियमहरु स्थानीयद्वारा गम्भिरतापुर्वक मानिनेछ
	कम्पोस्ट-बिन, गार्बेज पिट प्रयोग गर्ने परिवार	प्रतिशत	०	१२	१३	१५	१५	१६		
	परम्परागत दाउरा प्रयोग गर्ने घर धुरी	प्रतिशत	९७.७०	९०	८५	८०	७५	७०		
	स्थानीय विपद जोखिम न्यूनीकरण तथा	संख्या	0	०	०	१	१	१		

	जलवायु अनुकुल कार्ययोजना तर्जुमा									
प्रतिफल ४.३ विपदबाट हुने क्ष्यतिलाई न्यूनीकरण गरी उत्थानशील समाजको निर्माण भएको हुनेछ	अयोग्य स्थानमा रहेका बस्ति	संख्या	४	४	४	०	०	०	गाउँपालिका प्रोफाईल	स्थानीयले जोखिम पूर्वतयारीलाई गम्भीरता पुर्वक लिई सहभागीमूलक विकास हुनेछ
	तालिम प्राप्त स्वयंसेवक	संख्या	115	१५०	२५०	३००	३५०	३५०		

परिच्छेद ८ लोकतन्त्र, सुशासन र अन्तरसम्बन्धित विषय

८.१ मानव अधिकार

हालको अवस्था

संयुक्त राष्ट्र संघको स्थापना पछी मानव अधिकारको स स्थापना, सम्मान र प्रवर्धनमा अन्तराष्ट्रिय प्रयासको थालनी भएको हो। मानव अधिकारलाई शान्ति र विकासको मूल आधारमा रुपमा स्वीकार गर्दै संयुक्त राष्ट्र संघको महासभाले १० डिसेम्बर १९४८ मा मानव अधिकारको विश्वव्यापी घोषणापत्र जारि गरेपछि पहिलो पटक मानवको जन्मसिद्ध एवं नैशर्गिक अधिकारहरुलाई मानव अधिकारका रुपमा परिभाषित गरिएको थियो। राष्ट्र संघको वडापत्र र मानव अधिकारको विश्वव्यापी घोषणापत्रलाई आधार मानेर मानव अधिकारको विविध पक्षहरुलाई समेट्ने गरि मानव अधिकारको अधिकारसम्बन्धि विभिन्न अन्तराष्ट्रिय महासन्धिहरु जारि गर्दै आएका छन्। मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका विरुद्ध अनुसन्धान गरि पीडाकलाई कारबाही र पिडितलाई क्षतिपूर्ति दिन स्थानीय सरकारलाई सिफारिस गर्ने, सिमान्तकृत समुदायका लागि इन्टर्नसिप कार्यक्रम संचालन गर्ने, मानव अधिकार सम्बन्धमा अभिमुखीकरण तालिम संचालन गर्ने जस्ता कार्यक्रमहरु संचालन हुँदै आएका छन्।

प्रमुख समस्याहरु

समाजमा रहेको भेदभाव, छुवाछुत, लैंगिक सिमसा जस्ता सामाजिक विकृति, गाउँपालिकाको भौगोलिक संरचना, पूर्वाधार अवाम सेवा सुविधाको उपलब्धता ईत्यादी मानव अधिकारको प्रत्याभूतिका लागि परमुख समस्याको रुपमा रहेको पाईन्छ। मानव अधिकार सम्बन्धि न्युन चेतना विकास भएतापनि सेवाग्राही नागरिक अधिकारका बाहक हुन् भन्ने मानव अधिकार संस्कृतिको विकास हुन् नसक्नु, राजनीतिक, सामाजिक लगायतका मानव अधिकार सम्बन्धि आधारभूत ज्ञान, मूल्य मान्यता र संस्कारको पद्धति स्थापित हुन् नसक्नु, संरचनागत रुपमा रहेको सामाजिक विभेदलाई अन्त्य गर्न नसक्नु जस्ता प्रमुख समस्याको रुपमा रहेको देखिन्छ।

अवसर

नेपाल सरकारका क्षेत्रगत कार्यक्रमहरुमा मानव अधिकारलाई प्राथमिकतामा राखे, मानव अधिकारसम्बन्धी जनचेतना वृद्धि गर्न सकेमानव अधिकारको संरक्षण तथा सवार्धनका निम्ति अवासार प्रदान हुनसक्ने देखिन्छ। त्यसैगरी मानव अधिकारको संरक्षण तथा प्रवर्धनका लागि नेपालले जनाएका प्रतिवद्धताहरु र नेपालको संविधानमा व्यवस्था गरिएका नागरिकका विभिन्न मौलिक हकहरुले पनि अवसर प्रदान गरेको देखिन्छ।

सोच

सबै प्रकारका विभ्धरु अन्त्य गरि समावेशी र समतामुलक समाजको विकास

लक्ष्य

मानव अधिकार सम्बन्धि संस्थाहरुबीच समन्वय, सहकार्य र सहभागता बढाई मानव अधिकार संस्कृतिको विकास गर्ने।

उद्देश्य

मानव अधिकारप्रति गरिएका प्रतिवद्धताहरु व्यवाहारिक रुपमा सुनिश्चित गर्ने।

रणनीति तथा कार्यनीति

१. मानव अधिकार उल्लङ्घनका घटनाको अनुसन्धान तथा मानव अधिकार अवस्थाको अनुगमन गर्ने।

२. मानव अधिकारलाई विकासका मुद्दहरुसंग संरचनागत र कार्यात्मक रुपले जोड्ने।

८.२ श्रम तथा रोजगारी

हालको अवस्था

प्रत्येक नागरिकलाई रोजगारीको प्रत्याभूति गर्न संविधानमा रोजगारीको हकको व्यवस्था गरिएको छ। गाउँपालिका भित्र पर्याप्त रोजगारीको अवसर नभएको कारण ठुलो संख्यामा युवाहरु वैदेशिक रोजगारीमा जाने गरेको देखिन्छ। यहाँ सबैभन्दा बढी घरधुरीको मुख्य आय श्रोत कृषि तथा पशुपालन नै भएको देखिन्छ। त्यसैगरी दैनिक ज्यालादारी, वैदेशिक रोजगारी, व्यापार तथा व्यवसाय क्रमश आउने गरेको पाईन्छ। रोजगारको संवेदनशीलता मध्यनजर गरेर रोजगार नीतिको तर्जुमा अत्यावश्यक देखिन्छ। वेरोजगारको लागत संकलन, न्युनतम ज्यालाधार निर्धारण, निकृष्ट प्रकृतिका श्रममा संलग्न बालश्रमिकको उद्दार, रोजगारसम्बन्धी स्थानीय कार्ययोजनाको तर्जुमा गरिएको देखिन्छ जसको कार्यन्वयन अपरिहार्य देखिन्छ।

प्रमुख समस्याहरु

श्रमिप्रतिको सम्मानमा कमि हुनु, उद्यमशीलता पर्याप्त विकास हुन नसक्नु, श्रम, सिप र उत्पादनबीच सन्तुलन नहुनु, स्वरोजगारको प्रवर्धन हुन नसक्नु र उत्पादनशिल रोजगारीको सिर्जना पर्याप्त हुन नसक्नु, वैदेशिक रोजगारीबाट प्राप्त सिपको उचित सदुपयोग गरि रोजगारी सिर्जना गर्न नसक्नु , सीपयुक्त श्रमको माग र आपुर्तिबिचाको असंतुलानता न्यूनीकरण गर्न नसक्नु तथा रोजगारमैत्री लगानीलाई प्रोत्साहन गर्न नसक्नु जस्ता समस्याहरु रहेको देखिन्छ।

अवसरहरु

यस गाउँपालिकामा कृषि, पर्यटन, पूर्वाधार विकास जस्ता श्रम आवश्यक पर्ने क्षेत्रहरुको विकास हुँदै गरेको देखिन्छ। त्यसैगरी शिक्षित जनसंख्याको संख्या बढ्दै जानु, वैदेशिक रोजगारबाट फर्केकाहरुको सिप तथा ज्ञानले रोजगार सिर्जना गर्ने अवसर प्रदान गरेको छ। श्रम बजारमा पनि बढ्दै गरेको माग, स्वरोजगारीमा सिमित भएपनि आरम्भ भएको अवस्था लगायतले यस गाउँपालिकामा श्रम तथा रोजगारी क्षेत्रमा विस्तार तथा विकास गर्ने अवसर प्रदान गरेको देखिन्छ।

सोच

दक्ष, सीपयुक्त र उत्पादनमुलक मानव संसाधनको विकास गरि रोजगारीका अवसरहरु सृजना

लक्ष्य

गाउँपालिका भित्र कृषि उद्योग विकास गरि वार्षिक ५ सय रोजगारी सिर्जना गर्ने।

उद्देश्य

- रोजगारीका अवसरहरु सिर्जना गरि रोजगारीको हक सुनिश्चित गर्न बेरोजगारी तथा अर्धबेरोजगारी न्यूनीकरण गरिनेछ।
- सिप तथा तालिमहरुको व्यवस्था गरि प्रतिस्पर्धा गर्न सक्ने श्रमशक्तिको विकास हुनेछ।
- रोजगारीमा सुरक्षा, मर्यादा, व्यवस्थापन कायम गरिनेछ।

रणनीति तथा कार्यनीति

रणनीति	कार्यनीति
१. गाउँपालिकामा मर्यादित र पर्याप्त रोजगारी एवं स्व-रोजगारी विकास गर्न लगानीमैत्री वातावरण बनाउने।	• रोजगारसम्बन्धि माग र आपूर्तिबीच सन्तुलन ल्याउन आवश्यक कार्यन्वयन गर्ने। • श्रमप्रधान उत्पादन क्षेत्रको विस्तार र प्रविधिको उपयोगबाट रोगारी बढाउने।
१. सिप तथा व्यावसायिक तालिमका अवसरहरु विकास र विस्तार गर्दै स्थानीय	• सिप प्रदायक तालिम केन्द्रहरु स्थापना गरि साझास्थलमा सिप विकास तालिम प्रदान गरि वडास्तरीय तालिम केन्द्रको स्थापना गर्ने।

स्तरमा प्रतिस्पर्धा गर्न सक्ने जनशक्ति उत्पादन गर्ने।	• महिला लक्षित वैदेशिक रोजगारीमा जान सिप र सुचना उपलब्ध गराई आवश्यक तालिम कार्यक्रम गर्ने। • सीपयुक्त जनशक्तिलाई तालिमपछी रोजगारी विकासमा आवश्यक उद्यमशिलता विकास, वस्तुगत सहायता, वित्तीय सहायता, उत्पादनको गुणस्तर परिक्षण र सहज बजार पहुँच विकास गर्ने।
१. श्रमिकको हक तथा अधिकारको संरक्षण तथा अस श्रम सम्बन्ध स्थापना गर्ने।	• रोजगारीमा महिलाको सुरक्षा सुनिश्चित गर्न प्रणाली व्यवस्था गर्ने। • आवश्यक अनुसन्धान गरि वैज्ञानिक मापदण्डका आधारमा विभिन्न क्षेत्रका कामदारको न्युनतम पारिश्रामिक निर्धारण गर्ने।
५. .रोजगारीलाई सुरक्षित, मर्यादित, भरपर्दो, र प्रतिफलयुक्त बनाई प्राप्त पुँजीलाई उत्पादनमुलक क्षेत्रमा लगानी गर्ने।	• विभिन्न क्षेत्रमा रहेका अनौपचारिक मजदुरहरुको पहिचान गरि औपचारिकरण गर्ने। • बाल श्रमसम्बन्धी नीति, कानुन र कार्यक्रमका विकास तथा कार्यन्वयन वृद्धि गर्ने। • बाह्य श्रोता तथा साधनलाई औपचारिक माध्यमबाट गाउँपालिका भित्र्याउन सहज गरि उत्पादनशीलतामा लगानी गर्ने नीति अवलम्बन गर्ने।

८.३ प्राकृतिक स्रोत व्यवस्थापन

हालको अवस्था

यस गाउँपालिकामा अधुवा, घागरा र विरिंग नदि मुख्य जलश्रोत रहेको पाईन्छ। वर्षेनी वर्षामा यस पालिकाको विभिन्न वडाहरुमा नदीले कटान गरेको हुन्छ।। यस गाउँपालिकाको सबल पक्ष भनेको वर्षेनी पानी बग्ने खोला हुनु रहेको पाईन्छ। तर भएका नदीको श्रोत सदुपयोग नगरी जमिनकै पानीमा मात्र भर पर्ने अवस्थाले कमजोरी झल्काउँछ। रहेका ३ खोलाबाट नै गरेर पानीको दिगो श्रोत लागि अन्त्य गर्न सकिने अवसर देखिन्छ। तर त्यसका लागि लागत खर्च गर्नु भन्दा boring कै पानीमा मात्र सरल तरिकाले भर पर्ने भएको कारण चुनौती उत्पन्न हुने देखिन्छ।

यस गाउँपालिकामा केहि भू-भाग वन रहेको देखिन्छ। केहि वडाहरुमा सामुदायिक वनहरू रहेको देखिन्छ। तर सो वनहरुको उचित व्यवस्थापन भएको छैन। यो गाउँपालिका वनमा पशु पन्छी पनि घनत्वको

हिसाबले उच्च रहेको पाईन्छ भने वनस्पति सम्पदा मिचिदै आएको र संरक्षण गर्न नसकिएको अवस्था छ। विभिन्न जैविक तथा वनस्पति सम्पदा फस्टाउन रहेका वनले अवसर दिएको भएपनि स्थानीयको वन सम्पदाको संरक्षणप्रति रहेको मानसिक्ता बदल्नु चुनौतीपूर्ण देखिन्छ। वर्षेनी हुने डढेलोको समस्याले नियमित विनास गर्दै गरेपनि न्यूनीकरण गर्न चुनौतिपूर्ण रहेको पाईन्छ।

सोच

प्राकृतिक श्रोतको व्यवस्थित प्रयोजन गर्ने र दिगो रुपमा संरक्षण गर्ने

लक्ष्य

वन तथा वनस्पति सम्पदा र जलश्रोतको संरक्षण गरि दिर्घकालिन उपभोग्यता सुनिश्चित गर्ने

उद्देश्य

- जलश्रोतको अधिकतम सदुपयोग गरि उपयोगमा वृद्धि गराउने
- जैविक विविधता संरक्षणको वृद्धि गर्ने
- वनको संचती तथा वन पैदावारको उत्पादनमा वृद्धि गराउने

रणनीति तथा कार्यनीति

रणनीति	कार्यनीति
१. पानीका मुहानहरुको क्षमता अनुसार उचित उपयोग गर्ने।	• सम्भावनाको अध्ययन गरि उचित तरिकाले जलश्रोतको सदुपयोग गर्ने।
२. वन संरक्षण र व्यवस्थापन सम्बन्धि राष्ट्रिय तथा प्रदेश नीति कार्यन्वयन गर्न सहयोग गर्ने	○ वन तथा जीवक विविधता सस्म्बंधी राष्ट्रिय तथा प्रदेश नीति बारे स्थानीय स्तरमा सचेतना अभिवृद्धि गरि कार्यन्वयनमा सहजीकरण गर्ने। ○ नीति कार्यन्वयनका लागि संघ तथा प्रदेश सरकारका सम्बन्धित निकाय र संरचनासँग समन्वय र सहकार्य गर्ने। ○ कार्वन व्यापारबाट गाउँपालिकालाई पुँजीगत लाभका लालागी प्रदेश तथा संघिय सरकारसँग समन्वय/पहल गर्ने। ○ वातावारनिया परिक्षण मुल्यांकन र सो सम्बन्धि सिफारिशलाई अनिवार्य कार्यन्वयन गर्ने।

३. वैज्ञानिक वन व्यवस्थापन प्रणाली अनुसार वन पैदावारको सातत उत्पादन वृद्धि गरि वन पैदावारको आपूर्ति सहज बनाउने र आम्दानीमा वृद्धि गर्ने	

८.४ मानव संशाधन विकास

गुणस्तरीय मानव संशाधनको विकासले कृषि तथा गैरकृषि क्षेत्रको उत्पादकत्व बढाउन, सरकारी क्षेत्रको कार्यकुशलता अभिवृद्धि गर्न तथा क्षेत्रीय एवं अन्तराष्ट्रिय श्रम बजारमा पहुँच पुर्याउन सहयोग पुग्छ। गाउँपालिकामा आर्थिक रुपमा सक्रिय जनसंख्याको हिस्सा करिब ७४.२२% रहेको पाईन्छ। मानव संसाधनको विकास र उचित उपयोग गर्नाका लागि विगतमा कुनै कार्यक्रमहरु संचालन नगरिएकाले अपेक्षित उपलब्धि हुन सकेको छैन। श्रम शक्तिमा वृद्धि भएअनुरुप स्थानीय स्तरमा रोजगारीका अवसरहरुमा वृद्धि नभएको कारण अधिकांश युवाहरु रोजगारिकानिमती विभिन्न मुलुकमा विदेशिने गरेको देखिन्छ। जाने कामदारहरु अधिकांश अदक्ष कामदार रहेको पाईन्छ। यस्ता युवाहरुलाई व्यवसायिक तथा प्राविधिक शिक्षा त अठा सिपमुलक तालिमको माध्यमबाट दक्ष तथा क्षमतावान जनशक्तिमा परिणत गरि गाउँपालिका, जिल्ला तथा राष्ट्रिय श्रम बजारमा प्रतिस्पर्धा गर्न सक्षम बनाउन सकिन्छ। गाउँपालिका स्तरीय रोजगारीको अवसरहरु स्थानीयले नै सदुपयोग गर्न नसकेको कारण उपयोग गर्न सकिने वातावरण सिर्जना गर्नु पर्ने देखिन्छ।

प्रमुख समस्या

यस गाउँपालिकामा विद्यमान जनशक्ति उत्पादनको अवस्था र भविष्यमा आवश्यक पर्ने विभिन्न क्षेत्रमा जनशक्तिको आकलन गर्ने प्रणाली विकास नभएको देखिन्छ। त्यसैगरी उत्पादित जनशक्ति तथा र श्रम बजारमा मागबिच तालमेल नहुनु, आन्तरिक श्रम बजारमा समेत स्थानीय तहबाट जनशक्ति परिचालन गर्न नसकेर अरु क्षेत्रको भर पर्नु, प्राविधिक शिक्षाको गुणस्तर नभएको कारण सिप विकासमा सिमित व्यक्तिको मात्र सहभागिता हुनु. शिक्षित तथा अशिक्षित दुवै प्रकारका युवा विदेशिनु जस्ता समस्या यथावत रहेको देखिन्छ। सिप, शिक्षा तथा आवश्यकताबीच तालमेल मिलाउन नसकेको कारण, प्राविधिक शिक्षा लिदै गरेका विद्यार्थी पनि बजार मागबारे अविग्य रहनु परेको समस्या देखिन्छ। तसर्थ आर्थिक विकासको मुख्य आधार ठानिएको मानव संसाधनको विकासलाई प्राथामिकरण गर्न नसक्नु प्रमुख समस्या देखिएको छ।

अवसर तथा चुनौती

यस गाउँपालिकाको जनसंख्याको उमेरगत संरचना अनुसार अश्रित जनसंख्याको अनुपात कम भएको र आर्थिक क्रियाकलापमा संग्लंग्न जनशक्तिको वृद्धिले श्रमबजारमा बढ्दै गरेको सीपयुक्त जनशक्तिको मागलाई स्थानीय रुपमा सम्बोधन गर्न सकिने अवसर उत्पन्न भएको देखिन्छ। त्यसैगरी आर्थिक विकासका क्रियाकलापहरु बढ्दै गएको र प्राविधिक तथा अन्य सिप प्रदान गर्ने संस्थाहरुको स्थापनाको क्रम बढ्दै

गएको कारणले गाउँपालिका भित्र गुणस्तरीय मानव संसाधनको विकास गर्ने र सोको उपयोग गर्ने अवसर रहेको देखिन्छ।

प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिम प्रदान गर्ने संस्थाहरु न्युन रहेका र भएका संस्थाबाट शिक्षित जनशक्तिको गुणस्तरमा पनि विश्वसनीयता कायम गर्न नसक्नुले चुनौती देखिएको छ। त्यसैगरी जीवन उपयोगिता लक्षित शिक्षाको कमि र अधिकांश युवाहरुलाई दक्ष बनाउन प्रोत्साहन तथा तालिम प्रदान गर्न चुनौतिपूर्ण रहेको द देखिन्छ।

सोच

मानव संसाधनको विकासमार्फत आर्थिक विकासमा वृद्धि।

लक्ष्य

यस गाउँपालिकाको मानव संसाधन सम्बन्धि लक्ष्य अर्थतन्त्रमा योगदान दिन सक्ने हिसाबले मानव संसाधनको विकास गर्ने राखिएको छ।

उद्देश्य

यस गाउँपालिकाको मानव संसाधनको निर्धारित दिर्घकालिन लक्ष्य र सोच प्राप्त गर्न उद्देश्य गाउँपालिकाको समग्र विकास गर्न स्थानीय श्रम बजारमा प्रतिस्पर्धा गर्न सक्ने सक्षम मानव संसाधनको विकास गर्नु लिईएको छ।

रणनीति, कार्यनीति तथा कार्यक्रम

यस गाउँपालिकाको जलवायु परिवर्तन अनुकुलन सम्बन्धि उल्लेखित सोच तथा दिर्घकालिन लक्ष्य प्राप्त गर्ने रणनीति, कार्यनीति तथा कार्यक्रम देहाय अनुसार हुनेछन्।

रणनीति	कार्यनीति	कार्यक्रम
१. गाउँपालिकालाई आन्तरिक रुपमा आवश्यक पर्ने दक्ष तथा अर्धदक्ष मानव संसाधनको विकास र उपयोगकोनिम्ति मानव संसाधन योजना तयार गर्ने।	• गाउँ विकासका लागि आवश्यक जनशक्ति विकास गरि व्यवस्थित उपयोग गर्न निजि क्षेत्र समेतको सहभागितामा एकीकृत मानव संसाधन विकास यौजना तयार गर्ने।	• मानव संसाधन व्यवस्थापन स्थानीय नीति तथा एकीकृत कार्ययोजना तयार।

२. वैज्ञानिक, प्राविधिक, व्यावसायिक तथा सिपमुलक तालिममा जोड दिने।	• उच्च वैज्ञानिक तथा प्राविधिक शिक्षाका अवसरहरु सृजना गरि श्रमबजारमा प्रतिस्पर्धा गर्नसक्ने गुणस्तरीय जनशक्ति तयार गर्ने। • लक्षित समुहको क्षमता विकासका लालागी छात्रवृत्ति लगायतका सुविधाहरु उपलब्ध गराउने।	• तालिम तथा सिप विकास सम्बन्धि कार्यक्रम संचालन गर्ने। • अनुभवको आदानप्रदान र असल व्यहोराको प्रयोग गर्ने।
३. मानव संसाधनको उपयोग गर्न सरकारी, सामुदायिक तथा निजि क्षेत्रबीच सहकार्य गर्ने।	• प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिम प्रदान गर्ने निजि संस्थाहरुलाई आफ्नो पूर्वाधार तथा जनशक्ति विकास गर्न प्रोत्साहित गर्ने। • उत्पादित जनशक्ति र श्रमबजारको मागलाई सन्तुलित बनाउने।	• मानव संसाधनको उत्पादन र विकाससम्बन्धि कार्यमा संलग्न सरकारी, गैरसरकारी, निजि र शैक्षीक संस्था तथा निकायहरुबीच समन्वय गर्ने।

८.५ संस्थागत विकासका मुख्य कार्यक्रमहरु

क्र.सं.	कार्यक्रम/आयोजना	कुल (५ वर्षे)
	संस्थागत विकास तथा सुशासन	०
७७	संस्थागत विकास तथा सुशासनका पुँजीगत कार्यक्रम	११०
७८	संस्थागत विकास तथा सुशासनका चालु कार्यक्रम	१६२

८.६ संस्थागत विकासको नतिजा खाका

संस्थागत विकास, सेवा प्रवाह सुशाशन र अन्य										
नतिजा शृंखला	सूचक		आधार बर्ष	लक्ष्य					पुस्टयाईका आधारहरु	जोखिम तथा पूर्वानुमान
	विवरण	इकाई	०८१/८२	०८२/८३	०८३/८४	०८४/८५	०८५/८६	०८६/८७		
प्रभाव ५: गाउँपालिकाको संरचना र मनाव संसाधन व्यवस्थित गरेर योजना तर्जुमालाई सुध्रिड गरी सुशाशन कायम गर्ने										
असर ५:गाउँपालिकाको कार्यसम्पादनको स्तर वृद्धि भएर सेवाग्राह सन्तुष्ट भई सुशासन कायम हुनेछ	गाउँपालिकामा क्रियाशील गैस.स. अ.गैस.स. विकास साझेदार	संख्या		१२	१५	१५	१८	१८	• समिक्षा र मुल्यांकन प्रतिवेदन • सर्वेक्षण प्रतिवेदन	• अन्तर सरकार समन्वय, सहकार्य र सहअस्तित्वमा अभिवृद्धि हुनेछ।
प्रतिफल ५.१ स्थानीय कानुन तर्जुमा भई पूर्ण रुपमा कार्यन्वयन भएको हुनेछ	गाउँपालिकाले स्वीकृत गरेका कानुन नीति, ऐन	संख्या	१०	१२	१४	१६	२०	२१	• समिक्षा र मुल्यांकन प्रतिवेदन • सर्वेक्षण प्रतिवेदन	• संघीय शासन प्रणालीको प्रभावकारिता वृद्धि हुनेछ। • स्थानीय सरकारको नीति,
	क्रियाशील नीतिगत समिति तथा संयन्त्र	संख्या	११	१२	१२	१३	१३	१४		

	भु-उपयोग नीति तयार भएको	संख्या	०	०	१	१	१	१		कानुन , योजना र निर्णय प्रक्रियामा जनताको सहयोग वृद्धि हुनेछ।
	राजस्व सुधार योजना तयार भएको	संख्या	०	०	१	१	१	१		
प्रतिफल ५.२ गाउँपालिका र सबै वडा कार्यालयहरुको संस्थागत क्षमता, मानव संसाधन र कार्यदक्षता अविवृद्धि भएको हुनेछ	गाउँपालिकामा कार्यरत मानव संसाधन	संख्या	१०२	११२	१२०	१३०	१३०	१३०	• समिक्षा र मुल्यांकन प्रतिवेदन • सर्वेक्षण प्रतिवेदन • नगरपालिका प्रोफाइल	• विकास बजेटमा वृद्धि हुनेछ। • गाउँपालिकाको सेवा प्रवाहप्रति स्थानीयको गुनासो तथा टिप्पणी आउनेछ।
	गाउँपालिका तथा वडा कार्यालय आफ्नै भवन	संख्या	९	९	९	९	१०	१०		
	सेवा केन्द्रहरु	संख्या	१०	१२	१४	१६	१८	२०		

परिच्छेद ९ योजना तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन

९.१ योजना तर्जुमा

- संघीय सरकार र प्रदेश सरकारले गर्ने योजना जनातामुलक बनाउनलाई स्थानीय सरकार मार्फत बाट जनतालाई सहभागी गराएको छ। त्यसकारण संघ र प्रदेशलाई जनतासंग जोड्न स्थानीयले पहिचान गरेको योजनालाई प्राथमिकता दिईनुपर्ने देखिन्छ।
- स्थानीयले कार्यन्वयन गर्न सक्ने स्थानीयले नै गर्ने
- स्थानीयले गर्न नसक्ने प्रदेशले
- प्रदेशले नसक्ने संघले
- कम्तिमा ३ बर्गको लगानी (समानीकरण, समपुरक, ससर्त) मा स्थानीयबाट छनोट भएको कार्यक्रम तथा आयोजनालाई प्राथमिकता दिने
- सह-अस्तित्व/सहकार्य/सम्मन्व्य

९.२ आयोजना बैङ्क

सन्तुलित आर्थिक तथा सामाजिक विकासको लागि आवश्यक लगानीका अवसर पहिचान गरी परिचालन गर्न र परिपकव रुपमा योजना पहिचान तथा छनोटका कार्यहरु गराउन आयोजना बैंकको स्थापना हुन् लागेको हो। विकासका तोकिएको लक्ष्यहरु गुणस्तरयुक्त तथा निर्दिष्ट समयभित्र हासील गर्न आयोजनाहरुको सही पहिचान र छनोट गर्ने प्रणालीको विकास गरि प्राथमिकता आधारमा आयोजना कार्यान्वयन गर्नु र गराउनु आजको आवश्यकता हो। कुनै निश्चित मापदण्ड विना आयोजनाको पहिचान तथा छनोट गर्ने र आवश्यक पुर्व तयारी विनानै कार्यान्वयनमा लैजाने गाउँपालिकाको वर्तमान परिपाटीले अधिकांश आयोजनाहरु समस्याग्रस्त छन्। यसबाट आयोजनाहरु तोकिएको समय र निर्धारित लागतमा सम्पन्न हुन सकेका छैनन्। परिणामस्वरूप हालका बर्षहरुमा सार्वजनिक वित्त व्यवस्थापनमा अनावश्यक तथा अत्यधिक चाप पर्न गएको छ। आयोजना बैंक गाउँपालिकासम्म विस्तार भएको अवस्थामा यसले वित्तीय अनुशासन कायम गर्न र लगानी थप अवसर जुटाउन एवं आयोजना कार्यान्वयनमा कुशलता हासिल गर्न महत्वपूर्ण योगदान गर्नेछ।

पालिकाले कार्यन्वयन गर्न आयोजना बैंक बाट नै छनोट गरिनु पर्नेछ। त्यसै गरी प्रदेश तथा संघको लगानीद्वारा कार्यन्वयन गरिने आयोजना पनि यसै आयोजनाबाट छनोट हुनु पर्दछ। आयोजना बैंकमा नभएका आयोजनाहरुलाई पहिले आयोजनाबैंक मा राखेर मात्र कार्यन्वयनमा लैजान सकिन्छ। कुनै योजनामा निजी

क्षेत्र, गैस.स. बाट लगानी सुनिस्चित गर्न सकिने अवस्था छ भने लगानी गर्ने वातावरण बनाउनलाई आयोजना बैंकमा भएका वा नभएमा थपेर कार्यन्वयनमा लैजान सकिन्छ।

वडा स्तरबाट संकलित योजनाहरु यसै प्रतिवेदनको अनुसूचीमा पेश गरिएको छ।

९.३ संस्थागत तथा कार्यान्वयन व्यवस्था

आवधिक योजनाले परिकल्पना गरेको लक्ष्य, उद्देश्य र नतिजा हासिल गर्न सम्भव हुन्छ। तसर्थ, पहिचान भएका नतिजाहरु हासिल गर्नलाई तोकिएको कार्यक्रम तथा परियोजनाहरुको सफल कार्यान्वयनका लागि आवश्यक जनशक्ति, भौतिक पूर्वाधार, मेसिनरी उपकरणहरु आदि उपलब्धहुन आवश्यक छ। यसका लागि खास गरि सेवा प्रदायक निकायहरु, स्थानीय तह, जिल्लास्तरीय विषयगत कार्यलयहरु तथा तिनको इलाका वा गाउँपालिका स्तरीय इकाईहरु नागरिक समाज, गैर सरकारी संस्था तथा निजी क्षेत्रको वर्तमान संस्थागत अवस्थाको विश्लेषण गरी सोहि अनुसार क्षमता विकासका कार्यक्रमहरु संचालन गर्न आवश्यक हुन्छ। संस्थागत विकाशका क्षेत्रमा देखिएको कमिकमजोरीहरुलाई समयमा नै सम्बोधन गर्न सकेमा उपलब्धि हासिल गर्न सहज हुनेहुँदा त्यसमा पर्याप्त पहल गर्नुपर्ने हुन्छ। यस सन्धर्भमा केही महत्वपूर्ण पक्षहरु निम्नानुसार उल्लेख गरिएका छन्।

स्थानीय तह

स्थानीय तह मार्फत प्रवाह हुने सेवाहरुलाई प्रभावकारी बनाउन निम्नानुसार गरिने छ।

- स्थानीय तहमा उपलब्ध साधनश्रोतलाई पारदर्शी रुपमा विनियोजन र खर्च व्यवस्था मिलाउने।
- प्रमुख प्रशासकीय अधिकृत र राजनीतिक दलका प्रतिनिधिहरुका विचमा नियमित छलफल, साझेदारी, र सहकार्य गर्ने वातावरण बनाउने
- राजनीतिक दल, गैसस, पत्रकार र नागरिक समाजका प्रतिनिधिहरुलाई औगमन कार्यमा सहभागी गराउने
- गाउँपालिकाको आन्तरिक श्रोत परिचालनमा जोड दिने
- गाउँपालिकाको आवश्यक जनशक्तिको व्यवस्थापन र परिचालन व्यवस्थित बनाउने
- निर्माण सम्बन्धि कार्यक्रमहरुको बिस्तृत डिजाइन गर्ने परिपाटिलाई कार्यान्वयनमा ल्याउने
- गाउँपालिकाको नीति निर्माण, निर्णय गर्नुपर्ने अति महत्वपूर्ण जिम्मेवारीको प्रभावकारी कार्यान्वयन का लागि योजना अधिकृतको अनिवार्य उपस्थितिको लागि पहल गर्ने
- समयमा अक्श्तियारी प्राप्तगरी विकास निर्माणका साथै संस्थागत विकासका विभिन्न कार्यक्रमहरु कार्यान्वयन गर्न सबै पक्षबाट पहल गर्ने

- गाउँपालिका संरचना संगठनलाई सुदृढ बनाउन क्षमता विकासका लागि आवश्यक तालिमको व्यवस्था गर्ने
- गाउँपालिकामा तथा वडाकार्यालयहरुमा उपलब्ध नेटवर्क कम्जोर भएका कारण इलेक्ट्रोनिक सेवा प्रवाह कार्य सरल हुन् नसकेको हुँदा इन्टरनेटको सेवा प्रभावकारी बनाउन पहल गर्ने
- सहभागितामुलक वार्षिक योजना प्रक्रियाको अनिवार्य अवलम्बन गर्ने तथा गराउने

विषयगत शाखा

आयोजना कार्यान्वयनमा लक्ष्य अनुरुप प्रगतिको लागि गाउँपालिका र बिषयगत शाखाबीच समन्वय, सूचना व्यवस्थापन र सूचना आदानप्रदान आदिको महत्वपूर्ण भूमिका रहेको हुन्छ। यस सम्बन्धमा निम्नानुसार व्यवस्थापन गरिनेछ।

- गाउँपालिका र बिषयगत शाखाहरु बीच सूचनाको आदानप्रदानमा प्रभावकारिता कायम गर्ने
- गाउँपालिका स्थित बिषयगत शाखाहरुमा दरबन्दी अनुरुप पदपूर्ति गर्न र बर्ष भरि गाउँमा बस्ने वातावरण सिर्जना गर्न पहल कदमी चल्ने
- स्वास्थ्य कार्यलयको ग्रामिण इलाकाहरुमा स्वास्थ्यकर्मीहरुको दरबन्दी अनुसार पदपूर्ति ज्यादै न्यून भएको सोको पूर्तिका लागि पहल गर्ने
- अधिकांस बिषयगत शाखाहरुको विनियोजित बजेट अपर्याप्त रहेको र समयमा बजेट निकासा नुहुने वर्तमान प्रवित्तिको अन्त्य गर्न राजनैतिक नेतृत्वले केन्द्र पहल गर्ने

गैर सरकारी संघ संस्था र निजी क्षेत्र

गाउँपालिकामा कार्यरत गैर सरकारी संघ संस्थाहरुको संख्या उल्लेखनीय छ। डाँगीवारी, राजगढ़, चकचकी आसपासको क्षेत्रहरुमा गैर सरकारी संस्थाका कार्यक्षेत्र रहेको छ। गैसस र स्थानीय निकायहरुको बीचमा सहकार्य गर्ने वातावरण सिर्जना गर्न निम्नअनुसार गरिनेछ।

- गाउँपालिकाको विकासका लागि गैसस र निजी क्षेत्रको क्षमता विकास गरी स्थानीय निकायहरु वीचमा सहकार्य गर्ने वातावरण सिर्जना गर्न निम्नानुसार गरिनेछ।
- स्थानीय तह, बिषयगत शाखा र गैसस वीचमा आवश्यक समन्वय, सहकार्य गरी कार्यक्रमहरुमा देखिएको दोहोरोपना न्यूनीकरण गर्ने
- गैसस कार्यक्रम तथा बजेटहरु पारदर्शिता गरि सहकार्यको वातावरण निर्माण गर्ने
- कार्यरत गाउँपालिकाका सबै वडा र बस्तीलाई समेट्ने गरी कार्यक्रम/क्रियाकालाप निर्धारण गर्न ध्यान दिने

९.४ तहगत सम्बन्ध तथा अन्तरसरकार समन्वय

नेपालको संविधानले संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको राज्य संरचना संघ, प्रदेश र स्थनीय तह हुने व्यवस्था गरेको छ। संवैधानिक व्यवस्था बमोजिम संघ, प्रदेश र स्थानीय तहले आ-आफ्नो अधिकार प्रयोग गर्दा एक अर्काको साझा चासो, सरोकार र राष्ट्रिय लक्ष्य एवं हितको बिषयलाइ समेत ध्यान दिई आफ्ना सामाजिक, आर्थिक एवं संस्कृतिक विकासका प्रयासहरु अघि बढाउनु परेको छ। यी तिन तहको सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयका सिद्धान्तका आधारमा हुने संबैधानिक व्यवस्था छ। तीन तहले संविधान प्रदत्त अधिकारको महत्तम प्रयोग मार्फत विकास र सुशासन प्रतिष्पर्धा तथा आवश्यकता अनुअस्र सहयोग र सहकार्य गरी अन्तरसरकार समन्वयलाइ मजबुत बनाउदै रास्ट्रिय विकासमा योगदान पुर्याउनु आजको आवश्यकता हो।

९.५ जोखिम व्यवस्थापन

योजनाको अपेक्षित लक्ष्य तथा उद्देश्य हासिल गर्न राजनीतिक स्थायित्व, राजितिक दलहरु बीच सहकार्य, नीतिगत स्थिरता, लगानीको अनुकुल वातावरण, आर्थिक स्थायित्व, विकास साझेदारको सहयोग, निकायगत कार्यदक्षता र कुशलता, अन्तरक्षेत्रगत अन्तरनिकायगत समन्वय र सहकार्य आवश्यक हुन्छ। त्यस्तै योजना निर्धारण गरे अनुरुप सार्वजनिक, निजी तहत सरकारी एवं गैरसरकारी क्षेत्रबाट सहयोग हुने अपेक्षा गरिएको छ। योजना अवधिमा सम्पन्न हुने प्राथमिकता प्राप्त आयोजना र कार्यक्रमले योजनाको कायान्वयन पक्षलाई निक्यौल गर्नेछ। तसर्थ योजना तर्जुमा गर्दा लिईएको मान्यता र पूर्वानुमान अनुरुप नियन्त्रणको दायराभित्र रहने अनुमान गरिएको छ।

बाह्य जोखिम

यस अन्तर्गत जिल्ला तथा राष्ट्रियव्यापी स्तरका आर्थिक, राजनीतिक र वातावरणका जोखिम रहेका छन्। छिमेकी गाउँपालिका र अन्य प्रमुख व्यापार, श्रम बजार र लगानी सम्बन्ध भएका गाउँपालिकाले अवलम्बन गर्ने आर्थिक एवं बित्तिय नीति तथा तिनीहरुको आर्थिक स्थिति, बजार तथा उत्पादन अवस्था, बजारमा आउन सक्ने असन्तुलन तथा आर्थिक संकट बातच गाउँपालिकाको विकासको क्षेत्रमा नकारात्मक प्रभाव पर्न सक्दछ। यसले निर्यात, आयात, कृषि, रोजगारी, पर्यटन आगमनमा असर पार्न सक्दछ। योजनाका समस्टिगत तथा बिषय क्षेत्रगत नीति तथा रणनीतिले यी पक्षलाइ समग्र रुपमा सम्बोधन गर्दै गाउँपालिकाको आर्थिक स्थितिलाइ सबल गर्ने अनुमान गरिएको छ। साथै जलवायु परिवर्तनवाट वातावरणमा पर्ने नकारात्मक असर, महामारी तथा अन्य विपद लगायतका कारणपनि योजनाले लिएका लक्ष्यहरु प्राप्तिमा नकारात्मक असार पर्ने जोखिम रहेका छन्।

आन्तरिक जोखिम

गाउँपालिकाको संस्थागत विकास र कार्यन्वयन क्षमताले विकास योजना, नीति तथा कार्यक्रमको कार्यन्वयनलाई प्रभावित पर्दछ। साथै, योजना अवधिमा तर्जुमाहुने वार्षिक र आवधिक योजनामा उल्लेख भएका लक्ष्य तथा रणनीतिको निरन्तरता दिनुपर्ने हुन्छ। योजनाका लक्ष्यहरु हासिल गर्न सो अनुरुप राजनीतिक नेतृत्व, कर्मचारीतन्त्र र नागरिकको दृष्टिकोण तथा मनोवृत्ति एवं संरचनात्मक व्यवस्थामा परिवर्तन हुनु आवश्यक छ। श्रोत साधनको विनियोजन एवं संचालनमा कुशलता कायम गर्दै कार्य पद्दति र कार्य संस्कृतिमा सुधार गर्न सकेमा जोखिम पक्षको व्यवस्थापन हुन सक्छ। गाउँपालिकालाई आत्मनिर्भर बनाउदै बित्तिय, मानवीय तथा भौतिक साधनको प्रभावकारी परिचालन हुन् नसकेमा उल्लेखित लक्ष्य हासिल नहुने जोखिम रहन्छ।

९.६ अनुगमन तथा मूल्याङ्कन

प्रभावकारी अनुगमन तथा मुल्यांकन प्रक्रियाबाट यस आवधिक योजनाको प्रभाव, असार, प्रतिफलको नतिजा मापन गरिने छ। यसै गरि प्रमुख कार्यक्रम तथा आयोजनाहरुको प्रक्रिया अनुगमन गरिनेछ। नतिजा मापन आवश्यकता अनुसार बाह्य बिज्ञबाट हुनेछ। कार्यक्रम तथा आयोजनाहरुको प्रक्रिया अनुगमन गरिनेछ। कार्यक्रम तथा आयोजनाको कार्यन्वयन प्रक्रिया अनुगमन गर्ने जिम्मेवारी गाउँकार्यपालिका र सुपरिवेक्षण तथा अनुगमन समितिको रहनेछ। यस अनुगमन तथा मुल्यांकन समितिको क्षमता विकासको तालिम गरिनु पर्छ। आवधिक योजनाको कार्यक्रम तथा मापन अनुगमन तथा मुल्यांकन सम्बन्धि बिस्तृत प्रक्रिया तथा जिम्मेवारी देहायअनुसार रहनेछ।

- गाउँ कार्यपालिका तथा बिषयगत समिति
- गाउँपालिकास्तरीय अनुगमन तथा सुपरिवेक्षण समिति
- जिल्ला समन्वय समिति
- बिषयगत शाखा उपशाखा, परियोजना संघ, संस्था
- नागरिक समज्ज, संघ संस्था तथा तेस्रो पक्ष

आवधिक तथा बार्षिक गाउँ विकास योजनाको अनुगमन तथा मुल्यांकन साधन तथा विधि देहाय अनुसार रहनेछ।

- स्थलगत अनुगमन
- कार्ययोजना (लक्ष्य)र प्रगतिविच तुलना तथा मापन
- नागरिक अनुगमन
- नतिजामा अनुगमन

- नतिजामा आधारित ढांचा अनुसार बार्षिक समिक्षा
- नातिजमुलक ढांचा अनुसार सहभागितामुलक मध्यावधि समिक्षा
- चौमासिक समिक्षा
- नतिजामुलक ढांचा अनुसार सहभागितामुलक अन्तिम समिक्षा (तेस्रो पक्ष बाट)

आवधिक तथा बार्षिक गाउँ विकास योजनाको अनुगमन तथा मुल्यांकनको प्रक्रिया देहाय अनुसार हुनु पर्नेछ।

के गर्ने?	कसले गर्ने?	कहिले गर्ने?	कसरि गर्ने?
कार्यक्रम वा प्रक्रिया अनुगमन	गाउँपालिका स्तरीय अनुगमन तथा सुपरिवेक्षण समिति वडा स्तरीय अनुगमन समिति, समुदाय तथा समुदायमा आधारित संस्थाहरु	पटके, मासिक, चौमासिक, र वार्षिक	स्थलगत अनुगमन चौमासिक कार्ययोजनाको लक्ष्य र प्रगति विवरणको तुलना
प्रतिफल मुल्यांकन	गाउँकार्यपालिका, अनुगमन तथा सुपरिवेक्षण समिति	चौमासिक, अर्ध वार्षिक, वार्षिक र मध्यावधि	स्थलगत अनुगमनवार्षिक कार्ययोजनाको लक्ष्य ट प्रगति विवरणको तुलना नतिजामुलक अनुगमन खाका अनुसार नतिजा मापन
असर तह मुल्यांकन	गाउँकार्यपालिका, अनुगमन तथा सुपरिवेक्षण समिति र तेस्रो पक्ष	वार्षिक मध्यावधि र अन्तिम वर्ष	सहभागितामुलक छलफल नतिजामुलक अनुगमन खाका अनुसार नतिजा मापन नमुना सर्वेक्षण बस्तुगत विअरण अध्ययन

प्रभाव तह मुल्यांकन	गाउँ कार्यपालिका, अनुगामं तथा सुपरिवेक्षण समिति, र तेस्रो पक्ष	मध्यावधि र अन्तिम बर्ष	सहभागितामुलक छलफल नतिजामुलक अनुगमन खाका अनुसार नतिजा मापन नमुना सर्वेक्षण बस्तुगत विअरण अध्ययन प्रगति प्रतिवेदन अध्ययन


९.७ बार्षिक समिक्षा


बार्षिक समिक्षालाई आवधिक योजनालाई आधार मानेर बार्षिक योजनाहरुको बार्षिक समिक्षा गर्ने र त्यसको प्रतिवेदन प्रदेश र संघलाई पठाउने कार्यले तिन तहको Cohesion राम्रो हुने देखिन्छ।

अनुसूचीहरू

अनुसूची १: आवधिक योजनाका विभिन्न चरणका कार्यक्रमका तस्विर तथा उपस्थितीहरु

वैशाख २६,२०८२ का दिन गाउँ स्तरिय अभिमुखीकरण कार्यक्रमको भेला







प्राथमिकीकरणका आधारहरु







Lee



आज मिति २०८० साल बैशाख महिनाको २६ गते का दिन महाभारत गाउँपालिका तथा नगरपालिकाका प्रमुख, प्रशासकीय अधिकृत श्री राम बहादुर तामाङ ज्यू को अध्यक्षतामा महाभारत गाउँपालिकाको आवधिक योजना तर्जुमा सम्बन्धी अभिमुखीकरण कार्यक्रम तपसिल बमोजिमका उपस्थितिहरुमा सम्पन्न करिएको ।

तपसिल :

1) श्री राम बहादुर तामाङ (प्र.प्र.अ.)
2) हिरण्य कुमार बुढाथोकी (उप-प्रमुख)
3) श्री विजय लामा (वडा अध्यक्ष)
4) श्री विजय श्रेष्ठ (वडा अध्यक्ष)
5) श्री खड्गबं. गौतम (वडा अध्यक्ष)
6) श्री टेक बं. आले (उप-वडा अध्यक्ष)
7) श्री विकुमाया गौतम (जी.प्रा.अ)
8) श्री सानु काजी (जी.सा.अ)
9) श्री इन्दिप पाण्डे (एकीकृत सेवा)
10)
11)
12) श्री हरि लिङ्देन (स्वा. सेवाजन)
13) श्री दिनेश बस्नेत (प्रशासन)
14) श्री रविन श्रेष्ठ (शेजगा (सेवाजन))
15) श्री जलराज शर्मा (प्रा.अ.)
16) श्री हेमन्त दमौपाले (आ.ले.प)
17) श्री खिम बं. डंगाली (प्रा.अ.)
18) श्री प्रकाश खड्का (प्रा.अ.)
19) श्री सरोज तुलाधर (ल.सा.अ.)
20) श्री सुदन चौधरी (आ.ल.अ)
21) श्री अरुन के.सी. (अ.ल.अ)
22) श्री भीम ढ. लिम्बु (ड.अ)
23) श्री सुवास दोर्जे शेर्पा (MIS-operator)
24) श्री तिलक प्रसाद दुंगेल (प्रा.स.)
25) श्री तुलसी आले (कार्यालय सहजकर्ता)
26) श्री चेतकुमार खड्का (ले.ज.वि.स.)



जेष्ठ ०३,२०८२ का दिन वडा स्तरीय भेला तथा योजना संकलन, वडा १







वडा नं. १

आज मिति २०८२/०२/०३ गतेको दिन महाभारत गाउपालिका वडा नं. १ का वडा अध्यक्ष श्री कान्छामान जिम्बा ज्यूको अध्यक्षतामा आवधिक योजना निर्माणका लागि वडा स्तरीय भेला गरि परामर्श कार्य तपशिल बमोजिमको उपस्थितिमा सम्पदीय बैठक सम्पन्न गरियो।

तपशिल

क्र.	नाम	पद	हस्ताक्षर
१	कान्छामान जिम्बा	वडा अध्यक्ष	
२	धन बहादुर दर्लामी	पार्श्वव्यक्तिगत्री वडा सदस्य	
३	सुविदार श्रेष्ठ	नेपाल प्रहरी पा.ड. सुचिव	
४	जित बहादुर योजन	वडा सदस्य	
५	तिल माया श्रेष्ठ	समाज सेवी	तिलमाया
६	भक्त माया श्रेष्ठ	"	
७	दुर्गामाया परियार	महिला वडा सदस्य	
८	हिरामणि श्रापामगर	समाज सेवी	
९	पंचलाल जिम्बा	सामाजसेवी	
१०	[illegible]	"	
११	[illegible]	समाज सेवी	
१२	प्र.स.नि. निरंजन सिंह	प्र.प्र.नि.	
१३	नायब किशोर राय यादव	प्र.घ.ह.	
१४	नैन ब.क. लुङ्गेली	वडा सदस्य	
१५	चन्द्र बहादुर दर्लामी मगर	शिक्षक	
१६	रंग बहादुर दर्लामी "	"	
१७	विकु माया श्रेष्ठ	वडा सदस्य	
१८	मोहन बहादुर वि.क.	समाज सेवी	मोहन

जेष्ठ ०७,२०८२ का दिन वडा स्तरीय भेला तथा योजना संकलन, वडा २





वडा नं. २

आज मिति २०८२।०२।०८ गतेका दिन महाभारत गाउँपालिका वडा नं. २ का वडाअध्यक्ष श्री पदम बहादुर मोल्तान ज्यूको अध्यक्षतामा आवधिक योजना निर्माणका लागि वडा स्तरीय भेला गरी परामर्श कार्य तपसिल बमोजिमको उपस्थितिमा सर्वपक्षीय बैठक सम्पन्न गरियो।


तपसिल

क.नं.	नाम	पद/संस्था	हस्ताक्षर
१.	पदम बहादुर मोल्तान	वडाअध्यक्ष	
२.	भिम बहादुर घले	पालिका सदस्य, प्र.के.	
३.	मोतिलाल भिम्बा	वडा सदस्य	
४.	तिलक बहादुर घलान	स्थानीय	
५.	डम्बर बहादुर बल	कम्प्युटर अपरेटर	
६.	अनिल खोज्याल	वडासचिव	
७.	लालु सिंह ठेकुर	स्वास्थ्य	
८.	दिर्जा माया वइवा	"	
९.	पञ्जोलाल श्लोन	स्थानीय	
१०.	बुद्धिलाल भिम्बा	वडा सदस्य	
११.	रञ्जिता मोल्तान	स्वास्थ्य	रञ्जिता

जेष्ठ ०५,२०८२ का दिन वडा स्तरीय भेला तथा योजना संकलन, वडा ३







वडा नं.३
आज मिति २०८२।०२।०२ गतेका दिन महाभारत गाउँपालिका वडा नं.३ का वडा अध्यक्ष श्री करसाङ लामा ज्यूको अध्यक्षतामा आवधिक योजना निर्माणका लागि वडा स्तरीय भेला गरी परामर्श कार्य तपसिल बमोजिमको उपस्थितिमा सर्वपक्षीय बैठक सम्पन्न गरियो ।

तपसिल

क्रम	नाम	पद/संस्था	हस्ताक्षर
१.	करसाङ लामा	वडाअध्यक्ष	
२.	अर्जुन थोङतान	स्थानीय	अर्जुन
३.	ज्ञानमान जिम्बा तमाङ	"	
४.	सुरेश प्यारी मगर	"	
५.	रविना लामा	कम्प्युटर अपरेटर	
६.	मुखिला अस्तानी	शिक्षक, सिद्धेश्वर मा.वि.	
७.	लोकेन्द्र मोक्तान लामा	स्थानीय	
८.	नन्द बहादुर राना	स्थानीय	
९.	माइली माया मोक्तान	स्थानीय	माइली
१०.	मान बहादुर लामा	"	

जेष्ठ ०६,२०८२ का दिन वडा स्तरीय भेला तथा योजना संकलन, वडा ४





वडा नं. ४

आज मिति २०८२/०२/०६ गतेका दिन महाभारत गाउँपालिका वडा नं. ४ का वडा अध्यक्ष श्री विशाल मोक्तान ज्यूको अध्यक्षतामा आवधिक योजना निर्माणका लागि वडा स्तरीय भेला गरी परामर्श कार्य तपसिल बमोजिमको उपस्थितिमा सर्वपक्षीय बैठक सम्पन्न गरियो ।

तपसिल

क.स.	नाम	पद/संस्था	हस्ताक्षर
१.	विशाल मोक्तान	वडा अध्यक्ष	
२.	दिपक राना		
३.	विनोद तुसिङ		
४.	प्रेम ब. तुसिङ		
५.	[illegible]		
६.	[illegible]		
७.	[illegible]		
८.	[illegible]		
९.	केशर बहादुर तुसिङ		
१०.	हरि बहादुर जगा		
११.	[illegible]		
१२.	सुरेश राना मगर		
१३.	लिलु बहादुर तुसिङ		
१४.	बाबुरा गोल्जन		
१५.	[illegible]		
१६.	ओम बहादुर आले		

जेष्ठ ०६,२०८२ का दिन वडा स्तरीय भेला तथा योजना संकलन, वडा ५





वडा नं. २

आज मिति २०८२/०२/०६ गतेका दिन महाभारत गाउपालिका वडा नं. २ का वडाअध्यक्ष श्री विजय राना मगर ज्यूको अध्यक्षतामा आवधिक योजना निर्माणका लागि वडा स्तरीय भेला गरी परामर्श कार्य तपसिल बमोजिमको उपस्थितिमा सर्वपक्षीय बैठक सम्पन्न गरियो ।

क्र.सं.	नाम	पद (संस्था)	हस्ताक्षर
१.	विजय राना मगर	वडाअध्यक्ष	
२.	सन्दकी माया तामाङ	म.व.ले.	
३.	विष्णुलाल थिङ	वडा.स.	
४.	रुप ब. लो	वडा स.	
५.	शान्ता पुन मगर	ई.म.प.	
६.	हित बहादुर मोक्तान		हितबहादुर
७.	हरी बहादुर थापाखान		
८.	दिपा खनाल	वडा सचिव	
९.	कामना छदा		कामना
१०.	निल कुमारी राना		निल
११	जी.बी.बहादुर मोक्तान		
१२.	भावना वि.क.		
१३.	शुभा माया वि.क.		शुभा
१४.	रुपा वि.क.		
१५.	~~सन्दकी माया तामाङ~~		
१६	विष्णु लाल थिङ		
१७	प्रेरणा लामा	प्र०अ	
१८	विद्यानाथ मोक्तान	शिक्षक	
१९	रत्न ब. पुलामी	कृषक	
२०	होममाया राना	"	
२१	रेखा ब. पुलामी मगर	कर्मचारी	

जेष्ठ ०४,२०८२ का दिन वडा स्तरीय भेला तथा योजना संकलन, वडा ६





वडा नं. ६

आज मिति २०८१/०२/०४ गतेको दिन महाभारत गाउँपालिका वडा नं. ६ को वडा अध्यक्ष श्री रमेश कुमार लुइँली ज्यूको अध्यक्षतामा आवधिक योजना निर्माणका सम्बन्धमा वडा स्तरीय भेला गरी परामर्श कार्य तपसिल बमोजिमको उपस्थितिमा सम्पन्न गरियो।

तपसिल

क्र.सं.	नाम	पद/संस्था	हस्ताक्षर
१	रमेश कुमार लुइँली	वडा अध्यक्ष	
२	मदन बहादुर थिङ	वडा सदस्य	
३	कुमार थिङ	,,	
४	सुमित्रा माझी	,,	
५	मनकुमारी विक	,,	
६	कर्ण बहादुर थिङ		
७	उपचन्द्र लामा		
८	प्रेम थिङ	(शिक्षक)	
९	निम कं पुन	प्र.अ. आजाद आ.वि	
१०	ध्याम कं तुडुगेली	शि.अ.सं	
११	विक्रम कुमार बस्नेत	विद्यालय अध्यक्ष	
१२	कुमार सिं थिलाम	अ.कर्म.(खाने) वडाकमिटी अं	
१३	गणेश कुमार (थलगाले)	महाभारत खाना उद्योग इ.प्र.सं	
१४	लाल बहादुर थापा	सामुदायिक वन उ.समू.अ	
१५	प्रेम कुमार आदाडली	,, ,, ,,	
१६	लाल हिरिजे लामे	श्री मनकाली मा.वि. शि.ले.प.	
१७	रामबली यादव	,, ,, ,, प्र.अ.	
१८	पुष्पनारायण अगालीलगा	[illegible]	
१९	दिलबहादुर तिमिल्सिना	वि.व्य.स. अध्यक्ष (आजाद आ.वि)	
२०	हिरा बहादुर रामामगर	प्र.अ. मौलेखर्क आ.वि. महाभारत	

जेष्ठ ०१,२०८२ का दिन वडा स्तरीय भेला तथा योजना संकलन, वडा ७





PAGE NO.
DATE २०८२।०३।०९

वार्ड नं : ६

आज मिति २०८२।०३।०९ गतेको दिन महाभारत गाउपालिका वडा नं: ६ का वडा अध्यक्ष श्री रुद्रका बहादुर श्रेष्ठ ज्यूको अध्यक्षतामा आवधिक योजना निर्माणका लागि वडा स्तरीय भेला गरि परामर्श कार्य तपशिल बमोजिमको उपस्थितिमा सर्वपक्षीय बैठक सम्पन्न गरियो।

तपशिल

	नाम	पद / संस्था	हस्ताक्षर
१.	रुद्रका बहादुर श्रेष्ठ	वडा अध्यक्ष	
२.	धर्म राज हमाल	वडा सचिव	
३.	संजय कुमार मधा	प्र.अ. श्री जनकल्याण आ.वि.	
४.	रामदिनेश राय	प्र.अ. श्री डाभुखोला मा.वि.	
५	किरण मान श्रेष्ठ		
६	कुल बहादुर लामा		
७.	मिलन लामा		
८	दिनेश कुमार आचार्य		
९	अभिषेक कुमार गोरखाली		
१०	दल बहादुर गौरिकला		
११	रोशन कुमार गौरमान		
१२	सुरेन्द्र पाख्रीन		
१३	जोगा बहादुर घलान		
१४	राज कुमार जिम्बा		
१५.	विष्णु हि स्याङ्ग-याज		
१६.	पुष्प गोलान	प्र.अ. जनपथी मा.वि.	
१७	प्रकाश विश्व	प्र.अ, महाभारत गा.प.	
१८	मनोज कुमार खाईी	पु.ई. महाभारत गा.प.	
१९.	जित बहादुर पाख्रीन	महाभारत ७.	

जेष्ठ ०२,२०८२ का दिन वडा स्तरीय भेला तथा योजना संकलन, वडा ८






वडा नं: ८


आज मिति 2078/02/02 गतेको दिन महाभारत गाउँपालिका वडा नं: ८ का वडा अध्यक्ष श्री ठेक बहादुर आले ज्यूको अध्यक्षतामा आवधिक योजना निर्माणका लागि वडा स्तरीय भेला गरि परामर्श कार्य तपशिल बमोजिमको उपस्थितिमा सर्वपक्षीय बैठक सम्पन्न गरियो।

तपशिल:

S.N	नाम	पद / संख्या	हस्ताक्षर
१.	ठेक बहादुर आले	वडा अध्यक्ष - ८	
२.	अम्बे अस्तानी मगर	समाजसेवी	
३.	विशाल रसौली	स्थानिय	
४	देवराज पुलामो मगर	"	
५	गोकुल कुमार दर्लामी	वडा सचिव	
६	ठगु माया थलान	जनप्रतिनिधि	
७.	दिनेश अस्तानी	सदस्य वडा	
८.	तुल ब० अस्तानी	वडा सदस्य	

अषाढ ६, २०८२ निर्देशक समितिको वैठक तथा पहिलो मस्यौदा पेश





श्री चक्र कुमार राई
श्री सुन्दर चौधरी
श्री रजित तुम्बाहाङ
श्री रजित लुङ्गेली
श्री महेश्वरा अधिकारी

प्रस्तावहरु

(१) महाभारत गाउँपालिकाको दीर्घकालीन एवं योजना सम्बन्धि छलफल

(२) महाभारत गाउँपालिकाको आवधिक योजनादेखि क्रियान्वित कार्यक्रम

(३) महाभारत गाउँपालिकाका आ.व. ०८१/८२ को मध्यकालिन खर्च संरचना (MTEF) बारेमा छलफल

निर्णयहरु


प्रस्ताव नं. १ माथि छलफल गर्दा वडाहरुबाट प्रस्तुत गरिएको स्थल गुरुयोजना लगायत सम्बन्धमा स्थलगत अध्ययन गरी तयार गर्ने तथा पारित गर्दै लगिने प्रक्रियाको सुरुवात पछि कार्यालयले गर्ने निर्णय गरियो।

प्रस्ताव नं. २ माथि छलफल गर्दा महाभारत गाउँपालिकाको आवधिक योजना कार्यान्वयनको लागि Spatial Periodic Plan लगायत गरी हालको अवस्था झल्किने छलफल गरियो।

प्रस्ताव नं. ३ माथि छलफल गर्दा महाभारत गाउँपालिकाको आ.व. ०८१/८२ को मध्यकालिन खर्च संरचना लगायतको कुरामा वडाहरुबाटबाट प्रस्तुत गरी छलफलबमोजिम तथा आवश्यक छलफल गर्ने आ.व. ०८१/८२ को बजेट तयारीमा Realistic तथा वस्तुगत आधारमा ceiling को Reference लिई लगायत गर्ने निर्णय गरियो।






महाभारत गाउँपालिकाको वस्तुस्थिति



अनुसूची २ दिगो विकास लक्ष्य २०३० :

नेपालका हरेक तहका सरकारहरले दिगो विकास लक्ष्य केन्द्रित योजनहरु तर्जुमा गर्नु पर्ने प्रावधान अनुरुप यस वैतेश्वर गाउँपालिकाले पनि आफ्ना योजनाहरुलाई दिगो किास लक्ष्यहरु सँग आन्तरिकिकरणमा विशेष जोड दिने छ ।

दिगो विकास लक्ष्यहरु यस प्रकार छन् :

दिगो विकासका लक्ष्य १: हरेक क्षेत्रमा रहेका सबै स्वरुपहरुको गरिबीको अन्त्य गर्ने । यस गाउँपालिकाका निम्न योजनाहरुबाट लक्ष्य १ को संबोधन हुनेछ ।

दिगो विकासका लक्ष्य २: भोकमरी अन्त्य गर्ने, खाद्य सुरक्षा र पोषण प्राप्त गर्ने र दिगो कृषि प्रवर्द्धन गर्ने ।

दिगो विकासका लक्ष्य ३: सबै उमेर समूहका व्यक्तिका लागि स्वस्थ जीवनको सुनिश्चतता गर्दै समृद्ध जीवनस्तर प्रदान गर्ने ।

दिगो विकासका लक्ष्य ४: समावेशी तथा समतामूलक गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने र सबैका लागि आजीवन सिकाईका अवसर प्रवर्द्धन गर्ने ।

दिगो विकासका लक्ष्य ५: लैङ्गिक समानता हासिल गर्ने तथा महिला, किशोरी तथा बालबालिकाहरुलाई सशक्त बनाउने ।

दिगो विकासका लक्ष्य ६: सबैका लागि सुरक्षित पानी तथा सरसफाईको उपलब्धताका साथै यसको दिगो व्यवस्थापन सुनिश्चित गर्ने ।

दिगो विकासका लक्ष्य ७: ब्यहोर्न सकिने, भरपर्दो, दिगो र आधुनिक उर्जामा सबैको पहुँच सुनिश्चित गर्ने ।

दिगो विकासका लक्ष्य ८: सबैका लागि स्थिर, समावेशी तथा दिगो आर्थिक वृद्धि, पूर्ण तथा उत्पादनशील रोजगारी र मर्यादित कामलाई प्रवर्द्धन गर्ने ।

दिगो विकासका लक्ष्य ९: उत्थानशील पूर्वाधारको निर्माण, समावेशी तथा दिगो औद्योगिकरणको प्रवर्द्धन र नवप्रवर्तनलाई प्ररित गर्ने ।

दिगो विकासका लक्ष्य १०: देश भित्र तथा देशहरुबीचको असमानता हटाउने ।

दिगो विकासका लक्ष्य ११: शहरहरु एबै मानव बस्तीहरुलाई समावेशी, सुरक्षित, उत्थानशील र दिगो बनाउने ।

दिगो विकासका लक्ष्य १२: दिगो उपभोग तथा उत्पादन प्रणली/ढाचाहरु सुनिश्चित गर्ने ।

दिगो विकासका लक्ष्य १३: जलवायु परिवर्तन तथा यसका प्रभावसँग जुध्न तत्काल कार्य अघि बढाउने ।

दिगो विकासका लक्ष्य १५: भूसतही, भूपरिधिस्तरीय, पारिस्थितिकीय प्रणालिको दिगो उपयोग, रक्षा र पुनरर्स्थापना गर्ने, वनको दिगोरुपमा व्यवस्थापन गर्ने, मरुभूमिकरण बिरुध्द लड्ने र जमीनको क्षयिकरण रोक्नुका साथै यसलाई उल्ट्याउँने तथा जैबिक विविधताको क्ष्यातिलाई रोक्ने ।

दिगो विकासका लक्ष्य १६: दिगो विकासका निम्ति शान्तिपूर्ण र समावेशी समाजको प्रवर्द्धन गर्ने, न्यायमा सबैको पहुँच प्रदान गर्ने र सबै तहमा प्रभावकारी, जवाफदेही र समावेशी संस्था निर्माण गर्ने ।

दिगो विकासका लक्ष्य १७: दिगो विकासका लागि कार्यान्वयनका साधनलाई सुदृढ गर्ने र अन्तराष्ट्रिय साझेदारीलाई पुनः जीवन्त तुल्याने ।

माथि भनिए अनुसार दिगो विकस लक्ष्यका कुन लक्ष्यहरुको अन्तर सम्बन्ध कुन योजना तथा आयोजना सँग छ भनि प्रत्येक नतिजा तथा सो सँग सम्बन्धित योजना गतिविधि सँग उल्लेख गरिएको छ ।

अनुसूची ३: सन्धर्भ सामग्रीहरु

- स्थानीय तहको आवधिक योजना तयारी निर्देशिका २०७५, राष्ट्रिय योजना आयोग
- १६ औं राष्ट्रिय आधिक योजना खाका, राष्ट्रिय योजना आयोग
- पूर्व योजना तर्जुमा गोष्ठी २०७७ चैत्र ४ गते तथा प्राप्त सूचनाहरु कोरोनाका कारण लकडाउँन भएकाले पालिकका जिम्मेवार व्यक्तिहरु सँग भच्युअल छलफल बाट प्रप्त सूचना
- ५ वर्षका लागि वडास्तरबाट तयार भएका योजना खाका
- नेपालको संविधान
- स्थानीय सरकार संचालन ऐन २०७४
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन २०७४
- विभिन्न नीतिहरु (भू उपयोग नीति २०७२, विकास सहायता नीति, कृषि, सिँचाई, वन तथा वातावरण सम्बन्धि नीतिहरु,
- सहभागी पार्टिहरुका घोषणा पत्रहरु

अनुसूची ४: गौरवको आयोजनाहरु

अनुसूची ५: वडाबाट संकलित आयोजनाहरु